# परिच्छेद - एक

## शोध परिचय

### १.१ विषय परिचय

लोक साहित्य आदिम अपठित मानवको आँसु, हाँसो, हर्ष, बिस्मातको साझा अभिव्यक्ति हो । लोकद्वारा रचना गरिएको त्यस्तो सामूहिक रचना जहाँ पुरै समुदाय छविको छाप हुन्छ, पुरै समुदायको स्वामित्व हुन्छ । प्रकृतिका स्वतः स्फूर्त भावनाले ओतप्रोत नैसर्गिक वरदानद्वारा सुशोभित देशको ढुङ्गा र माटोको सुगन्धले सदा पल्लवित भई झयाङगिरहने विधाको नाम हो लोक साहित्य, यसलाई प्रचलित परम्परामा जीवित लोक जीवन सामाजिक एवं सांस्कृतिक इतिहास भनिएको पाइन्छ ।

लोक साहित्यलाई विषय वस्तु र प्रस्तुतिका आधारमा हेर्दा लोकगीत, लोककथा, लोक नाटक, उखान टुक्का, गाँउखाने कथा र लोक कविता गरी विभाजन गरिएको छ । लोक गीत, लोक साहित्यको सबै भन्दा व्यापक र प्रिय अङ्ग हो । यसमा हरेक प्राणीको हाँसो र आँशु जीवन कला, अभाव, समस्या, वियोगलाई हार्दिकताका साथ प्रस्तुत गरिएको हुन्छ । लोक गीतभित्र प्रार्थना गीत संस्कार गीत पर्वगीत, श्रमगीत आदि गीतहरू समावेश गरिएको पाइन्छ । विभिन्न चाडपर्वको अवसरमा गाइने गीतलाई पर्वगीत भनिन्छ । विभिन्न चाडपर्व मध्ये हिन्दु नारीहरूको महान् चाड तिज पर्वमा गाइने गीतलाई तिज गीत भनिन्छ । तिज गीतमा नेपाली नारीका पीडा, रोदन, विलाप, उत्पीडन र आँसुको अभिव्यक्ति झल्किएका हुन्छन् । बाल विवाह, अनमेल विवाह, सासूको शासन, सामाजिक विधि र संस्कारले जन्माएको दुःख दर्द विरुद्धको नारी विद्रोह र सचेतनाका स्वरहरू यस गीतका मुख्य विषयबस्तुका रूपमा आएका हुन्छन् । गोरखा नगर पालिकामा प्रचलित तिज गीतहरूलाई हालसम्म अध्ययन अनुसन्धान नगरिएको हुँदा यस शोधको विषय वस्तुको रूपमा लिई विश्लेषण गरिएको छ ।

### १.२ समस्या कथन

नेपाली लोक साहित्य विधा भित्रको लोक गीत एउटा उर्वर विधाको रूपमा परिचित विधा हो । यस विधाको पर्व गीतमा पर्ने विविध गीतहरू मध्ये तिज गीत एक प्रमुख

गीत हो । गोरखा नगर पालिका ऐतिहासिक जिल्ला गोरखाको ऐतिहासिक नगरको रूपमा परिचित छ । यस नगर पालिका लोक साहित्यको विविध विधामा सम्पन्न नगर हो तापनि ती लुकेर रहेका विधाहरूको खोजी नगरिनु दुःखको विषय हो । महिलाहरूको महान चाड तिजमा महिलाहरूका दुःख, पीडा, आँसु, उत्पीडन र सुस्केराहरू तिज गीतको माध्यमबाट व्यक्त गरिएका हुन्छन् । तिनै गीतहरूलाई मूर्तरुप दिन र तिज पर्व र तिज गीतको ऐतिहासिक सम्बन्धलाई वचाई राख्न गोरखा जिल्लाको गोरखा नगर पालिका भित्र प्रचलित तिज गीतको वारेमा निम्नानुसारका समस्याहरूमा केन्द्रित रही अध्ययन गरिएको छः

क. तिज पर्व र तिज गीतको के सम्बन्ध छ, नखोजिनु ।

ख. गोरखा नगर पालिकामा प्रचलित तिज गीतहरूको हालसम्म अध्ययन र सङ्कलन नहुनु ।

ग. नगर पालिका भित्र प्रचलित जनजागरण मूलक गीतहरूको विश्लेषण नहुनु ।

## १.३. शोध कार्यको उद्देश्य

समस्या कथनमा उठाएका उपयुर्क्त समस्याहरूको समाधान खोज्नु नै यस शोध कार्यको मूल उद्देश्य हो र यो शोधकार्य निम्न लिखित उद्देश्यहरूको प्राप्तिमा केन्द्रित रहेको छः

क. तिज पर्व र तिज गीतको सम्बन्ध स्पष्ट पार्नु ।

ख. गोरखा नगर पालिकामा प्रचलित जनजागरणमूलक तिज गीतहरूको सङ्कलन गर्नु ।

ग. सङ्कलित तिज गीतलाई वर्गीकरण गरी लोकगीतका तत्वहरूका आधारमा विश्लेषण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

सृष्टिको उषाकाल देखि नै प्राणीहरूको उत्पति र विकासका साथै जब मानवजातिको विकास भयो उसले आफ्ना विचारहरूलाई सम्प्रेषण गर्ने माध्यम बनायो । त्यसै माध्यम अनुरूप लोक साहित्यको विकास हुँदै गयो । लोक साहित्यको पहिलो विधाको रूपमा लोक गीत देखा पर्न थाल्यो । लोक गीतभित्र विभिन्न पर्वहरूको अवसरमा गाइने पर्व गीतहरू गौरा, तिज, मालसिरी, देउसी, भैलो, फागु आदि जन्म हुँदै गयो । तीनै पर्व

गीतहरू लोक समाजमा प्रचलनमा आउन थाले । लोक साहित्यका पारखीहरूले लोक साहित्य कै सन्दर्भमा गरेको अध्ययनलाई सङक्षपमा प्रस्तुत गरिएको छ ।

क. चूडामणी वन्धुले **नेपाली लोक साहित्य** पुस्तकको अध्याय ८ मा नेपालीका विशेष गीतहरू अन्तरगत पर्वगीतहरू भन्ने शीर्षकमा तिज पर्व र तिज गीतहरूको उल्लेख गरेका छन् तापनि गोरखा जिल्लाको नगर पालिकामा प्रचलित तिज गीतको कुनै चर्चा भएको छैन.।

ख. माया भण्डारी - **तिजपर्व एक अध्ययन** त्रिभुवन विश्वविद्यालय नेपाली विभाग कीर्तिपुर स्नातकोत्तर तह, शोधपत्र (२०५५) मा तिज पर्वलाई नै अध्ययनको विषय वस्तु वनाएर तिज पर्वको महत्व, विकासक्रमदेखि आजसम्मको तिज गीतहरूको सङ्कलन वर्गीकरण र विश्लेषण गरी तिज पर्वको सन्दर्भमा महत्वपूर्ण कार्य गरेका छन् तापनि यसले कुनै क्षेत्र विशेषमा केन्द्रित रही अध्ययन नगरेको हुँदा यस गोरखा नगर पालिकाको अध्ययन हुन सकेको छैन ।

ग. झविन्द्र भहरा - **गुल्मी जिल्लाका पश्चिमोत्तर क्षेत्रका लोकगीतको अध्ययन** त्रिभुवन विश्वविद्यालय स्नातकोत्तर तह शोधपत्र (२०६०) मा अन्तरगत नेपाली साहित्यमा लोक साहित्यको संरक्षण एवं वर्गीकरण गर्ने सन्दर्भमा चर्चा गर्दै पर्व गीतहरूमध्ये तिज गीतहरूको अलिकति चर्चा गरेको पाइन्छ तर गोरखा नगर पालिकामा प्रचलित गतिको चर्चा पाइँदैन ।

घ. हरिकला सिंजाली - **गुल्मी जिल्ला क्षेत्र नं. २ मा प्रचलित तिज गीतहरूको अध्ययन तथा विश्लेषण** त्रिभुवन विश्वविद्यालय नेपाली विभाग कीर्तिपुर, स्नातकोत्तर तह शोधपत्र (२०६०) मा तिज गीतहरूको अध्ययन र विश्लेषण गरेको पाइन्छ तापनि यस गोरखा जिल्ला गोरखा नगर पालिकामा प्रचलित तिज गीतको अध्ययन र विश्लेषण हालसम्म भएको छैन ।

ङ. **विश्व सास्कृतिक ऐक्यवद्वताका लागि तिज** गोरखा पर्यटन विभाग, काठमाडौंले २०६२ सालदेखि प्रकाशन गर्दै आएको पाइन्छ तापनि गोरखा जिल्ला, गोरखा नगर पालिका क्षेत्रभित्र प्रचलित तिज गीतको बारेमा हालसम्म व्यवस्थित अध्ययन अनुसन्धान भएको पाइएको छैन ।

च. कृष्ण प्रसाद पराजुलीले **नेपाली लोकगीतको आलोक** भन्ने पुस्तकमा तिजपर्व र तिज गीतको बारेमा पृष्ठ १७४-१८४ सम्म उल्लेख गरेका छन् तापनि यसले गोरखा जिल्ला र गो.न.पा. क्षेत्रलाई समेट्न सकेको छैन ।

नेपाली हिन्दु महिलाहरूको महान् चाड तिजपर्वमा तिज गीतको माध्यमवाट आफ्ना मनका भावनाहरूलाई व्यक्तगर्ने प्रचलन परापूर्व कालदेखि चल्दै आएको पाइन्छ तापनि तिज गीतको बारेमा अध्ययन र अनुसन्धान व्यापक रूपमा हुन सकेको छैन । गोरखा जिल्ला गोरखा नगर पालिका क्षेत्रलाई आधार बनाएर तिज गीतको बारेमा शोधकार्य गरेको पाइएको छैन ।

## १.५ शोधकार्यको औचित्य र महत्व

लोक जीवनको पहिलो स्थानमा रहेको लोक गीतले मानव जीवनको छुट्टै अस्तित्व बोकेको छ । नेपाली लोकगीतको क्षेत्र फराकिलो रहेको हुँदा लोकगीत भित्रका विभिन्न पर्वगीतहरूलाई समेत अस्तित्वमा ल्याउनु पर्ने हामी सबैको दायित्व हो । तिज महिलाहरूको महान् पर्व हो । त्यसै पर्वको अवसर पारेर महिलाहरूले तिजको गीत गाउने हुँदा ती गीतहरूको संरक्षण गर्नु हाम्रो दायित्व नै हो । तिज पर्व र तिज गीतका बारेमा केही अध्ययन भएता पनि गोरखा नगर पालिका क्षेत्र भित्र प्रचलित तिज गीतहरूको हालसम्म अध्ययन र विश्लेषण हुन नसकेको हुँदा हिन्दु महिलाहरूको महान् चाड तिजको अस्तित्व बचाउन पनि हामीले तिज गीतको संरक्षण गर्दै जानु पर्ने देखिन्छ । त्यसैले गोरखा नगर पालिकामा प्रचलित तिज गीतहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण गरिएको छ । यस शोधपत्रले यस नगर पालिका भित्र प्रचलित तिज गीतका वारेमा जान्न चाहने सबै तह र तप्काका व्यक्तिहरूलाई खुराक प्रदान गर्न सहयोग पुग्नेछ ।

## १.६ शोधकार्यको सीमा

नेपाली लोक साहित्यको अध्ययनको सन्दर्भमा यसको सीमा व्यापक भए पनि यस शोध पत्रको शीर्षक अनुसार गोरखा नगर पालिकालाई केन्द्र विन्दु बनाएर जागरणमूलक तिज

गीतको सङ्कलन, वर्गीकरण र विश्लेषण गरिएको छ । यसको भौगोलिक सीमा गोरखाको गोरखा नगर पालिका र विषयगत सीमा तिज गीत तोकिएको छ ।

## १.७ शोधविधि

यस शोध कार्यमा सामग्री सङ्कलनका लागि क्षेत्रीय विधिलाई लिइएको छ । गोरखा जिल्ला गोरखा नगर पालिकाको विभिन्न स्थानहरूमा गई महिलाहरूसँग तिज पर्व र तिज गीतको बारेमा प्रत्यक्ष भेटी प्रश्नोत्तर गर्नुका साथै विभिन्न समूह र संस्थावाट आयोजित तिज प्रतियोगितावाट तिज गीत सङ्कलन गरी लोकगीतका तत्वका आधारमा विश्लेषण गरिएको छ । सङ्कलित सामग्रीको विश्लेषणका लागि वर्णनात्मक विधिलाई अँगालिएको छ ।

## १.८ शोध पत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई व्यवस्थित रूप दिन निम्न लिखित परिच्छेदहरूमा विभाजन गरिएको छ ।

परिच्छेद एक : शोध परिचय

परिच्छेद दुई : गोरखा नगर पालिका परिचय

परिच्छेद तीन : लोक गीतको सैद्धान्तिक परिचय र नेपाली लोक साहित्यको अध्ययन परम्परा

परिच्छेद चार : तिज पर्वको उत्पत्ति, विकास र तिज गीत

परिच्छेद पाँच : तिज गीतको सङ्कलन र विश्लेषण

परिच्छेद छ : निष्कर्ष

# परिच्छेद - दुई

## गोरखा नगर पालिकाको परिचय

### २.१ ऐतिहासिक पृष्ठभूमि

गोरखा जिल्ला नेपालको पचहत्तर जिल्ला मध्ये पश्चिमाञ्चल विकास क्षेत्रमा गण्डकी अञ्चलको एउटा जिल्ला हो । यो जिल्ला भौगोलिक हिसाबले मध्य पहाडी क्षेत्रदेखि उत्तरी भेगका हिमाली क्षेत्र सम्म पर्दछ । गोरखा जिल्लाको नामसँग धेरै जसो नेपालीहरू अपरिचित छैनौं । पृथ्वीनारायण शाहको जन्मथलोका रूपमा वीर गोरखालीहरूको वीर गाथा विश्वभरि नै फैलाउन समर्थ रहेको विशाल नेपालको एकीकरणको थालनीको उद्गम स्थलको रूपमा इतिहासमा चिनिने गोरखा जिल्ला ऐतिहासिक धार्मिक पुरातात्त्विक एवं पर्यटकीय दृष्टिकोणबाट अति नै महत्वपूर्ण स्थानका रूपमा रहेको छ । शाह वंशीय राजा द्रव्यशाहले वि.सं १६१६ गोरखा राज्यमा शाहवंशीय शासनको स्थापना गर्नपूर्व गोरखा राज्यमा घले, मगर आदि राजाहरूको शासन थियो । श्री ५ बडामहाराजाधिराज पृथ्वी नारायण शाहको शासन कालभन्दा अघिका राजाहरूमा राजा रामशाहको शासन काल विशेष उल्लेखनीय रहेको छ र यिनका पालामा सामाजिक रीतिस्थिति, न्याय निसाफ आदि कुराहरूमा सुधारात्मक कार्यहरू भए गरेको कारणले गर्दा नै "विद्या हराए काशी जानू न्याय नपाए गोरखा जानू" भन्ने लोकोक्ति प्रचलनमा आएको पाउँछौ ।[1] ऐतिहासिक जिल्ला गोरखाको नामकरण सम्बन्धमा धेरै किम्बदन्तिहरू रहेको पाइन्छ, जसमध्ये पृथ्वी नारायण शाहलाई गोरखानाथ बाट संरक्षित पालित र पोषित भएको हुँदा गोरखा कै नामवाट चर्चित भएको थियो र छ भन्न सकिन्छ ।[2] समुन्द्री सतहवाट २२८ देखि ८१६३ मिटर उचाइ रहेको यस पहाडी जिल्लामा उष्ण, समशीतोष्ण, शीतोष्ण र लेकाली हावापानी पाइन्छ ।[3] विभिन्न जातजातिको बाहुल्यता रहेको यस जिल्लामा बसोबास गर्ने नागरिकहरूले आ-आफ्नै संस्कृतिको संरक्षण गरेको

---

१. दीपक जोशी, ***गोरखा परिचय (स्मारिका),*** (गोरखा : गोरखा समाज केन्द्र, २०५७), पृष्ठ १० ।

२. सागर प्रसाद अधिकारी, ***मनकामना महिमा,*** (गोरखा : गोरखा प्रिन्टिङ प्रेस, २०५६), पृष्ठ १ ।

३. सूचना तथा सञ्चार अभिलेख केन्द्र, ***गोरखा जिल्ला पार्श्वचित्र,*** (गोरखा : गोरखा जिल्ला विकास समिति, २०६६), पृष्ठ २ ।

पाइन्छ । शिक्षा र स्वास्थ्यको क्षेत्रमा पनि राम्रै मानिएको यस जिल्लाका दक्ष जनशक्ति देशको जुनसुकै कुनामा पनि पाइन्छ । प्रजातन्त्रको स्थापना पश्चात् यस जिल्लालाई ३ वटा संसदीय क्षेत्र १३ वटा इलाका, ६६ गा.वि.स. र १ नगर पालिकामा विभाजन गरिएको छ ।[४] यसै जिल्लाको एक मात्र नगर पालिका गोरखा नगर पालिकाको संक्षिप्त परिचय निम्नानुसार प्रस्तुत गरिएको छ ।

पश्चिमाञ्चल विकास क्षेत्र अर्न्तगत पर्ने गण्डकी अञ्चल भित्र रहेको गोरखा जिल्लाका अवस्थित रहेको गोरखा नगर पालिका गठन वि.स २०५३ माघ १५ गते तत्कालीन गोरखकाली, रानिस्वारा र तारा नगर गा.वि.स लाई गाभी गरिएको हो । पूर्वमा फिनाम र बुङ्कोट गा.वि.स पश्चिममा मिरकोट र खोप्लाङ्ग गा.वि.स उत्तरमा नारेश्वर र छोप्राक गा.वि.स र दक्षिणमा ताक्लुङ र ब्रकाङ्ग गा.वि.स पर्दछ । नगर पालिकाको संक्षिप्त झलक, २०६१) जम्मा ११ वटा वडामा विभाजित रहेको गोरखा नगर पालिकाको क्षेत्रफल ५९.५५ वर्ग कि.मि रहेको छ । जिल्लाको कुल क्षेत्रफल ३६१० वर्ग कि.मि रहेको छ  जस अनुसार यस नगर पालिकाको जिल्लाको कुल  भू-भागको ४.४६ प्रतिशत ओगटेको छ । यो नगर विश्व सामु गोर्खाको परिचित गोर्खालीहरूको भूमि गोरखाले राष्ट्रिय इतिहासको पानामा एउटा महत्वपूर्ण स्थान ओगटेको छ । वर्तमान नेपालको एकीकरणको सूत्रपात् भएको यस जिल्लाका ऐतिहासिक धरोहरहरू मध्ये गोरखा दरवार, गोरखनाथ मन्दिर, कालिका मन्दिर, तल्लो दरवार, हनुमान ढोका, भीमसेन मन्दिर, रामशाह चौतारा, सरस्वती मन्दिर, सीता पाइला, विरिमकाली मन्दिर, महादेवस्थान , विष्णु पञ्चायत आदि यसै नगर पालिका भित्र रहेको छ समशीतोष्ण खालको हावापानी भएको यस नगर पालिकामा औसत तापक्रम न्यूनतम ८ डिग्री सेल्सीयस देखि ३० डिग्री सेल्शीयस सम्म रहेको पाइन्छ भने नगर पालिकाको औसत वर्षा १४९२ मिलिलिटर रहेको पाइन्छ । चैत्र महिनादेखि असोज प्रारम्भ सम्म केही गर्मी, असोज देखि  फागुन सम्म जाडो हुने गरेको पाइन्छ ।

४. जिल्ला विकास समिति, गोरखा, ***जिल्ला विकास नवौं योजना,*** (गोरखा : जिल्ला विकास समिति, २०६५), पृष्ठ ११ ।

गोरखा नगर पालिकामा बग्ने मुख्य नदी तथा खोलाहरूमा दरौदी, सिर्दी, लुदी, कर्णे र बेनी रहेका छन् । यी खोलाहरूका बहाव बर्षायाममा मात्र बढी हुने र अरू समयमा पानीको मात्रा कम हुने गरेको पाइन्छ । यी नदी तथा खोलाहरूले गोरखा नगर पालिका क्षेत्रमा सिंचई सुबिधा पुऱ्याउनका साथै जल प्रवाह गर्दछ । यस नगर पालिका क्षेत्रमा ऐतिहासिक, धार्मिक तथा पर्यटकीय स्थलहरू रहेका छन् । यस नगर क्षेत्रको संस्कृति र कला आदि पर्यटकका आकर्षण हुन् सक्दछन् भने पर्यटनका पूर्वाधारहरूको विकास तथा सम्वर्द्धन गर्न सकिएमा भविष्यमा पर्यटकबाट आम्दानी गर्न सकिने छ ।

## २.२ भौगोलिक तथा प्राकृतिक अवस्था

गोरखा जिल्ला एक पहाडी जिल्ला हो । यहाँ ६६ गा.वि.स. र १ नगर पालिका रहेको छ । तत्कालीन रानीश्वारा, तारा नगर र गोरख काली गा.वि.स.हरू मिलाएर वि.सं. २०५३ मा नगर पालिका स्थापना गरी पृथ्वी नारायण नगर पालिका नामकरण भयो । देशमा आएको राजनैतिक परिवर्तनको कारणले गर्दा वि.सं. २०६४/०८/२० मा पुनः नगर पालिकाको नाम परिवर्तन गराई गोरखा नगर पालिका भनी घोषणा गरियो । योगी गोरखनाथको नामबाट साथै गारखकाली मन्दिरको नामबाट यसको नाम पछि गोरखा नगर पालिका राखिएको हो । पूर्वमा फिनाम र बुङ्कोट गा.वि.स. पश्चिममा मिर्कोट र खोप्लाङ्ग गा.वि.स. उत्तरमा नारेश्वर र छोप्राक गा.वि.स दक्षिणमा घैरूङ, ताक्लुङ र बक्राङ गा.वि.स पर्दछन् ।

"भौगोलिक सिमानाभित्र थुप्रै प्राकृतिक विभिन्नताहरू यस नगर पालिकाभित्र पाइन्छन् । यहाँ समशीतोष्ण खालको हावापानी र अर्धउष्ण प्रकारका हावापानी पाइन्छ ।[५]

## २.३ सामाजिक र सांस्कृतिक परिचय

समाजको निर्माण बिभिन्न जात जातिहरू मिलेर बनेको हुन्छ । बिभिन्न जात जातिहरूको आ- आफ्नै सांस्कृति परम्परा हुन्छ । जस्तोसुकै परम्परा भए तापनि समाजमा बस्ने मानिसहरू एक आपसमा एकता भएर रहेका हुन्छन् । यस नगर

५. गोरखा नगर पालिका, ***नगरपालिकाको संक्षिप्त झलक***, (गोरखा : गोरखा नगर पालिका, २०६६), पृष्ठ २ ।

पालिकाको समाज पनि आफ्नै किसिमको छ । यहाँ बस्ने मानिसहरू परापूर्व कालदेखि नै आ-आफ्नो संस्कृतिलाई असाध्यै मान्ने गर्दछन् । यस नगर पालिकाको कुल जनसङ्ख्या जातीय आधारमा प्रतिशतमा निम्न अनुसार रहेको छ ।[६]

| | | | |
|---|---|---|---|
| १. मगर | १५ | ६. कुमाल | ६.८८ |
| २. क्षेत्री | १५.९ | ७. गुरूङ्ग | ४.६२ |
| ३. ब्राहमण | १२.६ | ८. कामी | ३.७४ |
| ४. नेवार | १४.१ | ९. अन्य | १५ |
| ५. सार्की | ११.३ | | |

यसै गरी यस नगर पालिकामा बसोबास गर्ने ८८.४१% मानिसहरू नेपाली भाषा बोल्दछन् भने बाँकी अन्य भाषा बोल्दछन् ।[७] गुरूङ ३.३५%, मगर २.८८%, तामाङ १.५६%) यस नगर पालिकाभित्र वसोवास गर्ने प्रमुख जाति मगर र क्षेत्री हुन् । यहाँका मानिसहरूले हिन्दु धर्म (८९.८९%) मान्दछन् । यसका अतिरिक्त बौद्ध धर्म ७.७७%, इस्लाम ०.०३%, क्रिष्टियन २.०३% धर्म मान्ने मानिसहरू पनि भेटिन्छन् तर यहाँका अधिकांश सम्पूर्ण बासिन्दाहरूमा हिन्दु संस्कार र परम्पराको गहिरो छाप परेको छ । हिन्दु धर्मग्रन्थमा प्रचलित स्रोद्ध संस्कार र कर्म काण्डहरूको पालना यहाँका मानिसहरूले गर्दछन् । यस नगर पालिका क्षेत्र भित्र मनाइने चाडपर्वहरूमा तिज, बडादशैं, तिहार, साउने सङ्क्रान्ती, माघेसङ्क्रान्ति, जनै पूर्णिमा, नाग पञ्चमी र एकादशी आदि पर्दछन् । विभिन्न चाडपर्वहरूमा स्थानीय मन्दिरहरू लगायत महत्वपूर्ण स्थलहरूमा मानिसहरू भेला भएर रमाइलो गर्ने गर्दछन् ।

यस नगर क्षेत्र भित्रका सांस्कृतिक लोक परम्पराहरू मध्येका प्रमुख चाडपर्वहरूमा पञ्चेवाजा तालको नाच, लाखेनाथ, भजन, रोपाइ नाच, रत्यौली नाच र घाटुनाच प्रमुख

६. गोरखा नगर पालिका, ***गोरखा नगर पालिकाको पार्श्वचित्र तथा गरिबी मापन प्रोफाइल,*** (गोरखा : गोखा नगर पालिका, २०६६), पृष्ठ १ ।

७. ऐजन, पृष्ठ ८४ ।

छन् । त्यस्तै गीतहरूमा भ्याउरे, असारे गीत, भदौरे वा तिज गीत, तिहारको भैलो र देउसी आदि प्रचलित छन् ।

विभिन्न समयमा मनोरञ्जनका बेला बजाइने बाजाहरूमा मादल, खैँजडी, पञ्चेबाजा प्रचलित छन् । यहाँका मानिसहरूले धान, मकै, कोदो, गँहुको रोटी, ढिडो, मकैको ढिडो र भात खाने गर्दछन् । गरिब परिवारका मानिसहरू कोदोको ढिडो बढी मात्रमा खाने गर्दछन् । यहाँका मानिसहरू कोही कृषिमा आधारित छन् । खेतीपाती गर्नु र पशुपालन यहाँको प्रमुख पेसा हो । सहरी क्षेत्रमा बाहेकका क्षेत्रका मानिसहरू पशुपालनमा भैसी, गाई, वाखा, गोरु र कुखुराहरू पाल्ने गर्दछन् । यस क्षेत्रमा पनि हाल आएर विदेश जाने प्रचलन अत्याधिक मात्रमा वढेको छ । आवतित संस्कृतिले यहाँका संस्कृति पनि सङ्कटमा पर्न थालेको पाइन्छ ।

## २.४ धार्मिक स्थलहरूको परिचय

गोरखा नगर पालिकाका मानिसहरू, धर्मकर्ममा विश्वास गर्दछन् । परापूर्वकाल देखि नै यस नगर पालिकामा बनेका मठ मन्दिरहरूको अवस्था राम्रो रहेको पाइन्छ । अन्य धर्म मान्ने मासिहरूले पनि हिन्दु धर्म संस्कारप्रति आदर गर्दछन् । यहाँका विभिन्न ठाँउहरूमा पहिलेदेखि नै मन्दिरहरू बनेका छन् र वर्तमान समयमा पनि मन्दिर, चौतरा निर्माण गर्ने, मर्मत गर्ने र धर्मप्रति नयाँ खालको चेतना जगाउने कार्य भइरहेको छ । नारदकुण्डबाट बग्ने पवित्र नदी दरौंदी यसै न.पा. क्षेत्रभित्र पर्दछ । नेपाल एकीकरणको सुरुवात् भएको गोरखा जिल्लाको ऐतिहासिक धरोहरहरूमध्ये गोरखा दरबार, गोरखनाथ मन्दिर, कालिका मन्दिर एवं तल्लो दरबार यसै नगर पालिका भित्र पर्दछन् । यसको साथसाथै बिरिमकाली मन्दिर, चौघेरा दरबार, राधाकृष्ण मन्दिर, गणेश मन्दिर, हनुमान ढोका, ठुलो आँगन, सामेश्वर मन्दिर, नामरूङ देवी विद्या मन्दिर, पश्चिम काली मन्दिर र सरस्वती मन्दिर शिवालय मन्दिरहरू तथा अन्य देवी देवताका मठ मन्दिर र धार्मिक स्थलहरूले प्रसिद्धि पाएका छन् ।[८] नेपाल एकीकरण पश्चात् पनि यहाँका धार्मिक

---

८. पृथ्वी नारायण नगर पालिका, ***पृथ्वीनारायण नगरपालिका एक चिनारी ,*** (गोरखा : पृथ्वी नारायण नगरपालिका, २०५४), पृष्ठ ४ ।

स्थलहरूको महत्वमा कुनै कमी आएको पाइँदैन । यी विभिन्न तीर्थस्थलहरूले यस नगर पालिकाको धार्मिक अवस्था बारेमा जान्ने प्रशस्त अबसर मिल्दछ

## २.५ शिक्षा र स्वास्थ्यको अवस्था

यस क्षेत्रको शैक्षिक अवस्थालाई हेर्दा शैक्षिक गतिविधि कहिले थालनी भयो भनेर सहजै भन्न सकिँदैन तापनि अनौपचारिक शैक्षिक गतिविधिको थालनी प्राचीन समयदेखि नै भएका तथ्यहरू फेला पार्न सकिन्छ। गोरखा जिल्लामा शिक्षा क्षेत्रमा स्तरीय शिक्षा प्राप्त गर्नेहरूको जिल्ला मध्ये एक हो । गोर्खाली दक्ष जनशक्ति प्रायः देशको जुनसुकै क्षेत्रमा पाइन्छन् । "२००७ साल प्रजातन्त्रको उदय भए पश्चात यस जिल्लामा विद्यालयहरू प्रशस्तै खोलिएका छन् जसको कारण शिक्षा क्षेत्रको हिसाबले गो.न.पा. अगाडि नै रहेको पाइन्छ। यहाँको साक्षरता ७३.१% रहेको छ" ।[९]

यस नगर पालिका भित्र विभिन्न सरकारी, निजी तथा सहकारी विद्यालयहरू सञ्चालनमा रही यस क्षेत्रका जनतालाई शिक्षा प्रदान गरि रहेका छन् । "नगर पालिका क्षेत्रभित्र प्रा.वि. १४, नि.मा.वि. १, मा.वि. ६ उच्च मा.वि. ६, प्राविधिक विद्यालय १, क्याम्पस २ गरी जम्मा ३० विद्यालयहरू सञ्चालनमा रहेका छन् ।[१०] शिक्षा क्षेत्रमा निजी क्षेत्र क्रियाशील छन् । शिक्षाको अनुपातमा स्वास्थ्य अवस्था भने त्यति राम्रो छैन तापनि यस नगर पालिका भित्र विभिन्न स्वास्थ्य संस्थाहरूले सेवा प्रदान गर्दै आएको पाइन्छ ।" यहाँ जिल्ला अस्पताल १, उपस्वास्थ्य चौकी २, मेडिकल पसल २६, आयुर्वेदिक कम्पनी १, लायन्स आँखा उपचार केन्द्र १, प्राविधिक शिक्षण केन्द्र २ रहेका छन् ।[११]

## २.६ यातायात तथा सञ्चारको अवस्था

गोरखा नगर पालिका राजधानी काठमाडौंवाट १४१ कि.मि. पश्चिममा पर्दछ । यँहा बिभिन्न क्षेत्रमा साना तथा ठुला यातयातका साधानले सेवा पुऱ्याइ रहेका छन् । नगर क्षेत्रका बासिन्दालाई सडकको अभिवृद्धि गर्नको लागि अन्य सडकहरू पनि आवश्यक छन् । बढ्दो बिकाससँग यातायातको विस्तार पनि भएको छ । "यस नगर पालिका क्षेत्रभित्रमा जम्मा १२९.२५ कि.मि. सडक निर्माण भएको छ । जसमध्ये २० कि.मि.

---

९. गोरखा नगर पालिका, ***गोरखा नगरपालिका घरधुरी सर्वेक्षण,*** (गोरखा : गोरखा नगर पालिका, २०६६), पृष्ठ १४ ।

१०. गोरखा नगर पालिका, ***नगर पालिकाको पार्श्वचित्र तथा गरिबी मापन प्रोफाइल*** , पूर्ववत्, पृष्ठ ८ ।

११. ऐजन, पृष्ठ ११ ।

कालोपत्रे, ४९.७५ कि.मि. ग्राभेल तथा ५९ कि.मि. कच्ची तथा ग्रामीण सडक रहेका छन् ।"

यस नगर पालिकाभित्र पक्की सडक उपयोग गर्ने मानिसहरू १५.७%, ग्राभेल ८९%, धुले तथा कच्ची बाटो ३१.४%, गोरेटो ४४% प्रयोग भएका छन् र यस गोरखा जिल्लाको अन्य क्षेत्रका तुलनामा नगर पालिका क्षेत्रभित्र बढी सञ्चारको बिकास भएको पाइन्छ । यसले नगर विकासमा महत्वपूर्ण विकास गरेको छ भने जिल्लाका अन्य गा.वि.स.हरूमा पनि सुविधा पुऱ्याएको छ । हुलाकको सुविधा भने त्यति प्रभावकारी देखिएको छैन । यस नगर क्षेत्रमा भएका सूचना र सञ्चारसँग सम्वन्धीत निकाय र क्षेत्रलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।[१२]

| | | | |
|---|---|---|---|
| टेलिफोन लाइन वितरण | १३७५ | पुस्तकालय | १ |
| मोवाइल | २५,००० | साइबर | ५ |
| कुरियर | २ | केबुल टि.भी संस्था | १ |
| पत्रिका | २ | एफ.एम. रेडियो | ३ |
| सिनेमा हल | २ | | |

यिनीहरूले सञ्चार र सूचनाको महत्वपूर्ण भूमिका निर्वाह गरेका छन्

## २.७ पेसा

यस नगर पालिकामा रहेका मानिसहरूको पेसाको आधारमा अध्ययन गर्दा सबै भन्दा बढी जनसंख्या कृषि तथा पशुपालनमा निर्भर रहेका छन् । यसको अवस्थालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

१२. गोरखा नगर पालिका, ***नगर पालिकाको पार्श्वचित्र तथा गरिबी मापन प्रोफाइल,*** पूर्ववत्, पृष्ठ ८ ।

**पेसाको आधारमा संलग्न जनसंङख्या**

| पेसा | जम्मा संख्या | प्रतिशत |
|---|---|---|
| कृषि पुरूष | २४७८ | १६.६ |
| कृषि महिला | ३७०९ | २४.८ |
| व्यापार पुरूष | ७०२ | ४.७ |
| व्यापार महिला | ७२१ | ४.८२ |
| नोकरी पुरूष | २१०९ | १४.१ |
| नोकरी महिला | ७२१ | ४.८२ |
| ज्यामी सिपयुक्त | २६१ | १.७५ |
| वैदेशिक रोजगार पुरूष | १०६२ | ७.११ |
| वैदेशिक रोजगार महिला | ९५ | ०.६४ |
| गृहिणी | ६५१ | ४.३७ |
| ज्यामी पुरूष | ५३ | ०.३५ |
| ज्यामी महिला | ३० | ०.२ |
| पशु पालन पुरूष | ५८ | ०.३९ |
| पशु पालन महिला | ९२ | ०.६२ |
| अन्य पेसा पुरूष | १११० | ७.४३ |
| अन्य महिला | १४६१ | |
| **जम्मा** | **१४,९४५** | **१००** |

## २.८ रोजगारको अवस्था

यस नगर पालिका भित्र रहेका परिवार सङ्ख्या मध्ये १७% जनङ्ख्या पूर्ण रूपमा बेरोजगार अवस्थामा रहेको देखिन्छ भने बाँकी ८०% जनसङ्ख्याले पनि सामान्य काममा नै समेटिएको देखिन्छ ।

## २.९ निष्कर्ष

गोरखा नगर पालिका गोरखा जिल्लाको सदरमुकाम क्षेत्र हो । यस नगर पालिका क्षेत्रमा स्वास्थ्य शिक्षा, सञ्चार, यातायात आदिको विकास क्रमिक रूपमा अगाडि बढि रहेको छ तापनि नगर पालिका क्षेत्रभित्र पनि कृषि व्यवसाय नै बढी रहेको पाइन्छ भने व्यापार व्यवसाय र नोकरीमा केही मात्रामा बृद्धि भएको देखिन्छ । जिल्लाका ऐतिहासिक धरोहरहरूमध्ये केही यस नगर पालिका भित्र पर्दछन् । यस नगर पालिकाले गोरखाको नामवाट ऐतिहासिक महत्व बोकेको पाइन्छ ।

# परिच्छेद - तीन

## लोकगीतको सैद्धान्तिक परिचय र नेपाली लोक साहित्यको अध्ययन परम्परा

### ३.१ लोक साहित्य

'लोक' शब्द अङ्ग्रेजीको 'फोक' (Folk) शब्दको समानार्थीको रूपमा रहेको देखिन्छ । लोक शब्द सामन्यतया संसार वा जगत् भन्ने अर्थ बोध गराउने भएता पनि लोक साहित्यसँगको यसको अर्थ स्पष्ट गर्दा यसले मानव समाजको ग्रामीण परिवेशमा परम्पराको प्रवाहमा जीवित रहने वर्गलाई बुझाउँछ।[१] यसरी हेर्दा 'लोक' शब्द संस्कृत हो । वैदिक अर्थ विशेष रूपमा बुझिन थालिएको छ । हाल आएर 'लोक' शब्द एउटा पारिभाषिक शब्द बनेको छ । अधिकांश विद्वान्हरू यसलाई साधारण जन समाजको अर्थमा लिन्छन्, जसभित्र जाती वर्ग, धर्म, संस्कृति आदिमा समेटिएको हुन्छ ।[२] लोक जीवनका आस्था, विश्वास, व्यवहार, चिन्तन र अनुभूतिहरूलाई कल्पनाको आवरण दिएर रोमाञ्चक तत्वहरूको मिश्रण गरी कलात्मक रूपमा प्रस्तुत गरिने मौखिक साहित्य लोक साहित्य हो ।[३] लोक साहित्यलाई ग्राम साहित्य, अशिष्ट साहित्य आदिको संज्ञा दिइएको पनि पाइन्छ । वास्तवमा लोक साहित्यको प्रचलन गाउँमा बढी हुन्छ । शिक्षित भन्दा अशिक्षित व्यक्तिको माझमा लोक साहित्य ले व्याप्ति पाएको छ । लोक साहित्यमा लोकतत्व प्रमुख रूपमा देखिन्छ भने शास्त्रीयता चाहिँ गौण भएर रहेको छ । लोक साहित्य भन्नाले समाजको मस्तिष्क अथवा प्राणस्वरूप मौखिक रूपले जीवित भइरहेको अलिखित वाङ्मय हो । यसलाई समाजले पुख्यौली साझा श्री सम्पतिको

---

१. ईश्वर वराल र अन्य (सम्प्रा.) ***नेपाली साहित्यकोश,*** (काठमाडौः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५५) पृष्ठ ४३१ ।

२. धर्मराज थापा, ***गण्डकीको सुरेली,*** (काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०३०), पृष्ठ १३ ।

३. मोतीलाल पराजुली र जीवेन्द्र देव गिरी, ***नेपाली लोक साहित्यको रूपरेखा,*** (ललितपुरः साझा प्रकाशन २०६८), पृष्ठ १ ।

रूपमा अङ्गीकार गरी राखेको हुन्छ ।[४] कुन बेला कसले सिर्जना गऱ्यो भन्ने कुरो यसमा हुँदैन । लोक साहित्य लोकको साहित्य अर्थात् लोकबाट आएको लोकको भावनामा फुरेको र लोकमै मौलिएको अभिव्यक्ति हो । यसमा लोक मानसका समस्त क्रिया प्रतिक्रिया गुञ्जन्छन् । लोकको आत्मजीवन वोल्छ।[५] यसरी लोक साहित्यमा जीवनका हाँसो-आँसु, हर्ष-विस्मात्, सुख-दुखको अभिव्यक्ति भएको हुन्छ ।

लोक साहित्यको इतिहासलाई भाषाको इतिहाससँग गास्न सकिन्छ । लोक साहित्य लोकको सहज र स्वच्छन्द अभिव्यक्ति हो । जुन लोकले सरल र स्वच्छन्द रूपले ग्रहण गर्दछ । लोकले सजिलै बुझ्न र अनुभव गर्न सक्ने भाषा र भावनामा निर्मित मानव मुटुको स्पन्दनवाट निस्केको मिठो र आकर्षणमय मौखिक साहित्य नै लोक साहित्य हो ।[६] त्यसैले भन्न सकिन्छ लोक साहित्य  लोकजीवनमा कहिल्यै नहराउने अजर-अमर साझा सम्पती हो । लोक साहित्य को अध्ययन गर्दै जाँदा जाति, समाज, संस्कृति र देशकै छवि यसमा झल्केको, देख्न सकिन्छ । यसरी लोक मानसको शाब्दिक अभिव्यक्ति र लोकानुभूतिको सरल वाणिगत अभिव्यक्ति भएको अनि अज्ञात् रचयिता, निरन्तर परिवर्तनशीलता, शास्त्रीय बन्धनबाट मुक्त रहेर लोक मर्यादामा आधारित मानव जीवनको हर्ष-बिस्मात्, हाँसो-आँशु, सुख-दुख, माया-प्रेम आदिको चित्रण भएको सहजानुभुतियुक्त मौखिक साहित्य नै लोक साहित्य हो ।

पूर्वीय र पाश्चात्य विद्वान्हरूले लोक साहित्यलाई विभिन्न कोणवाट चिनाउने काम गरेका छन् । तीमध्ये प्रमुख परिभाषाकारका परिभाषा निम्न छन :-

जीबेन्द्र देब गिरीले **लोक साहित्यको अबलोकन** (२०५७) मा उल्लेख गरे अनुसार “लोक साहित्यका निर्माता अज्ञात छन् र धर्तीका अनेकौं व्यक्तिहरूको लगानी यसमा सञ्चित

४. ईश्वर बराल र अन्य (सम्पा.), पूर्ववत्, पृष्ठ ४३१ ।

५. कृष्ण प्रसाद पराजुली “लोक साहित्य, परिभाषा र लोक साहित्य लाई छुट्याउने आधार”, ***कुञ्जिनी*** (वर्ष  ५, अङ्क ३, २०५४), पृष्ठ १०१ ।

६. धर्मराज थापा र हंसपुरे सुवेदी, ***नेपाली लोक साहित्यको विवेचना,*** (काठमाडौं : त्रि.वि. पाठ्यक्रम विकास केन्द्र, २०५७), पृ. ३ ।

छ । सामूहिक भावना र सरल अभिव्यक्तिले गर्दा व्यापक जनतालाई आफूतिर खिँच्न लोक साहित्य सक्षम छ । यसमा न औपचारिकताको झन्झन्ट छ न परिमार्जनको चक्कर छ, न पडित्यको क्लिष्टता नै सहजता, सजीवता र प्रबाहमयता लोक साहित्यका विशिष्ट गुण हुन् । "

मोहन राज शर्मा र खगेन्द्र लुइटेलले **लोकबार्ता बिज्ञान र लोक साहित्य** (२०६३) मा उल्लेख गरे अनुसार "लोक ज्ञान वा लोक भावनामा आधारित श्रृतिपरम्पराबाट लोक गीत, लोक ककिता, लोक गाथा, लोक कथा, लोक नाटक, गाँउखाने कथा, उखान टुक्का आदि बिधाका रूपमा व्यक्त हुन े मौखिक मौखिक, भाषिक संरचनालाई लोक साहित्य भनिन्छ । "

धर्मराज थापा र हंसपुरे सुवेदीले **लोक बार्ता बिज्ञार र लोक साहित्य** (२०६३) मा उल्लेख गरे  अनुसार "लोकले सजिलै वुझ्न र अनुभव गर्न सक्ने भाषा र भावना निर्मित मानव मुटुको स्पन्दनवाट निस्केको मिठो आकर्षणमय मौखिक साहित्य नै लोक साहित्य  हो" ।

बालकृष्ण पोखरेलले **नेपाली बृहत् शब्दकोश** (२०६७) उल्लेख गरे अनुसार "सर्वसाधारण जनताको कोमल मनोभावलाई व्यक्त गर्ने सरल भाव र सरल भाषा भएका विभिन्न चाडपर्व तथा मनोरञ्जनका समयमा प्रसङ्ग अनुकूल गाइने सुनाइने वा देखाइने लोक व्यवहारमा प्रचलित विभिन्न लोकगीत, लोकनृत्य आदिले युक्त साहित्य नै लोक साहित्य हो"

तुलसी दिबसले **नेपाली लोक साहित्यको रूपरेखा** (२०६८) मा उल्लेख गरे अनुसार "सही अर्थमा लोक साहित्य, लोक जीवन तथा संस्कृतिको प्रतिविम्व मात्र नभएर संवाहक पनि हो" ।

बासुदेव त्रिपाठीको अनुसार **नेपाली लोक साहित्यको रुपरेखा** (२०६८) मा "भावुक र कल्पनाशील व्यक्तिहरूको द्रवीभूत यथार्थ व्यञ्जना नै लोक साहित्यको पहिचान हो"

कालीभक्त पन्तको अनुसार "लोक साहित्य  त्यो हो जसका रङढङको व्याख्या र नियन्त्रण तथा बन्धन कुनै पुस्तकले नगरेको होस् र आफ्नापनका हास्य, व्यङग्य शव्द, वाक्य र उक्तिहरूले युक्त होस्" ।

उपर्युक्त विभिन्न विद्वान्हरूका परिभाषावाट निस्कर्ष रूपमा भन्नुपर्दा लोक साहित्यलाई यसरी चिनाउन सकिन्छ: लोकको चिन्तनमय अनुभव र अनुभूति प्रवाहमय शैलीमा अनादि कालदेखि व्यक्त हुँदै मौखिक परम्परा हुर्किएको लोकजीवनको सु:ख दु:ख आचार-विचार एवं व्यवहारको शिक्षाप्रद, मनोरञ्जनात्मक अभिव्यक्ति नै लोक साहित्य हो ।

## ३.२ लोक साहित्यको विशेषता

लोकभाषा मौखिक परम्परामा बिकसित हुने भएकोले यसको सम्बन्ध लोक जीवनको सहज उद्गारसँग हुन्छ । लोक जीवनका सु:ख-दु:खको अनुभूति लोक साहित्यका माध्यमबाट प्रकट हुने भएकाले यसको विशिष्ट प्रकारको महिमा छ । यसै प्रसङ्गमा लोक साहित्यको विशेषताहरू खोतल्न थाल्दा अनेकन विशेषताहरू पाउन सकिन्छ । यो लोक जीवनको ढुकढुकी हो । यसले एउटा गलाबाट अर्को गलामा सहज प्रवेश गर्दछ । यो जन मानसको प्रत्येक पलको हृदयको धड्कन हो । यसमा निश्चल आत्माको सच्चा अनुभूति व्यक्त भएको पाइन्छ । सामान्य जनगलाबाट निस्केको गद्यात्मक वा पद्यात्मक भावनाभूति नै लोक साहित्यको विषय वस्तु हुन्छ । लोक साहित्य नै लोक संस्कृतिको अङ्ग बनेको हुन्छ । लोक जीवनमा अँगालि आएको कुनै पनि प्रकारको आचरण वा विधि व्यवहार नै लोक संस्कृति भएकाले त्यसले लोक साहित्यलाई प्रत्यक्ष वा परोक्ष रूपमा प्रभाव पारेको हुन्छ । यो युगौ पुरानो भएकोले युग जीवनका विविध विशेषता पाइनु स्वभाविक हो । नेपालको भू-बनोट र सांस्कृति विविधताले गर्दा यहाँको कतिपय तथ्यहरू गर्भमा लुके होलान् तर यहाँ हामीले अनुभूत  गर्दै आएका मूलभूत विशेषताहरूलाई निम्न रूपमा केलाउनु सान्दर्भिक देखिन्छ :[७]

### क. मौखिक परम्परा

लोक साहित्य  निरक्षर जनसमुदायको भावनात्मक अभिव्यक्ति हो । यो मानव जातिको विचार विनिमय वा भावभिव्यक्तिको माध्यम भाषाले लिपि प्राप्त गर्नु पुर्वदेखि नै रचित र अभिव्यक्त गरिन थालेको हो । यसैले यो मौखिक र अलिखित हुन्छ । यो एक व्यक्तिका मुखबाट अर्को व्यक्तिका श्रवण यन्त्र र मुख विवर हुदै गाइँदै, सुनाइँदै र समय अनुसार

---

७. मोहनराज शर्मा र खगेन्द्र लुइटेल, ***लोकवार्ता विज्ञान र लोक साहित्य,*** (काठमाडौं: विद्यार्थी पुस्तक भण्डार, २०६३), पृष्ठ ७७ ।

परिवर्तन हुँदैजान्छ । त्यसैले लोक साहित्यको जीवन्त र वास्तविक रूप लोक परम्परा मै सुरक्षित र संरक्षित हुन्छ । यो परापूर्व कालदेखि नै एक मुखबाट अर्को मुख, एक ठाउँबाट अर्को ठाउँ हुँदै विकसित र परिवर्तित हुँदै आएको हुन्छ ।

**ख. कल्पनाको प्रबलता**

साधारणतया लोक साहित्यमा यर्थाथताभन्दा कल्पनाको प्राधान्य रहेको हुन्छ । यो शास्त्रीय नियमका सीमाभित्र रहेर औचित्य अनौचित्यदिलाई ध्यान दिई लेखिने साहित्य नभई सरल र सिधासादा निरक्षर जनसमुदायको सरल, सहज र स्वाभाविक अभिव्यक्ति भएकाले बन्धन रहित अवौद्धिक सहज हार्दिक उस्शृङखल हुन्छ जेहोस् कृत्रिम बौद्धिकतको रूखोपन रहित भावना र कल्पनाका धनी सर्वसाधारण मानवका भावना र कल्पनाका प्रबलता लोक साहित्यका सबैजसो विधा उपविधा पाइन्छ । केही अतिशयोक्ति र तिलस्मीपन देखिए पनि ती सहज रूपमा कल्पनाका उत्पादन हुन्छन् ।

**ग. सामाजिक भावना**

लोक साहित्य लोक जीवनका भावना र कल्पनाको अभिव्यक्ति हो । ती भावना र कल्पना लोक अर्थात् समाजकै कुनै व्यक्ति वा समूहका भावना र कल्पना हुन्छन् । लोक साहित्य समाजको साझा सम्पत्ति भए पनि त्यसको रचनाकार कुनै एक सामाजिक प्राणी हुन्छ । समाजमा बस्ने कुनै पनि व्यक्ति र उसका अनुभव र अनुभूतिबाट त्यस्तो भावना कल्पना असम्भव रहन सक्दैनन् । लोक साहित्यमा सामाजिक भूगोल, जनजीवन, रहनसहन, संस्कृति, परम्परा समाजको सामाजिक यथार्थ र यथार्थजन्य भावनाहरू अभिव्यक्त भएका हुन्छन् ।

**घ. मनोरञ्जनात्मकता**

भावभिव्यक्ति स्वयंमा एक प्रकारको सुख वा मनोरञ्जन हो । यो प्रवृति प्रत्येक व्यक्ति, जाति र समाजमा रहेको हुन्छ । फरक यति हो कसैले त्यसलाई मौखिक रूपमा व्यक्त गर्छ, कसैले लिखित र बैग्लै प्रक्रियाका माध्यमबाट त्यसमा पनि लोकजीवनमा थाकेको बेलामा अथवा हर्षोल्लास, चाडपर्व, कुनै संस्कार कर्म आदिका अवसरमा मनोरञ्जन गर्ने प्रवृति आदिकालदेखि चल्दै आएको छ । त्यसैले लोक साहित्य को महत्वपूर्ण विशेषता मनोरञ्जन हो ।

**ङ. सरलता तथा सरसता**

लोक साहित्य  अपठित स्रष्टाको सरल, सहज र स्वाभाविक अभिव्यक्ति हो । यो शास्त्र सम्मत तुल्याएर रचिएका लिखित साहित्यजस्तो क्लिष्ट, जटिल र दुर्बोध्य हुँदैन । निरक्षर लोक स्रष्टाद्वारा सरल, सहज जनसाधारणका सरल र स्वाभाविक जीवनको अभिव्यक्ति हुने भएकाले सरलता यसको विशेषता हो । सरल भैकन पनि सरसता तथा पाठकलाई चरम आनन्द र सन्तुष्टि प्रदान गर्नु यसको अर्को विशेषता हो । झर्रा र कोमल शब्द, सरल र स्वाभाविक शब्दविन्यास एवम् वाक्य गठनले गर्दा यो सबैभन्दा बढी लोकप्रिय बनेको हुन्छ ।

**च. सामूहिकता**

लोक साहित्य कुनै पनि व्यक्ति विशेषको पेवा नभएर सिङ्गो लोक जीवन अर्थात् समाजको साझा सम्पत्ति मानिन्छ । यसमा मेरोपन नभएर हाम्रोपनको सामूहिकता बढी पाइन्छ । कुनै एउटा व्यक्तिले म यो लोकगीत वा कथा रचना गर्छु वा मैले रचना गरेको हुँ । यो मेरो पेवा हो भन्ने दाबी गर्ने चलन लोक साहित्यमा छैन, किनभने लोक साहित्यको परम्परा लिखित नभई मौखिक भएकोले यो मौखिक रूपमै एक व्यक्तिबाट अर्को व्यक्ति, एक ठाउँवाट अर्को ठाउँ र एक पुस्ताबाट अर्को पुस्तामा सर्दै जान्छ ।

**छ. परिवर्तनशीलता**

लोक साहित्य कुनै एक व्यक्तिद्वारा रचिने भए पनि यो लिखित भई स्थिर नहुने र सट्टामा मौखिक रूपमा यो एक व्यक्तिबाट अर्को व्यक्ति, एक ठाउँबाट अर्को ठाउँ, एक पुस्ताबाट अर्को पुस्ता सर्दे जाने हुँदा व्यक्ति, स्थान र समयअनुसार लोक साहित्यमा परिवर्तन हुँदै जान्छ । यही समय सापेक्ष परिवर्तनशीलताको गुणले यो लोकप्रिय हुन्छ । अतः परिवर्तनशीलता लोक साहित्यको एउटा विशेषता हो ।

**ज. राष्ट्रियता र राष्ट्रिय अखण्डाताको संरक्षण**

लोक साहित्य को एउटा विशेषता राष्ट्र राष्ट्रियता तथा त्यसको अखण्डताको भावना हुनु पनि हो किनभने यसमा म नभएर हामीको सामुयिकता आँउछ , नेपाली राष्ट्रियतालाई, नेपालीपनलाई नेपाली भेसभुषा र संस्कृतिलाई संरक्षण दिने र राष्ट्रिय एकतालाई परिपुष्टि दिने श्रेय नेपाली लोक साहित्यलाई छ ।

**झ. श्रुतिपरम्परा**

अनादिकालदेखि नै श्रुति परम्परामा हुर्कनु लोक साहित्यको महत्वपूर्ण विशेषता हो । लेख्य रूपको आरम्भ नभएको चरणमा लोक साहित्य श्रुतिपरम्परामा विकसित भएको हो । त्यसैले लोक साहित्यलाई आदिम मानव जीवनको वेद भनिन्छ ।

**ञ. सहजता**

लोक साहित्य सहज ढङ्गले ग्रहण गर्न, टिप्न र व्यक्त गर्न सकिन्छ । यही सहज गुणका कारण लोक साहित्य एक कान दुइ कान गर्दै मैदान हुन्छ र पाखा-पखेरा गाउँछ र व्यापकता लिन्छ । जनताका गलामा प्रिय बनेर रहन्छ । यसरी एकपछि अर्को व्यक्ति पुस्ता हुँदै जाने भएकाले लोक साहित्यको रूपमा परिवर्तन भइरहन्छ । त्यसैले लोक साहित्य सबै ठाउँमा ठ्याक्कै मिल्दैन । यसमा केवल हार्दिक उद्‌गार सच्चा रूपमा प्रदर्शित हुन्छ । यसमा स्वतः अलङ्कार हुन्छ, यो निष्कपट, अकृतिम र सहजता हुन्छ । यही प्राकृतिक स्वच्छता नै लोक साहित्यको सहजात गुण हो ।

**ट. ऐतिहासिकताको संवाहक**

लोक साहित्य सामाजिक धरातलबाट सृजित भएको हुनाले यसमा ऐतिहासिक विषय बस्तु हुन्छ । यसले जीवनका घटना, सभ्यता परम्परा, युग जीवनका उतार चढाबलाई अक्षुण्ण राख्दछ । यसको आफ्नै रङ्गढङ्ग र तौरतरिका हुन्छ । त्यसैले यसलाई ऐतिहासिक घटना क्रमको संवाहक पनि भनिन्छ ।

**ठ. मर्मस्पशी र प्रभावकारी**

लोकगीतमा पाइने रागात्मकता एवं रसमयताका कारण बढी मर्मस्पर्शी र प्रभावकारी बनेको हो । यो मनै लोभ्याउने आकर्षक हुन्छ । यसमा अलङ्कारका सट्टा रसको, छन्दका सट्टा लयको र लालित्यको सट्टा माधुर्यको प्रधानता रहन्छ । यसैले लोकगीतलाई रस र आनन्दको कहिल्यै नसुक्ने मुहान पनि भनिन्छ ।

**ड. हार्दिकताको प्रधानता**

लोकगीतको बौद्दिक पक्षभन्दा हृदय पक्षको प्रवलता रहन्छ । यसमा आत्मीयता, संवेदनशीलता र रागात्मकताको प्रचुरता पाइन्छ ।

**ढ. लोक तत्वको प्रधानता**

लोक गीतमा लोकतत्वको प्रधानता रहेको हुन्छ । लोकभाषा, लोकभावना, लोकविश्वास, लोक बातवरणमा लोकगीत पुरै भिजेको हुन्छ ।

## ३.३ लोक साहित्यको वर्गीकरण

खास गरी लोक साहित्य लोक संस्कृतिको एउटा महत्वपूर्ण अङ्ग हो । यो कलाकारका अनुभूतिको तीव्रतामा निर्मित हुन पुग्दछ । यसका रचनाकारको कुनै नियमबद्ध तरिका छैन । यसका कलाकारहरू जुनबेला-जुनकिसिमको अनुभव गर्दछन् त्यसैलाई ठिक्क गरी आफ्नो कलात्मक सिपमा कथ्छन् र अलाप्दछन । यही करूणात्मक अलापद्वारा नै उनीहरू तृप्ति लिन्छन्, मन बुझाउँछन् । त्यस्तै अनुकूल समय र अवस्थामा गाथा, कथाहरू भनेर सुनेर प्रतिक्रिया जनाएर पनि ती वक्ता स्रोतहरूको मन बहलाउने काम हुन्छ । त्यस्तै लोक साहित्य को गद्य विद्याका दौतरीहरूमा बालबालिका, प्रौढ,बज्यै र केटाकेटीहरू समेत समय समयमा कथा, गाउँखाने कथा, टुक्का चुड्किला आदिले मनोरञ्जन पनि गर्दछन् । यसरी हाम्रो लोक साहित्यको विविध क्षेत्र हाम्रा जीवन पद्धतिको हरेक पलपलमा घुलमिल भएको पाइन्छ । यसरी लोकजीवनको विभिन्न स्थिति र मानसिक अवस्थालाई सहजसँग लोकसमक्ष वाणीको रूपमा अभिव्यक्त जे-जति विभिन्न विधाहरू अपनाइन्छन्, तिनीहरू नै लोक साहित्यका प्रकार हुन् । अतः लोक साहित्य यति विधामा नै वर्गीकरण हुन्छ भन्नु त्यति सुहाउँदो र युक्तिसङ्गत छैन, तर पनि सजिलो र व्यावहारिकताको लागि यसलाई वर्गीकरण गर्नुपर्ने हुन्छ । तसर्थ लोक साहित्यका अन्वेषकहरूका वर्गीकरण जे-जति प्रकारका भए तापनि धर्मराज थापा र हंसपुरे सुवेदीद्वारा गरिएको वर्गीकरण यस प्रकार छः [८]

१. लोकगीत

२. लोकगाथा

३. लोककथा

४. लोकनाटक

---

८.धर्मराज थापा र हंसपुरे सुवेदी पूर्ववत्, पृष्ठ ४६ ।

५. गाउँखाने कथा

६. उखान-टुक्का

७. विविध

## १. लोकगीत

लोकगीत लोक साहित्यको सबैभन्दा व्यापक र प्रिय अङ्ग हो । सामयिकताको प्रसङ्गमा होस् वा आफ्नै भावुकतावश उदगारिन होस् स्वच्छ र सहज आत्माबाट प्रस्फुटित कुनै पनि लोकको लय लोकगीत हो । यो समाजप्रति समर्पित हुनासाथ बेनामी बन्न पुग्छ र लोकसम्पत्तिको रूपमा दरिन्छ । यसमा हरेक प्राणीको हाँसो र आँसु जीवनगत अभाव, समस्या, वियोग र विधा आदि हार्दिक उद्देश्यहरू निश्छलताका साथ आफ्नै रूपमा उद्घोषित भएका हुन्छन् । लोकगीतहरूलाई लोक साहित्य कारहरूले अगाध समुन्द्रको संज्ञा दिएका छन् । यो गतिशील सहज-निमार्णशील विधा भएकाले नै यसको विविधता र व्यापकता भएको हो । अतः यसका विभिन्न भेद-उपभेदहरू पाउन सकिन्छ ।

## २. लोकगाथा

कुनै पनि वर्णनात्मक वा ऐतिहासिक प्रसङ्गलाई आधारशीला बनाई ईश्वरप्रति वन्दना र भक्तिभाव पोखिएका महिमा वर्णन गरिएका, अनि त्यस समयका वीर महान् व्यक्ति आदिको क्रियाकलापमा विरचित वर्णनात्मक (आख्यान) रूपका लामा लोकगीत पाराका लयहरू नै गाथा हुन् । यिनमा स्तुतिमय होस् वा कारूणिक विद्वान्हरूले प्रबन्धगीत, लोककाव्य, वर्णनात्मक गीत आदि भनेर पनि उल्लेख गरेका छन् । जे होस् लोकगीत र लोकगाथा दुबै विधा गेत्यमक हुन् तापनि यी दुई विधाहरूमा आफ्नै प्रकारका केही मौलिक भिन्नता छन् । लोकगाथा वर्णनात्मक लामो प्रकारको काव्यात्मक हुन्छ । यसमा लोकगीतमा झै गद्यात्मकताको त्यस्तो खास चासो राखिएको हुँदैन तर पनि यो गेय हुन्छ । यो प्रायः वीर, करूण, शान्त र श्रृङ्गार रसमा विभाजित हुन्छ । लोकगीतमा जस्तो मिठास यसमा पाइँदैन ।[९]

## ३. लोककथा

---

९. कृष्ण विलास पौडेल, ***नेपाली साहित्यको ऐतिहासिक परिचय र नेपाली समालोचना,*** (काठमाडौंः नवीन प्रकाशन, २०५०), पृष्ठ ९ ।

कुनै पनि अवस्था र विषय अनुसारको लामो छोटो गद्य रूपको घटनाद्वारा स्रोतालाई मिठो स्वाद चखाउने विधा नै कथा हो । लोक साहित्यको फाँटमा लोकगीतपछिको लोकप्रिय विधा नै लोक कथा हो । घटना विशेषलाई अङ्गालेर पात्र-पात्रहरूको आधारमा असम्भवलाई सम्भव र अमूर्तलाई मूर्त, मूकलाई वाक प्रदान गरी अनौठो-अनौठो विषय वस्तुद्वारा रञ्जकता प्रदान गरी केही न केही जानकारी दिने प्रयास गर्नु नै लोककथाको विशेषता हो । यिनमा एकातर्फ मनोरञ्जनकताको साथ साथै नीति शिक्षा, धर्मकर्म एवं व्रत आदिको प्रकार पनि चियाइएको हुन्छ भने अर्कोतर्फ पशुपन्छी, भूतप्रेत, दैत्य तथा राजा राजकुमारी र परी आदिसँग सम्बन्ध अनौठो चमत्कारपूर्ण विधान पनि गाँसिएको पाइन्छ । लोकजीवनका तल्ला वर्ग मानिने ढाक्रे, गोठाला आदिदेखि लिएर महलमा बस्ने मैयासाहेब समेत लोककथाका स्वादले मनमस्ती लिएका पाइन्छन् ।

### ४. लोकनाटक

गीत, नृत्य र सङ्गीतको त्रिवेणी बगाई जुन लोक साहित्य विधाद्वारा मनोरञ्जन प्रदान गरिन्छ, त्यही विधान नाटक हो । तर नृत्यचाहीँ नाटक होइनन् । गीतसँगसँगै भएको भाव भङ्गीमय नृत्यले स्रोता एंव दर्शकहरूलाई अपार आनन्दको अनुभूति प्रदान गर्दछ । त्यसैले नाटकशास्त्रमा नाटकलाई उत्कृष्ट रूपको (साहित्य) काव्य विधा मानिदै आएको छ । विचारणीय कुरा के छ भने लोकगीत, कथा आदि छिटा छरिता र गाउन, सुन्न र बुझ्न ट्वाक्क लाग्दा छन् भने नाटक अति खर्चिलो, समय लाग्ने खालको र राम्ररी हेर्नु पर्ने र सुन्नु पर्ने खालको छ । लोकनाटकलाई त्यस्तो मञ्च, बाजा र सामग्री आदिको झै-झमेला छैन, तर अलि आवश्यक मानिस र ठाउँ, विषय र व्यवस्थाको चासो भने अवश्य हुनपर्छ ।

### ५. उखान

लोकजीवनवाट परिष्कृत अनुभव र विवेकद्वारा खारिएका शाश्वत चिन्तनपरक उक्तिहरू नै लोकोक्ति/उखान टुक्का हुन् । उखानद्वारा मानिसले विवेक र मार्गदर्शनको आलोक प्राप्त गर्दछ । यिनमा मनोरञ्जन कर्ताको आभास मात्र होइन कर्तव्यको ज्योति जगमगाएको हुन्छ । उखान-टुक्का, भाषा र भावनालाई मधुरता र मिठास भर्ने कडी हुन् । यिनमा लोकपरम्पराको भाषागत रूढता रहेको हुन्छ र अप्रत्यक्षतः बोध-गम्यताको तिख्खरपना तिखारिएको पाइन्छ ।

### ७. विविध

प्रस्तुत वर्गीकरण बाहेक लोक साहित्य  अन्तर्गतका अन्य विविध लोककथनहरूलाई यस क्षेत्र भित्र गाभि सकेका छौं । जस्तो कि परम्परागत रूपमा मुखमुखै भनिदै आएका लोककविता, वालकविता, गोठाले गीत वा चुड्काचुड्की आदि पनि लोक साहित्य कै अन्य विधा अन्तर्गत राख्न सान्दर्भिक छ ।

## ३.४ लोक साहित्यको अध्ययन परम्परा

लोक साहित्य  लोकजीवनको अभिव्यक्ति भएको कुरा चर्चा भै सक्यो । निश्चय नै लोक साहित्य  लोकजीवनको समसामयकितामा प्रवाहित हुन्छ । अतः लोकको अनुकूल वा प्रतिकूल सामयिकतालाई आत्मसाथ गरी बगेको लोक साहित्यिक प्रवाह युगौंदेखि निरवच्छिन्न रूपमा अगाडि वढ्दै गएको पाइन्छ । हाम्रो समाजले यसको राम्रो गरिमाबोध गरी यसप्रति दृष्टि दिनु चासो राख्नु आवश्यक हो अनि यसको तथ्यपूर्ण सङ्कलन, अध्ययन र विश्लेषण गरी संरक्षित गर्नु पनि जरुरी हो किनभने लोक साहित्यको अध्ययन विकासको तथ्यपूर्ण क्रम राम्रो रूपले खोज र लिपिवद्ध हुन सकेको छैन । अतः यहाँ युगौं देखिका पुराना लोकगीतदेखि गाउखाने कथा र चुड्किला आदिसम्मको क्रमवद्ध अध्ययन परम्परा प्रस्तुत गरी विश्लेषित गर्नु एउटा दुष्कार्य भै सकेको छ । त्यसैले यहाँ लोक साहित्यका क्षेत्रमा गरिएको अध्ययन कार्यलाई सुक्ष्म रूपमा अध्ययन गर्ने प्रयास गरिएको छ । [१०] अध्ययन सुविधाका लागि तीन भागमा विभाजन गरी चर्चा गर्न खोजिएको छ । यो सामान्यतः सजिलोको लागि अपनाइएको सामान्य सीमारेखा मात्र हो ।

**क. प्रथम चरण वि.सं (१९४२-१९५७)**

वीरशमशेरको शासनकाल देखि हाजिरमाने गीत प्रकाशन सम्म ।

१०. ऐजन, पृष्ठ ९ ।

**ख. द्वित्तीय वि.सं (१९५८-२००७)**

गो.प. प्रकाशनदेखि प्रजातन्त्र, रेडियो स्थापना ।

**ग. तृतीय चरण वि.सं २००८-हालसम्म ।**

यसरी लोक साहित्य को अध्ययन परम्परालाई तीन चरणमा विभाजन गरी सामान्य रूपले चिनाउने प्रयास गरिएको छ । यसको आधार नेपाली भाषा विकासको क्रमिक व्यापकता र साहित्यकारहरूको लोक साहित्यप्रति देखा परेको अग्रसरता आदि नै हो । यहाँ हामीले वीर शमशेरको शासनकाललाई प्रथम सीमारेखा तोक्नु राणा परिवारमा केही मात्रामा भए पनि सङ्गीत प्रेमी वीर शमशेरलाई पाइएकाले हो । १९४२ भन्दा अगाडिका समय लोक साहित्य सिर्जनकालको रूपमा मानिएको छ । त्यसैले यहाँ प्रत्येक चरणले अलगअलग रूपले चर्चा गर्नु बान्छानिय हुन आउँछ ।

**क. प्रथम चरण (वि.सं १९४२-१९५७)**

श्री ३ वीर शमशेरले आफ्नो शासनकालमा सङ्गीत दरबार निर्माण गरी गायक आदि कलाकारहरूको जमघट गराई तत्कालीन सङ्गीत क्षेत्रमा ठुलो जस लिएका थिए । भनिन्छ यिनले आफ्नो दरबारमा नाट्यशाला थियो । उनी आफ्नो तालका सङ्गीतिज्ञ थिए । आफ्नै प्रकार वा दङ्गको नाचगान चल्दथ्यो यहाँनेर यिनीद्वारा वि.सं १९५६ मा भएको बगरी (पर्सा-बीरगन्ज नजिकै) को जसला (सङ्गीत समारोह) उल्लेखनीय छ । भनिन्छ यहाँ बम्बै, मद्रास, कलकत्ता, लाहोर, जवलपुर, वनारस, आदिवाट छानी-छानी गवैया मगाएका थिए ।[११] यो साङ्गीतिक समारोह नेपालीको आफ्नै मौलिक साङ्गीतिक सम्मेलन नभए पनि सामयिक तथा व्यवहारिक सङ्गीत ग्रन्थ तयार गर्ने लक्ष्य राखेको बुझिन्छ । वि.सं १९५८ मा वीर शमशेरको आकस्मिक मृत्युले उक्त ग्रन्थ प्रकाशमा आउन सकेन तापनि यस कार्यले नेपाली लोकसङ्गीत र लोक साहित्यलाई अप्रत्यक्ष ढङ्गले प्रेरणा दिएका भन्न सकिन्छ । सन्त कविहरूवाट भएको सङ्गीतप्रतिको प्रेरणा र आफ्नै सोख र सयलको लागि लिन लगाइएको तालिम, आदि सङ्गीत साधनले पनि साङ्गितिक क्षेत्रमा अप्रत्यक्ष प्रभाव पारेको देखिन्छ । यसै क्रममा लोकलयको प्रयोग गरी गाउने र त्यसलाई लिपिवद्ध गर्ने कार्यमा वसन्त शर्माको योगदान पनि बिर्सन सकिँदैन

---

११. काशीनाथ आ.दी. र नरेन्द्र आ.दी. ***भएका कुरा,*** (काठमाडौं : साझा प्रकाशन, २०३१), पृष्ठ १६४ ।

यसैले वसन्त शर्मालाई लोक गीतलाई लिपिवद्ध गर्ने र लोकछन्दलाई प्रयोग गर्ने प्रथम व्यक्तिका रूपमा लिइन्छ । यसरी लोक सङ्गीत, लोक गीतका क्षेत्रमा जनचेतना जागृत समयमा दार्जिलिङ्मा हाजिरमान राईको उदय हुन्छ । यिनले आफ्नो जन्ममिति समेत गीतिलयमा उतारेको पाइन्छ । 'जन्म र मेरो उन्नाइस सय चालिस सालमा' यिनले नेपाल छाडी मुग्लान पसेका नेपालीहरूको कारूणिक कथालाई मार्मिक ढङ्गले व्यक्त गरेका छन् ।

हाजिरमान राईले नेपालीको मर्म र वेदनाको पुकार मुटु छुने शैलीमा उतार्दै "मीठा-मीठा नेपाली गीत" वि.सं १९५७ तिर प्रकाशित बसाले । यो नै नेपाली लोक साहित्यको पहिलो लोकगीतको सङ्गालो हो । यी मीठा मीठा नेपाली गीत 'निकै प्रचारित भए र जनमानसमा आफ्नो सक्कली नाउँ छोडिदिई 'हाजिरमाने गीत' का नाउँले परिचित भए । यसरी नेपाली साहित्यको अध्ययनको प्रथम चरण लोकगीतको सङ्कलन, गायन र अध्ययनको सूत्रपात भएको कुरा स्वीकार्न सकिन्छ ।

**ख. दोस्रो चरण** (**वि.सं १९५८-२००७**)

लोक साहित्यिक अध्ययनको दोस्रो चरणतर्फ यसले धेरै परिवर्तन अनुभव गर्न थालेको बुझिन्छ । यस समयमा एकातिर गोरखापत्र प्रकाशनले अप्रत्यक्ष रूपमा नेपाली भाषा साहित्य र समाजमा राष्ट्रिय विषयक देखा पर्न थालेको थियो भने अर्कोतिर विश्वयुद्धको सनसनीपूर्ण वातावरणले जनमानसलाई भय र आतङ्क सिर्जना गरेको छ  तापनि नेपाली युवाहरू लाहुरे बन्ने देश विदेश हेर्ने डुल्ने भनी औताएका थिए । यस समयमा लोकगीतहरूले पनि समसामयिक प्रभाव पारिरहेको थियो । अनेक व्यापारिक प्रकाशकहरूले हाजिरमान राईका गीतको नक्कल गरी लहरी साहित्यको प्रकाशन गर्न थालेका थिए । यस समयमा चन्द्र शमशेर (१९५८-१९८६) को उदयले राणा दरबारमा आफ्नै प्रकारले सङ्गीतको चर्चा चलेको थियो भने ए.एम पठानले वि.सं १९७२ मा लोकगीतको नोटेसन तयार पारेका थिए । लोकगीतको धुन सङ्कलन गर्ने कार्यमा क्याप्टेन मनेको योगदान पनि उल्लेखनीय देखिन्छ । नेपाली लोक साहित्य को चासो राख्दै नेपाली समाजलाई चेतनाको दीप प्रज्वलित गर्ने र देशभक्तिको भावना जगाउने कार्यमा अग्रसर भएका भीमसेन थापा र बहादुरसिंह बरालको उदय हुन्छ । गीत र भजनको सङ्ग्रह "बरालको आँसु" १९७९ मा प्रकाशित हुन्छ । यसले राष्ट्रभक्ति र र सांस्कृतिक चेतना जगाउने कार्य गरेका छ । लोकगीतका साथै लोककथाको

व्यापकतालाई पनि भुल्न सकिदैन । भन्ने र सुन्ने परम्परामा हुर्किएको नेपाली लोककथालाई लिपिबद्ध गर्ने कार्यमा बोधविक्रम अधिकारीको योगदान पनि अविस्मरणीय नै रहेको छ । वि.सं १९९६ मा बोधविक्रम अधिकारीद्वारा गरिएको नेपाली दन्त्यकथाको सङ्कलित रूपमा प्रकाशित भएपछि वि.सं १९९९ मा नेपाली भाषा प्रकाशन समितिले नेपालका विभिन्न भागबाट नेपाली लोककथाको खोजी र सङ्कलन गर्ने कार्य आरम्भ गऱ्यो । त्यसपछि ललितजङ्ग सिंजापतीले दन्त्यकथा माला (वि.सं २००३) र सुवर्ण शमशेरको दन्त्यकथा माला (वि.सं २००५) जस्ता लोककथाहरू प्रकाशित हुँदै गए ।[१२] सूर्यविक्रम ज्ञवालीको "रसमय नेपाली जीवन" पनि लोक साहित्यप्रति झुकाब राखेको छ । त्यस्तै बावुराम आचार्यको योगदान पनि उल्लेखनीय नै छ । यिनले नेपाली गीतको आरम्भ नेपाली भाषा सँगसँगै भएको हो भन्दै नेपाली भाषामा झाजर (झ्याउरे) छन्दमा जातीय गीत प्रशस्त छन्, हाम्रा गाउँ घर र चाडपर्वमा यो प्रशस्त सुनिन्छ भन्दै लोकगीतलाई नेपाली साहित्यमा अग्रिम स्थान प्रदान गरेका छन् ।

वि.सं २००३ लाई नेपाली लोकगीतको लागि स्मरणीय वर्ष मान्न सकिन्छ किनभने लोकगीत गायक-सङ्कलन श्री धर्मराज थापा यसै समयमा लोकगीतको क्षेत्रभित्र समर्पित हुन पुगेका थिए । अनि धर्मराज थापा र सत्यमोहन जोशीद्वारा सङ्कलित लोकगीतहरू यसै वर्ष सारादामा छापिएका थिए र थापा कै कतिपय लोकगीत (उद्योग) मा पनि छापिए । यसै समयमा देशमा प्रजातान्त्रिक हलचल पैदा भएको थियो । मानिसमा विस्तारै शिक्षा र राजनीति चेतनामा चासो बढेको थियो । लोक साहित्यतर्फ पनि जनचासो बढेको थियो । २००७ सालमा पारसमणि प्रधानको सम्पादकत्वमा 'भारती' को प्रकाशन भयो । नेपालमा प्रजातन्त्रको उदयसँगै रेडियो नेपालको स्थापना ( २००७ चैत्र) भयो । यसले लोकगीत, लोकलय, लोकवादनमा प्रेरणा दियो । यसर्थ नेपाली लोकगीतको सम्बर्द्धन र विकासमा रेडियो नेपालको योगदान अविस्मरणीय देखिन्छ । फेरि लोककलाका (धर्मराज थापा, हरिबहादुर, रञ्जितकार, भैरववहादुर थापा आदि) हरूबाट सङ्कलितहाम्रो लोकगीत (२०२०), लोकगीत (२०२२) आदि पुस्तकहरू पनि प्रकाशित भएको देखिन्छ । त्यस्तै गरी नरहरि नाथ, हिमाली लोक साहित्य (२०२१),

१२. ऐजन, पृष्ठ १६४ ।

इमानसिँ चेमजोङ - किराती दन्त्य कथा (२०२१), करूणाकरण बैध, नेपाली दन्त्य कथा सङ्ग्रह (२०२२), हर्षनाथ शर्मा, नेपाली उखान टुक्का (२०२३), ललितजङ् सिजापति, नेपालका लोक कथा (२०२४) आदि जस्ता कृतिहरूले पनि नेपाली लोक साहित्यको दोस्रो चरणलाई अगाडि बढाउने काम गरेको पाइन्छ ।

**३. तेस्रो चरण (वि.सं.२००८ देखि हालसम्म)**

वि.सं २००८ सालपछि नेपाली लोक साहित्यका विविध क्षेत्रमा धेरै सुधार भएको छ । यस अवस्थामा अभिव्यक्तिगत भावनामा परिवर्तन भई कलागत धारा र भाकाको अभिव्यक्तिका साथै सामाजिक सुधारका स्वर लहरी पनि तरङ्गित भएको पाइन्छ । यसको फलस्वरूप धर्मराज थापाको सक्रियता २०१० सालमा लोक साहित्य को अन्वेषण, प्रचार र प्रयास गर्ने उद्देश्यले नेपाली लोकगीत सङ्ग्रहालय को स्थापना भयो ।

लोक साहित्यलाई जनसमक्ष पुऱ्याउने र विकास गर्ने लक्ष्य राखेर ऋतु पत्रिका डाँफेचरीको प्रकाशन गरियो । सत्यमोहन जोशीद्वारा सङ्कलित 'हाम्रो लोक संस्कृति' (२०१४) प्रकाशित भयो । लोकगीतको सङ्कलन गर्ने उदेश्यले 'लोकगीत प्रकाशन मण्डल' को स्थापना भयो । २०१४ सालमा रोयल नेपाल एकेडेमीको स्थापना भयो । यसरी प्रजातन्त्रको उदय भएपछि नेपाली साहित्यको विस्तार र विकासका साथसाथै लोक साहित्यको अध्ययन परम्परा पनि विकसित हुँदै गएको पाइन्छ ।

प्रजातान्त्रिक खुला वातावरणमा नेपाली युवा युवती-तन्नेरीहरू खुला चौरमा बसेर उन्मुक्त ढङ्गले लोकगीत गाउन धक मान्न छाडे । धर्मराज थापाले पनि रेडियो नेपालका माध्ययमबाट विभिन्न भाकामा लोकगीत गाउन थाले भने उनका 'मेरो नेपाल भ्रमण' (२०१६) हाम्रो लोकगीत (२०२०) प्रकाशित भए । काजीमान कन्दङ्वाको 'नेपाली जनसाहित्य' प्रकाशित भयो । त्यस्तै 'हाम्रो संस्कृति' (२०२३), 'सङ्गीत सरिता' (२०२७), 'वागीना' (२०३०) आदि पत्रपत्रिका र हरिहर जोशीको 'सोरठी' (२०२३), 'सङ्गिनि' (२०२८) जस्ता कृतिहरूले नेपाली लोक साहित्य को धेरै अध्ययनमा महिमा बढाएका छन् । त्यस्तै 'कर्णाली लोकसंस्कृति (२०२८), धर्मराज थापाको 'गण्डकी सुसेली' (२०३०), देवकान्त पन्तको 'डोटेली लोक साहित्य ' (२०३२) पनि लोक साहित्य को क्षेत्रका उपलब्धिहरू हुन् । कालीभक्त पन्तका 'हाम्रो लोक सांस्कृतिक इतिहास' (२०२८)

र गीत सुधारको राष्ट्रिय वाटो (२०३३) तथा तुलसी दिवसको 'प्रदर्शनकारी धिमाल लोकसंस्कृति' (२०३५) यस प्रसङ्गमा बिर्सन नसकिने उपलब्धि मानिन्छन् ।

नेपाली लोक संस्कृतिको जगेर्ना गर्ने उद्देश्यले नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान्द्वारा सञ्चालित लोक संस्कृति सङ्गोष्ठीबाट प्रस्तावित विवृति 'नेपाली लोकसंस्कृति सङ्गोष्ठी' (२०३५) सालमा प्रकाशित भएको छ । यस कार्यले नेपाली लोक संस्कृतिको जागरण र सक्रियताको विकासमा योगदान थपेको छ । यसैले आज आएर एकातिर लोक साहित्यिक अध्ययनले आफ्नै रूपबाट व्यापकता ओगट्नै लागेको छ भने अर्कोतिर लोकसाहित्यिक अभिव्यक्तिले उन्मुख चेतनाको प्रस्तुति गर्दै आएको छ भने अर्कोतिर लोक साहित्यिक अभिव्यक्तिले उन्मुक्त चेतनाको प्रस्तुति गर्दै आएको छ । वर्तमान लोकगीत, गाथा, कथा, लोकोक्ति आदि लोक अभिव्यक्ति जे जस्ता नर-नारीका कस्टबाट निस्केका होऊन् ती कि त भाषा र भावनाले परिष्कृत हुँदै गएका छन् कि त राजनीतिक चेतनाले ओतप्रोत छन् । वर्तमान समयतिर आई पुग्दा कृष्णप्रसाद  पराजुलीको 'नेपाली उखान र गाउँखाने कथा' (२०३९) र तुलसी दिवसको 'धिमाल लोकधर्म र संस्कृति' (२०३९) ले पनि लोक साहित्यमा विशिष्ट योगदान पुऱ्याएका छन् । यस कार्यलाई त्रिभुवन विश्व विद्यालयले अनुसन्धान गर्दै तीव्रता थपेको पाइन्छ ।

यस प्रकार हाम्रो लोक साहित्य  अध्ययन परम्पराको प्रमाणित आधार करिब एक शताव्दिको लगभग भएको कुरा हामीलाई निधो हुन्छ । साथै हाम्रो विश्वविद्यालयको स्थापना र यस अन्तर्गत भएका विषयक अध्ययन आदिले गर्दा पनि हाम्रो लोक साहित्य -अध्ययन परम्पराको क्रम विस्तार-विस्तार आफ्नै किसिमको विकसित र सम्बृद्धितर्फ उन्मुख हुँदै गएको अनुभव हुन्छ । त्यस्तै गरी नेपाली उखान र गाँउखाने कथा २०३९ - धर्मराज थापा र हंसपुरे सुवेदी, नेपाली लोक साहित्यको विबेचना २०४१ - पूर्ण प्रकाश नेपाल यात्री, भेरी लोक साहित्य २०४१ - धर्मराज थापा, लोक संस्कृतिको घेरामा लम्जुङ २०४१ - किरण लक्ष्मी श्रेष्ठ, गाँउखाने कथाको सँगालो २०४३ - धर्मराज थापा, सगरमाथाको सेरोफेरो २०४४ - तेज प्रकाश श्रेष्ठ, अछामी लोक साहित्य २०४४ - राम शरण दर्नाल, नेपाली सङ्गीत संस्कृति २०४५ - मोतीलाल पराजुली, नेपाली लोक गाथा २०४९ - मृगेन्द्रमान प्रधान, नृत्य र नृत्यकार २०४९- साबित्री मल्ल, पाल्पाका लोकगीत अध्ययन र बिश्लेषण २०५२ - टङ्क के.सी, हाम्रो लोकगीत र सङ्गीत तथा

लोक सङ्गीतका थुँगाहरू २०५३ - जीवेन्द्र देव गीरी, लोक साहित्यको अवलोकन २०५७, हाम्रा लोक गाथा २०५७, नेपाली लोक साहित्य २०५८, हंसपुरे सुबेदी, नेपाली लोक कथा, परिचय र विवेचना २०६० - पूर्ण नेपाली, गन्धर्व सङ्गीत र संस्कृति २०६० - गोबिन्द आचार्य, लोक गीतको विश्लेषण २०६२ - रत्नाकार देबकोटा, कर्णालीका लोककथा २०६३ - मोतीलाल पराजुली, नेपालमा प्रचलित नृत्य र नृत्य नाटिकाहरू २०६३ - मोहन राज शर्मा र खगेन्द्र लुइटेल, लोकवार्ता बिज्ञान र लोक साहित्य २०६३ - बेनी जङ्गम रावल, सन्दर्भ लोक गीतको २०६३ - गोबिन्द आचार्य, राप्ती लोक साहित्य २०६४ - कृष्ण प्रसाद पराजुली, नेपाली लोक गीतको आलोक २०६४ - नेपाली लोक गीतमा जनजीवन (२०६७) - चूडामणी बन्धु, मोतीलाल पराजुली र जीवेन्द्र देव गिरी, नेपाली लोक साहित्यको रूपरेखा २०६८- कृष्णहरि बराल, यसरी लोक साहित्य अध्यय परम्परा बिस्तारै बिस्तारै क्रमिक बिकास हुँदै गएको र लोक साहित्यको विकासका क्रममा माथि उल्लेखित् कृतिहरूले विशेष योगदान पुऱ्याउँदै आएको भेटिन्छ ।[१३]


## ३.५ लोकगीतको वर्गीकरण

लोक साहित्यका विविध विधाहरू मध्ये लोकगीत सबैभन्दा व्यापक र प्रिय छ । हामीले तिज गीत भन्ने बित्तिकै लोकगीत कै एक उपविधा हो भन्ने बुझ्दछौं । तिज गीत पर्व गीत अन्तर्गत पर्दछ । तिज गीतको वर्णन गर्नुभन्दा पहिले लोकगीतका वर्गीकरणतिर जानु पर्ने देखिन्छ ।[१४] नेपाली लोक साहित्य मा धेरै प्रकारका लोकगीतहरू पाइन्छन् । यिनीहरूका आफ्नै विशेषता, महत्व रहेका छन् । यिनीहरुलाई निम्न अनुसार वर्गीकरण गर्न सकिन्छ:

१३. पराजुली मोतीलाल र जीवेन्द्र देव गिरी, ***नेपाली लोक साहित्यको रुपरेखा,*** (ललितपुर: साझा प्रकाशन, २०६८), पृष्ठ २० ।

१४. मोहन राज शर्मा र खगेन्द्र लुइटेल, पूर्ववत्, पृष्ठ ७ ।

# लोकगीत


प्रार्थना गीत
भोलाउलो
भजन
चुड्का
चडका
संस्कार गीत
मागल/फाग
सैरेलो
रत्यौली
आशिका
कराँत
सगन
ऋतु/पर्व गीत
तिजगीत
गौरा
मालसिरी
भैलो
देउसी
होरी
वसन्त
साँगिनी
सकिवा
सैरेलो
श्रम गीत
जेठे
असारे
दाई
लल्लोरी
बाह्रमासे गीत
झ्याउरे
डेउडा
रोइला
चुड्का
ख्याली
सेलो
टुङना
छाकपारे

# परिच्छेद - चार

## तिज पर्वको उत्पति, विकास र पर्व गीतका रूपमा तिज गीत

### ४.१ तिज पर्वको उत्पति

तिजपर्व महिलाहरूको एक मात्र ऐतिहासिक पर्व हो । राष्ट्रिय स्तरमा एक महिला दिवस झैं महिलाहरूको सन्दर्भमा केही विचार, छलफल तथा महिला सक्रियताको बारेमा भूमिका खेल्ने यस पर्वको उत्पति र पौराणिक तथा आध्यात्मिक सन्दर्भहरू समयको गतिसँगै परिवर्तित हुँदै आइरहेका छन् । तिज पर्वको उत्पतिको इतिहास खोतल्ने हो भने कुमारी केटीहरूले आफूलाई मन परेको केटालाई वरको रूपमा स्वीकार गर्न बुवा-आमासँग गर्ने माग भनेर वा विद्रोहबाट सुरुभएको मान्नु पर्छ तापनि यसको विकासले आज आएर भावनामा नै परिवर्तन ल्याएको छ ।

तिज पर्वको उत्पतिको बारेमा निश्चित तिथिमिति हामीसँग प्राप्त छैन तर पनि धार्मिक तथा पौराणिक आख्यानहरूको सहायताबाट नै हामीले यसको इतिहास केलाउने गरेका छौं । तिज पर्वको उत्पतिको बारेमा एउटा कथा प्राप्त छ, जुन कथा प्रत्येक वर्षको तिज पर्वको दिनमा पण्डितहरूद्वारा कर्ताको रूपमा व्रत लिई बसेका महिलाहरूलाई सुनाउने गरिन्छ ।

कथा यस प्रकारको छ :

"हिमाल पर्वतराजाकी छोरी पार्वतीको विवाह गर्ने उमेर भएकाले बावु चिन्तित भएको बेला नारदमुनि आएर भगवान विष्णुले पार्वतीलाई माग्न पठाएको वृतान्त सुनाएर सबै देवताभन्दा विष्णु ठूला देवता हुन् भन्ने कुरामा जोड दिए । त्यसपछि पर्वतराजले छोरी पार्वती विष्णु भगबानलाई दिने घोषणा गरे । यो कुरा सुनेपछि पार्वतीलाई आफूलाई मन परेको वरसँग विवाह नहुने कुराले साह्रै सतायो । उनी चिन्तित भई हिंस्रक जनावर भएको घना जङ्गलमा गई लम्पसार परिन । यो हालत देखेर पार्वतीका सहेलीहरू साह्रै दुःखी भई यसो गर्नुको कारण सोधे । पार्वतीले आफूलाई मन परेको शिवजी तर विष्णुसँग विवाह हुन लागेको कुरा बताइन् र अब म आत्महत्या गर्छु भनी आलप-

विलाप गरी रुन लागिन् त्यस पछि साथीहरूले कसैले थाहा नपाउने गरी सुटुक्क भगाएर सघन वनमा पुऱ्याए ।

यता विवाहको लागि विष्णुलाई दिन ठिक्क पारिएकी छोरी पार्वती हराउँदा पर्वतराज पागल झै भई जतातत्तै खोज्न लगाई कसैले हऱ्यो कि, बाघ भालुले खायो कि, भनी मूर्छा पर्न थाले । उता पार्वती अन्नजल त्यागेर भाद्रसुक्लका दिन हस्ता नक्षेत्रले युक्त भएको जुन तृतीया तिथि हुन्छ, त्यसदिन पार्वतीले शिवलिङ्ग थापेर गाना बजाना गरी रातमा जाग्राम बसिन् । त्यसै व्रतको प्रभावले शिवजीको आसन चलायमान भयो । शिवजी त्यहीँ आई बडो प्रसन्न भई 'वर' माग भन्दा पार्वतीले यदि मेरो तपस्याबाट प्रसन्न हुनुभएको छ भने तपाई 'मेरो 'पति' बन्नुहोस भनी वर मागिन । शिवजीले पनि तथास्तु भनी कैलाश फर्किनुभयो । अर्को दिन सबै चीज त्यही बिसर्जन गरेर साथीहरूसँग बसिरहेका बेला पर्वतराज पनि त्यही आइपुगी छोरी पार्वतीलाई काखमा राखी अलाप बिलाप गरी रुन थाले र किन आयौ ? कसरी आयौ ? हिड जाऊँ घरमा भन्दा पार्वतीले विष्णुलाई दिएको कुरा थाहा पाएर म यहाँ आएकी हुँ, यदि महादेवलाई दिनुहुन्छ भने म घर फर्कन्छु नत्र भने म वनमा तपस्या गरी वस्छु भनी पर्वतीले भनेपछि पर्वतराजाले पार्वतीलाई घरमा लगेर शिवजीसँग बिवाह गरिदिए ।'[१]

## ४.२ नामकरण

महादेवलाई पति पाऊँ भन्ने धारणाले प्रेरित भएर पार्वतीकी आमिली साथीद्वारा हरिता रहन गएको र त्यस दिनको पूजा आजा, व्रत, उपवास, गाना-बजाना पूर्वको जागरणले वा भाद्र शुक्लको तृतीयालाई 'हरितालिका' भन्ने नाम रहन गएको हो ।[२]

यसरी तिज पर्वको उत्पति इतिहास खोतल्दै जाँदा यस्ता कथाहरू भेट्टाइए तापनि कथामा आधारित कथा अनुसार हरितालिका वा तिजपर्वको अवस्था त्यस्तो रहेको छैन । बर्षौ देखि मानी आएको यो पर्व मनाउने उद्देश्यमा केही परिवर्तनहरू आएका छन् । आजकल यो व्रत कन्या कुमारीहरूले लिने मात्रै होइन कि नातिनीदेखि हजुर आमाले सम्म लिने गरेको पाइन्छ । त्यस्तै मन परेको पति पाऊँ भनेर मात्र नभई अटल

१. सिंजाली, हरिकला, "गुल्मी जिल्ला क्षेत्र नं. २ मा प्रचलित तिजगीतहरूको अध्ययन तथा विश्लेषण", अप्रकाशित शोधपत्र त्रि.वि., २०६०) पृ.

२. वार्षिक व्रत, रत्नावली, पृष्ठ ७८ ।

सौभाग्यको कामना पतिको दीघार्यु, घरको सुख शान्ति र समृद्धि कामना गरेर मात्र होइन देशमा शान्ति रहोस् भन्ने कामनाका साथै अन्य विभिन्न व्यक्तिगत स्वतन्त्र विचार बाट गरिने व्रतको परिपाटीका रूपमा क्रमिक रूपले विकसित हुँदै आएको छ ।

समाज विकासको क्रममा महिलाहरूको दारूण अवस्थाको सुरुवात् पनि सँगसँगै भएको पाइन्छ । समाजमा महिलाहरूलाई शक्तिहीन बनाइएको थियो । उनीहरूलाई आफ्नो विचार प्रकट गर्न त परै जाओस् सानो छँदा बावुआमाको अधीनमा, ठुलो भई विवाह पश्चात श्रीमान्को अधीनमा रहनुपर्ने जस्ता बाध्यता नियमहरू बनाएर एकदमै अपाङ्ग बनाइएको थियो ।

आफ्नो बुवा, लोग्ने र छोरा बाट कहिल्यै पनि छुटै स्वतन्त्र किसिम वाट बस्ने विचारै गर्नु हुदैन । यदि आइमाईहरूले त्यस्तो स्वतन्त्रता खोज्छन् भने तिनीहरूले दुई कुललाई नाश गर्दछन् भन्ने जस्ता विकृत शास्त्रीय विधान पनि पाइन्छ ।[३]

यसरी धर्मशास्त्रलाई माध्यम बनाई नारी उत्पीडनका नियमहरू बनाएर समाजमा नारीलाई हेप्ने संस्कार विकास गर्नाले नारीलाई अझै पनि कतिपय ठाउँमा अवलाको स्थानमा कायमै राखेको देखिन्छ । महिलाहरूलाई स्वतन्त्रता दिए पार्वतीले जस्तो गर्लान् कि भन्ने डरले त्यस बाट पनि उनीहरूलाई दबाएर आफ्ना बुवा अथवा दाइ भाइले जसलाई रोजेर दिन्छन्  उसैको जीवनभरि सेवा गर्नुपर्दछ । यस स्थितिको कहिल्यै पनि उल्लङ्घन गर्नु हँदैन भन्ने नियम बनाएर नारीलाई मुठीको माखो जस्तो अथवा पुरुषको दास बनाइएको छ । त्यसैले आफ्ना बावुआमाले दिएको लोग्ने जड्याँहा भयो, हेला गऱ्यो, ऊसँग जीवन बिताउन नसकिने भयो भने के गर्ने, भन्ने सम्बन्धमा समेत आइमाईहरूका लागि उनीहरूले नै नियम बनाइ दिदै  के सम्म भन्न पुग्छन् भने चाहे लोग्ने पटक्कै शीलस्वभाव नभएको होस्, चाहे दुराचारी होस् अत्याचारी होस् त्यस्ता लोग्नेलाई सधवा आइमाईले देवतालाई झैं मानेर निरन्तर सेवा गरि रहनु पर्दछ ।[४]

---

३. ***मनुस्मृति ५*** अध्याय, पृष्ठ १५२ ।

४. ***मनु स्मृति ५*** अध्याय, पृष्ठ १५३ ।

यसरी धर्म ग्रन्थहरूबाटै आइमाईको जातलाई केवल पुरुषको पुजारी बनाउने अथवा उनीहरूको नाच्ने कठपुतली बनाउनुको फलस्वरूप नै तिजपर्वमा गरिने व्रतको उद्देश्यमा पनि परिवर्तनहरू आउन थालेका छन् । धार्मिक ग्रन्थले नै महिलाहरूलाई बिहे गरिदिने काम आमाबावुबाट हुने बिहे पश्चात् लोग्नेको चाकडी गर्ने स्याहार सुसार गर्ने बाध्यता जस्ता कुराहरूमा जोड दिई यहाँ सम्म कि धर्म समेत लिन नसकिने भयो र महिलाहरूले लोग्नेलाई भगवान् मानेर उनकै अबला हुने र उनकै लागि व्रत पूजाआजा गर्नु वाहेक अर्को विकल्प पनि रहेन, विकल्प यसर्थमा रहेन कि एउटा लोग्ने मरेपछि विधवा भई महिलाहरूले निकै कष्टसाथ जीवन बिताउनु पर्ने, अर्को विवाह गर्न नपाउने नियमहरूले त लोग्नेको लामो आयुको कामना गर्नु पर्ने भयो । तसर्थ महिलाहरू भगवान्सँग दुई हात जोडी वर मागे पनि लोग्नेकै लागि र केही चिज चढाउनु परे पनि भगवानलाई अर्पित गर्नु परे पनि लोग्नेकै सु-स्वास्थ्यको कामनाका लागि गर्नु पर्ने भयो फलस्वरूप तिजको व्रतको सन्दर्भ पनि यिनै धर्म ग्रन्थहरूको फलस्वरूप विकसित भएको देखिन्छ । राम्रो आचरण भएकी स्त्रीले लोग्ने मर्‍यो भने पनि उसैको सम्झनामा ब्रह्मचर्य धारणा गरेर बस्नु पर्दछ । यस्तो गरेको खण्डमा स्वर्गमा गएर सुखभोग गर्दछन् । यति मात्र होइन छोरा नभएकी विधवाले पनि मरेपछि स्वर्गको सुखभोग गर्न पाउँछे भन्ने जस्ता कुराहरूको विधान गरेको देखिन्छ ।[५] राम्रो आचारण भएकी आईमाईको जोसँग विवाह भएको छ, त्यस लोग्नेको जीवन छउन्जेल वा मरेपछि पनि उसलाई नराम्रो लाग्ने काम गर्नु हुँदैन । यस्तो गरेको खण्डमा यो आइमाई मरेपछि पनि स्वर्गमा लोग्नेसँगै बस्न पाउँछे भन्ने जस्ता भ्रमहरूले गर्दा महिलालाई जस्तोसुकै अत्याचारी, दुराचारी लोग्नेको फन्दामा फसे पनि यो जीवनमा मात्रै होइन, अर्को जुनीमा समेत सँगै बस्न पाइन्छ भन्ने आशाले मरेको लोग्नेको नाममा माला जपेर आफ्नो मृत्यु पर्खने र बाँचे पनि मरे तुल्य अवस्थामा जिउन बाध्य तुल्याएको छ । कतिसम्म भनिएको छ भने स्वास्नीले लोग्ने मरे पनि आजीवन उसकै नाउँमा बस्नुपर्ने भन्ने बाध्यात्मक बनाइएको छ भने स्वास्नी मरी भने घाटमा जलाएर फर्कने बितिकै लोग्नेले अर्को विवाह गर्ने व्यवस्था मिलाउनु पर्छ सम्म धर्मग्रन्थमा भनिएको छ ।

---

५. पूर्ववत्, पृष्ठ ८० ।

यसरी आइमाईहरूलाई भोग-विलासको उपभोग गर्ने साधनको रूपमा सन्तान उत्पादन गर्ने मेसिनको रूपमा लिई आईमाई र लोग्ने मान्छेको बिचमा निक ठुलो असमनताको दुरी बनाएर आइमाईलाई केवल पुरुषको दाससम्म मात्र सीमित राखिएको छ । आइमाईलाई स्वतन्त्र छोडिदिनु हुँदैन । यिनीहरू सन्तान उत्पन्न गर्नका लागि, घरको उज्यालोको लागि, सन्तानहरू जन्माएर हुर्काउनु र संसारको यही यात्रालाई अगाडि लैजान मात्र आइमाई जातिको नियति हो भनेर धर्मशास्त्रले नै उल्लेख गरेको छ । यसरी नारी जाति माथि गरिएको धार्मिक आड भरोसका कारण धेरै नै उत्पीडन भएको र त्यसले जरो गाडेको पाइन्छ । हाम्रो समाजमा त्यसैले नै नारी जातिको सामाजिक अवस्थाको स्वरूप निर्धारण गरेको छ । उनीहरूमाथि राखिने दृष्टिकोण अनुसार नै नारी जातिले आफ्नो स्थितिमा पनि क्रमिक रूपमा सुधार गर्दै लैजानु पर्ने आवश्यकता छ । उनीहरू अब एक दास सरह अर्काको दया-मायामा बाच्नुपर्ने स्थितिको सिर्जना भएपछि आफ्नै मौलिकताको लागि गर्ने धार्मिक कार्यहरूमा पनि दासताको चिन्तन अनुरूप आफ्नो मालिकको गुणगान गाउने, उनीहरू कै उन्नति र प्रगतिका लागि कामना गर्ने, उनीहरूकै दिर्घायुको लागि पूजाआजा व्रत बस्ने जस्तो तिजपर्वको स्वरूप बन्न थाल्यो । आफू वसेको घर आफ्ना परिवारहरू सुरक्षित रहनु र घरपरिवार सम्पन्न हुँदा आफ्नो पनि सुरक्षा हुन र साथै आफ्नो वासस्थान पनि दिगो हुने अनुरूप गर्नुपर्ने बाध्यताको अवस्था सिर्जना भएको हो । आफ्ना व्रत, धार्मिक कियाकलाप समेत आफ्ना लागि नभएपछि उनीहरू परिस्थिति अनुरूप वाध्यतापूर्वक चल्नु परेतापनि यस अवस्थाप्रति उनीहरू पूर्णरूपमा सन्तुष्ट भने कहिल्यै भएनन् किनकि यसको प्रतिविम्ब हामीले तिजपर्वमा महिलाहरूले गाउने गीतहरूको बारेमा अध्ययन गर्दा थाहा पाउन सक्छौं । छोरी जन्मेपछि अर्काकी हुन् भन्ने मानसिकताले जरो गाडेपछि छोरीलाई सानै उमेरमा विवाह गरिदिने र अर्काको घरमा वुहार्तन गर्दा आफूले पाएको दुःख कष्टप्रति निकै नै चिन्तित रहेको कुरा गीतको माध्यमवाट आफ्ना भावनाहरू व्यक्त गरिएकाले स्पष्ट थाहा हुन्छ साथै घरमा सौता ल्याउने खान नदिने सासू-ससुरा, देवर-जेठाजु, नन्द-आमाजुहरू बाट गरिने व्यवहार, रातदिन नसुतेर लगातार गर्नु पर्न शारीरिक परिश्रम बाट आजित भएका महिलाहरू आफ्नो बुवाको घर-दैलोमा झुन्डिएर मर्न मन लाग्ने, काललाई मलाई लैजा भनेर गुहार मागिने जस्ता गीतहरूबाट हामीले के अनुमान लगाउन सक्छौं भने महिलाहरू सन्तुष्ट थिएनन् तर यसमा सुधार गर्न पनि सक्दैन थिए किनकि उनीहरूको

स्थिति नै फलामे सिक्रीले बाँधेको अवस्थामा थियो । भावनामा असन्तुष्ट रहे तापनि तिजपर्वमा भने कुनै परिवर्तन आएको थिएन, दासता कै भावनामा आधारित भएर नै तिजको उपासना हुन्थ्यो ।

कालान्तरमा विशेष गरी मुलुकी ऐन २०२८ लागु भएपछि अर्थात् कानुनी रूपबाट सतीप्रथा बहुविवाह, बाल बिवाहका विरोधमा कानुन बनेपछि महिलाहरूको भावनामा केही सहयोग पुगेकोले यसको समर्थनमा तत्कालीन अवस्थाको विरुद्व एउटै स्वरले महिलाहरूले गीत गाउन थाले । अर्कातिर रातदिन मिहिनेत गर्नुपर्ने चेलीबेटीहरूलाई विशेष गरी वर्षायामको धान रोपाइ सिद्धिएपछि थाकेर जीर्ण भएको शरीरलाई आराम दिन र धेरै दिनदेखि बिछोडिएका बाबु-आमा दाजुभाइ, दिदी बहिनी, सङ्गी-साथी र आफू जन्मेको ठाउँ माइतीमा गएर आराम गर्ने, मनका व्यथाहरू पोख्ने, आफ्नो दिदी बहिनीसँग भेटघाट रमाईलो गर्ने एक अवसरको रूपमा भने पर्व अझै लोकप्रिय हुँदै गएको पाइन्छ । छोरी बेटीहरू पनि पढाउनु पर्ने कुरा राष्ट्रियस्तरमा अभियानको रूपमा उठ्न थालेपछि र केही महिलाहरू स्कुल जाने र पढ्ने गर्न थाले पश्चात् विशेष गरी छोराछोरीलाई भेदभाव नगर्न छोरीलाई पनि पढाउन र उनीहरू पनि दाजुभाइ सरह एउटै कोखमा जन्मेको किन हेला गर्छौ हामी पशु हैनौं केही पैसामा खरिद बिक्री गर्ने भन्ने जस्ता भावनाहरूले विरोधमा आबाज उठाउने चेतनाको सुरुवात् भएको पाइन्छ । महिलाहरूमा जागृत भएको चेतना र कानुनको सहायतावाट जब समाजमा बालविवाह बन्द हुने स्थिति आयो र विद्यालय जाने छोरीहरूको सङ्ख्यामा वृद्धि हुन थाल्यो त्यसपछि तिजको व्रत बस्ने उद्देश्यमा र भावनामा केही परिवर्तनहरू आउन थाले जस्तो कि तिजको व्रत उपासना गर्दा सकभर आफ्नो जीवन साथी राम्रो भइदिए हुन्थ्यो भन्ने भावना बिहे नभएका केटीहरूमा जाग्न थाल्यो  अर्थात् आफ्नो, बारेमा पनि छोरीहरूले सोच्न थाले र तिजको व्रतलाई नै यसको समाधानको माध्यम बनाउन थालेको पाइन्छ, जुन अध्याबधी छँदैछ । यसरी शिक्षामा भएको विकासले महिलामा सोच्ने, बिचार गर्ने आधारहरू विकसित हुँदै गएको पाइन्छ । यसको फलस्वरूप महिलाहरू माथि हुने शोषण दमनको विरोधमा आबाज उठ्न थालेको पाइन्छ ।

शोषण-दमनको आबाज सँगसँगै महिलाहरू हक-हित अधिकार प्रति सचेत हुँदै गएको पाइन्छ । उनीहरूको आफ्नो कामलाई आर्थिक उपार्जनसँग संलग्न गराउने अवस्थाका

शुरुवात् सँगै तिजपर्वको परम्परालाई केही समानुकुल बनाउन खोजिएको पाइन्छ, तापनि अधिकांश महिलाहरू अशिक्षित भएको कारणले कुनै उल्लेखनीय परिवर्तन देखा पर्न सकेका छैनन् । पेसातिर संलग्न हुने महिलारूलाई सरकारी जागिरको कारण लामो समयसम्म बिदा नपाइने भएकोले तिजपर्व घरमा सीमित रहेको पाइन्छ । आफ्नो खुट्टामा उभिन थालेपछि महिलाहरू तिजपर्वको प्रयोग आफ्नै सुविधा तथा अनुकूलताको आधारमा मनाउनु स्वाभाविक नै हो भने अर्कोतिर घर गृहस्थीको जीवन बिताउने किसानी महिलाहरूको स्थितिमा तिजपर्व यथास्थितिमै रहेको पाइन्छ ।

कुनै आय आर्जनको पेसामा संलग्न रहेका महिलाहरू र कृषि क्षेत्रमा संलग्न महिलाहरूका बीचमा कार्यक्रमबारे केही भिन्नता देखिएको छ, जस्तो आर्थिक आय आर्जनमा संलग्न महिलाहरूका बीचमा तिजपर्वका कार्यक्रमबारे केही भिन्नता देखिएको छ र जस्तो आर्थिक आय आर्जनमा संलग्न महिलाहरू आफै चल्नु पर्ने भएकाले र अर्कोतिर आफ्नै स्वेच्छा अनुसार कसरी बनाउने, के खाने, कहाँ जाने, कस्तो कपडा लगाउने भन्ने कुराहरू सबै व्यक्तिगत इच्छा आकाङक्षामा भर पर्दछ । कार्यक्रमहरू पनि स्वतन्त्रतापूर्वक बनाउने गरिन्छ ।  त्यसै कारणले माइतीतिर जाने तरखर भन्दा पनि आज भोलीका महिलाहरूमा लत्ता कपडा किन्ने, तिजमा कपडाहरू लगाउने, घुम्ने, व्रत बस्ने आफ्ना गहना तथा कपडाहरूको प्रदर्शन गर्ने आदितर्फ बढी आकर्षित हुँदै जाने प्रवृतिको विकास हुन थालेको पाइन्छ । तिजपर्वको वास्तविक मर्म उनीहरूबाट हराउन लागेको कुरालाई नकार्न सकिँदैन । एकातर्फ उनीहरूमा गीत गाउने परम्परा जोगाउने, र महिलाहरूको चाडको रूपमा स्थापित गराउँदै राम्रो संस्कृतिको विकास गर्नेतिर उन्मुख हुनु पर्ने कुराको खाँचो छ भने अर्कोतर्फ कृषिक्षेत्रमा संलग्न महिलाहरू आराम गर्नको लागि तिज पर्खने गर्दछन् । साथै माइती गएर सबैसँग भेट गर्ने र मिलेर गीत गाउन गीतको रचना गरी तिज आउने दिनलाई औंलामा गनेर बस्न मन पराउँछन् । उनीहरू नै यो पर्वको विकास र परिमार्जनका लागि संवेदनशील रहेको पाइन्छ ।

## ४.३ तिजपर्वको व्रत र पूजाविधि

महादेवलाई पति पाऊँ भन्ने धारणाले आमिली नामकी साथीद्वारा हरिएर लुकाइएको कारणबाट गरिएको त्यस दिनको पूजाआजा व्रत उपवास, गाना बजानापूर्वकको

जागरणले यो भाद्रशुक्लको तृतीया हरितालिका (तिज) नामले प्रख्यात भएको व्रतको विधि पनि आफ्नै तरिकाको छ ।

यसको व्याख्या गर्नुअघि पौराणिक कथाहरूमा आधारित पार्वतीले व्रत गरेको ठाउँ र उनले गरेको कठोर तपस्याको बारेमा वर्णन गर्नु सान्दर्भिक ठहर्दछ । पार्वतीले तपस्या गरेको स्थान हिमालय पहाड भएकोले शोभायमान हिमाल पहाडको वर्णन यस प्रकार छ :

"अनेक प्रकारका प्राणीले खचाखच भरिएको थरिथरीका रूखहरूले ढाकिएको, रङविरङका चराहरूले रङ्गिएको, किसिम किसिमको मृगहरूले शोमायमान यो हिमाल पर्वत सिद्ध चारण-गुह्यक र गन्धर्व सहितका स्फटिक र सुनका टाकुराहरूले मानौ आफ्ना हातले आकसमा लेखिरहेका छन् कि जस्तो देखिन्छ, जो देवताको मन्दिर मानिएको छ । सधैँ हिउँले ढाकिएको र गंगा प्रवाहमा ध्वनिले कलकलाइरहेकी छ ।" यसै हिमालयको कुनै कुनामा पार्वतीले तपस्या गरेकी थिइन, जुन तपस्यामा १२ वर्षसम्म उँधोमुख गरी धुमपान गरिरहेकी, २४ वर्षसम्म केवल पात पतङ्गर मात्र खाएकी थिइन । माघ महिनामा जलमा बसेर वैशाख महिनामा पञ्चध्वनि तापेर, श्रावण महिनामा निराहार बसी कठोर तपस्यावाट पार्वतीले सफलता प्राप्त गरेपछि प्रारम्भ भएको यो व्रतको विधि यस प्रकारको छ :-

शौभाग्यवती नारीका लागि अति नै उत्तम मानिने यो व्रत भाद्र महिनाको शुक्लपक्षको तृतीया तिथिको दिनमा बस्ने गरिन्छ । केराको थामले चार कुना पारी चार ठाउँमा गाँसी सजाएको पूजा मण्डपलाई तोरणहरूले अलङ्कृत गरी तोरणमा रङ्गी विरङ्गीका फुलहरू, आँपको पात, वर, पिपल, स्वामीका हरिया पातहरूले सजाइएको हुन्छ । रङ्गी-विरङ्गीका रङले रङ्गिएको लुगाहरूले ढाकेर त्यस पूजा मण्डपलाई बास्ना आउने चन्दनले पोत्ने, चर्को आबाज आउने शङ्ख, दमाहा, मादलहरूले शब्दायमान गर्ने थरी थरीका मङ्गलमय गीतहरूको गुञ्जायमान पार्नु र नयाँ नयाँ धेरै फुलहरूले चन्दन अक्षता धूप आदिले अनि कयौं प्रकारका नैवैद्यहरूले पुरा गर्नु रातमा जाग्राम बस्नु अनि पूजा गर्दा नरिवल, सुपारी, ज्यामिर, बिमिरो, सुन्तला र अरू प्रसस्त फलफुलहरू चढाई पूजा गर्नुपर्दछ ।

**पूजा गर्दा यो मन्त्रद्धारा गरिन्छ**

"नन्दि-भृङ्गि महाकाल गणले युक्त ईश्वर

शान्त त्रिशुली पञ्चास्य शिवलाई नमोनम

प्रकृति सृष्टिकी हेतु शिवरूपी जगत्मय सर्वमङ्गल ।"

"मंगल हरकान्ता शिव उमा कल्याणदा तिमीलाई नमस्कार छ

सर्वदा शिवरूपी तिमीलाई हमेसा नमस्कार छ, नमोनमः

बह्नमरपे जगद्वाजी नमोनमः संसारमय सन्ताप देखिन सिंह

बहिनी मलाई त्राही देवेशी गिरिजा दम्व महेश्वरी जे इच्छाले

पूजियो धौ राज्य सौभाग्य समम्पत्ति"[६]

यस मन्त्रद्धारा पूजा गरी विधिपूर्वक कथा सुनेर प्रशस्त अन्न दुःखी-दासीलाई दिनू व्राहमणहरूलाई पनि शक्ति अनुसार लुगा, गहना लगाई दिनू भनी अरू स्त्रीहरूलाई पनि प्रशस्तै लुगाफाटो गर-गहनाहरू दिनुपर्छ र शक्तिले भरिएको यिनले पतिको साथ कथा सुनेर पूजा समाप्ति गर्नु पर्छ भनिएको छ ।

यो व्रत वस्ता निराहार निर्जन बस्न सके अझ राम्रो मानिन्छ । कुनै कुनै महिलाहरू तिजको व्रतका दिन थुक समेत निल्दैनन् । यो शक्तिशाली व्रत गरेर नारीका सवै पाप काट्छन् । एकपटक गरेका व्रतले सात जन्म सम्म राज गरेर ढलिमली भइरहन पाइन्छ र सौभाग्य पनि वढ्छ । यही शुक्ल तृतीयाको दिन कुनै नारीले खान्छे भने सात जन्म सम्म बाँझी हुन्छे भनिन्छ । प्रत्येक मनुष्य योनीको जन्ममा प्रत्येक पटक विधबा भइरहन्छे, दरिद्र भइरहन्छे, पुत्रशोक हुन्छ । दुःख भोगिरहनु पर्ने हुन्छ । भाद्र शुक्ल तृतीयाको दिन उपवास नबस्ने नारी घोर नरकमा पर्दछे भनिएको पाइन्छ ।[७] व्रत बसी, सुन, तामा, पितल अथवा माटाकै भए पनि एउटा भाँडोमा वस्त्र अन्न दक्षिणा राखी व्रत पूरा गर्नका लागि त्यो वाचन (पूर्णपात्र) अन्न उत्तम व्राह्मणलाई दिनू यस्ता प्रकारले विधिपूर्वक जो नारी व्रत गर्दछे, त्यो आफ्ना पतिका साथ रमण गरिरहन्छे र पृथ्वी तलमा

---

६. वार्षिक व्रत रत्नावली, पृष्ठ ८० ।

७. ऐजन, पृष्ठ ८१ ।

अनेक किसिमका भोगभोग्दै अन्त्यका साथ सामान्य मुक्ति पाउन्छे । हजारौँ अश्वमेघ यज्ञ गर्नाले जो फल मिल्छ त्यो फल केवल हरितालिकाको कथा सुन्नाले मात्रै पनि मानिसहरूले पाउँछन् । यस प्रकारले यो तिजको व्रतको महत्व र पूजा गर्ने विधि अनुरूप परम्परागत रूपमा बर्षेनी मनाउँदैँ आएको पाइन्छ । यसरी यो व्रतको पूजा बस्ने परम्परा झनै बढ्दै गएको छ । यो हरितालिकाको व्रतले अथवा यो तिज पर्वले नेपाली महिलाहरूलाई आफ्नो माइतीसँगको सम्बन्धलाई दिगो र सुमधुर राख्नमा धेरै सहयोग पुऱ्याएको पाइन्छ । यसले बिर्सन खोजेर पनि बिर्सन नसकिने स्थितिको सिर्जना गरेको छ । दिदी बहिनीहरूले मात्र होइन दाजुभाईहरू समेत वा दिनमा आफ्ना बिहे भई गएका दिदी बहिनिहरूलाई बिर्सन सक्दैनन् । माइतीप्रतिको माया, ममता र सम्झनाको कोसेलीका रूपमा यो पर्व कालन्तार सम्म रहि रहने छ । साथै आफ्नो शुद्ध हृदयले मन बचनले आफ्नो पारिवारिक सु:ख शान्तिको लागि कामना गर्ने परम्पराको सिर्जनाले आध्यात्मिक चेतनाको कारणले भए पनि परिवारमा सु:ख शान्ति कायम राख्न धेरै सहयोग पुऱ्याएको कुरालाई सकारात्मक मार्ग दर्शनको रूपमा पनि लिन सकिन्छ । बिहे नभएका कन्या केटीहरूले पनि यो व्रत विधि पुऱ्याएर गर्ने गरेमा आफूले चाहेको जस्तो ‘वर’ पाउन सकिने स्थितिको मार्ग दर्शन भए अनुरूप उनीहरू पनि यस व्रतलाई सकारात्मक रूपमा लिएर बस्ने गरेको पाइन्छ । साथै आध्यात्मिक आस्था र विश्वासले गर्दा यसलाई कर्तव्यको रूपमा पनि लिने गरेको पाइन्छ । आजभोलि यो व्रत निर्जल निराहार उपसना गरेता पनि प्रत्येकको घरमा मण्डप बनाउने प्रचलन छैन । गाउँका सबै महिलाहरू एकजुट भएर सार्वजानिक स्थलहरूमा गीत गाउने, नाच्ने गरिन्छ । व्रत बसेको साँझपख मण्डप नबनाएमा नजिकको मन्दिरमा गएर विशेष गरी शिव पार्वतीको मन्दिरमा या मूर्तिमा गएर पुजा गरिन्छ । रातभरि नाचगान गरी अर्को दिन बिहान आफूले सक्ने सामानहरूको दान, दक्षिणा दिई नुहाई धुवाई गरी खाने प्रचलन छ । यसरी यो तिजको पुजा आजा सम्पन्न गरिसकेपछिको दोस्रो दिनमा पञ्चमीको (ऋषि पञ्चमी) व्रत बस्नु पर्दछ । यसको छुट्टै महत्व छ तापनि तिजको सन्दर्भलाई समेत पञ्चमीको व्रत सँगै गास्ने गरिन्छ । यसपछि तिजको सन्दर्भ पनि समाप्त भएको मानिन्छ ।

## पर्वगीतका रूपमा तिज गीत

मानव जीवनमा चार्ड, पर्व उत्सव आदिको ठुलो महिमा छ । जीवनमा राष्ट्रिय भावना जगाउन, आफ्नो संस्कृति र अपनत्वको बोध गराउन, मनोरञ्जन प्रदान गरी बन्धुबान्धवमा मेलमिलाप तथा एकता स्थापना गर्न र व्यावहारिक सन्तापद्वारा सन्तप्त जीवनमा शान्ति ल्याउन र नव जीवन सञ्चार गर्न समेत यी पर्व उत्सवहरूले ठुलो महत्व राखेका छन् ।

राष्ट्रको सामाजिक र सांस्कृतिक उच्चता कला कौसल र सभ्यताको माप आदि पनि केही मात्रामा यिनै राष्ट्रिय पर्व-उत्सबहरूबाट बुझ्न सकिन्छ । त्यसैले राष्ट्रियस्तरमा पनि लोकजीवनमा परम्परागत रूपवाट चलिआएका पर्व-उत्सबहरूको महत्वपूर्ण स्थान छ । नेपाली सस्कृति, जीवन परम्परा र जनमानस भावुक भैसकेको छ हामी भावना-भावनामा नै आस्था र श्रद्धावान बन्दछौ , सवैथोकमा विश्वास गर्दछौ । यिनै भावना, श्रद्धा, विश्वास र धारणा आदिको फलस्वरूप ढुङ्गो, माटो र रूख, लहरा, बुट्यान आदिमा समेत हामी देवत्व पाउँछौ । अनि तिथि, गते आदिमा जात्रा पर्व मनाउँछौ । नेपालीहरूको जीवनक्रम यस्तो छ जो एक न एक प्रकारको पर्व-समारोह नभई कुनै पनि महिना बितेको पाइँदैन । यहाँ यी पर्व-उत्सव आदिको आ-आफ्नै प्रकारका आध्यात्मिक महत्व रहेको छ । यिनले एकातिर मानवको चेतनामा सांस्कृतिक भावनाद्वारा एकताको भाव उर्मादछन् भने अर्कोतिर यहाँ मुखरित भएका भावनाले देशको सामाजिकता र ऐतिहासिकताको चित्र, जनजीवन, वस्तुतथ्य पनि मुख मुखै लोकसमक्ष प्रकट गर्दछन् । यस प्रकारका हाम्रा यी जात्रा-पर्व, उत्सव-समारोह आदिमा गाइने गीतिधारालाई लोक साहित्यमा पर्वगीतका रूपमा लिँदै आएका छौँ ।

तिज हरेक वर्ष भाद्रशुल्क तृतीयाको दिन मानिने कर्म चलेका विवाहिता महिलाहरूको व्रतोत्सव हो । तिजको समयमा जतिसुकै टाढा र पुरानो माइती भए पनि आइमाईहरू माइत जान हुरूक्क हुन्छन् । उनीहरूलाई माइतीविनाको तिज रमाइलो र महत्वको लाग्दैन । तिजको दिन दिनभर निराहार रही, नाचगान गरी महिला वर्गवाट शिव-पार्वतीको पूजा गरिन्छ र भक्तिभाव देखाइन्छ । यसरी दिनभर निराहार रहनु पर्ने दिनमा माइतमा जम्मा भएका सारा चेलीहरू एकत्रित भई गाउने, नाच्ने र रमाइलो एवं राम-रमितो गर्ने भएकाले भाद्र द्वितीयाको बेलुका अनि विहानीपखसम्म दर खाने परम्परा छ ।

यहाँ दरको अर्थ आड हो  र तिजको दिनभर गाउँदा, नाच्दा पेटमा दरिलो खाद्यान्नको आड रहोस् भनी दर खुवाउनका लागि माइताबाट चेली लिन भ्याएसम्म लिन जाने र नपाए निमन्त्रणा पठाउने प्रचलन रहेको छ । यदि तीजमा लिन नआएमा वा वेवास्ता गरेमा अपमान सम्फन्छन्, आउन चाँहदैनन् । त्यसैले तिजमा उनीहरूलाई लिन जानु वा मान्छे पठाउनु नै पर्दछ । अफ भर्खर-भर्खर विवाह भएका चेलीलाई त वावु, दाजु-भाइ नै लिन जानु आवश्यक हुन्छ । यसरी तिजको दरखाने अघिल्लो दिन नै प्रायः चेलीहरू घरवाट सासू-ससुरा र पतिदेवसँग बिदा भई माइत आइ सकेका हुन्छन् ।

“माइतीको कुकुर पनि प्यारो” उखान जस्तै विवाहित चेलीहरूको लागि माइती घर विशेष प्रिय र गौरवमय हुन्छ । आफू जन्मेकी तथा हुर्केको ठाउँको दर्शन र आफ्नो सङ्गीसाथी, दौतरीहरू प्रिय बन्धुबान्धवहरू आदिको स्नेह र सन्तोषपूर्ण मिलनको घडी तिजलाई मान्दै ऊ पर्खिरहेकी हुन्छे । त्यसैले ऊ तिजमा माइतीघर पुग्न पाइन भने जे-जति सम्पन्न नै किन नहोस् आफूलाई माइतीले बिर्सेको ठान्दछे । अनि विरह र पिरका उच्छवासहरू तिजको गीतिलयमा पोख्न थाल्दछे । तिजपर्वको अवसरमा नारीद्वारा गाइने गीतलाई तिज गीत भनिन्छ । प्राय भाद्र महिनामा पर्ने महिलाहरूले तिजको पर्वमा गाइने गीतलाई भदौरे गीत पनि भनिन्छ । यो नारी प्रधान गीत हो । यो एकल  रूपमा गाउन सकिने भएता पनि अधिकांश सामूहिक रूपमा गाइन्छ । नारी जीवनको मर्मको अभिव्यक्ति यस गीतमा पाइन्छ ।, नेपाली नारीका पीडा, रोदन, कन्दन, विलाप, उत्पीडन र आँसुको अभिव्यक्ति यस गीतमा हुन्छ । बालविवाह, अनमेल विवाह, सासूको शासन, सामाजिक विधि र संस्कारले जन्माएको दुःख दर्द शीर्षक विरूद्धको नारी विद्रोह र सचेतनाका स्वरहरू यस गीतमा मुख्य विषय वस्तुका रूपमा आएका हुन्छन् ।

जस्तै,

शिरफूल लाएकी घरबाट आएकी
भित्र पनि आइनौ छोरी, के छ मनमा
कस्तो हुन्छ मेरो बाबा तप्केनीको खेती
उस्तै हुन्छ मेरो बावा सौता घरमा ।

तिज गीतमा लय र भावलाई महत्व दिइएको पाइन्छ । लोक सङ्गीतलाई लयात्मकता र आकर्षणमय मिठास प्रदान गर्नका निम्त मुर्चुङ्गा, मादल, डम्फु आदि विविध बाजाहरूको

उपयोग गरिन्छ तर पनि तिजमा भने कुनै बाजा बजाँइदैन अथवा भनौं अनिवार्यता ठानीदैन । सामूहिक रूपमा सङ्गीसाथी बसी गीत गाउने र थपडी बजाई बाजाको काम लिने गरिन्छ । तिजमा विशेष गरी आमा र कान्छो भाइ प्रति चेलीबेटीहरूको स्वतः माया खनिएको पाइन्छ, अनि भाउजू नन्द-आमाजू, सासू, बज्यै आदि घरका महिला वर्गप्रति असहिष्णुताको भावना पोखिएको पाइन्छ । त्यसैले हाम्रो लोकलयका मूल आधार स्तम्भ महिला भएको र उनीहरूको साङ्गेतिक पर्व तिज भएकोले लोकगीत क्षेत्रमा यसको महत्वपूर्ण स्थान छ । तिजकागीतहरू भाका, भावना र अभिव्यक्तिका दृष्टिले विभिन्न प्रकारका छन् । यसमा पनि अवस्था अनुसारको लोक भावना र सामाजिक फेरबदलको हावाले तिजका लोकगीतमा धेरै परिवर्तन आएको बुझिन्छ । हाम्रा पुराना आमा, हजुरआमाका पालामा गाइने कतिपय तिज गीतहरू दुर्लभ प्रायः भैसकेका छन् । जेजति छन् तिनमा प्राय माइतीप्रति गरिएको सद्भावनामय चर्चा र जीवन यात्राप्रतिको असन्तोष नै वढी मुखरित भएको पाउन सकिन्छ ।

जस्तै,

शिरैमा लाउने शिरैको शिरफुला
पावैमा लाउने बीज बरिलै
लग्ने र भेट्ने गरे मेरा दाज्यै
बिर्साइदिए आमा-बाबु माइती बरिलै ।
आमा र बावु नभएकी चेलीलाई
किन र आयो तिज बरिलै
बावा-आमा छइन्जेल महिना दिनमा आउँथ्यौ ।
तिम्रो पाला दाजुभाउजै वर्षदिनको तिज ।

यसरी पुराना तिज गीतमा चेलीका लागि सबैभन्दा ठुलो माइती घरमा आमाबावु हुन्छन् आमाबावुको मृत्युपछि दाजुभाउले आमाबुवा बिर्साएर घर माइती गराई दिनका लागि गीतका माध्ययमवाट दुःख पोखेका पाइन्थ्यो । आमाबुवा छउन्जेल महिना महिना दिनमा नै भेट्न आउने चलन भए पनि, आमाबुवा पछि वर्ष दिनको तिजमा भए पनि सम्झी लिन आउनका लागि दाजु र भाउजूलाई गीतको माध्यमवाट नै सम्झाउने काम भएको छ ।

प्रजातन्त्रकाल भन्दा पछाडि वा हिजो आजका तिज गीतमा धेरै परिवर्तन आएको पाइन्छ । हिजो आजका तिज गीतहरू यस्ता खालका देखिन्छन्:

जस्तै,

छोरी पढाउ बाबाले दाइजो दिने साटोमा
पढी-लेखी हिड्छौँ हामी आफ्नै बाटोमा
कति विकास गरि सके अरू देशका नारीले
हाम्लाई कैले छोडेन घाँसको भारीले ।
उठ उठ दिदी बहिनी केही डर छैन
एउटा मात्र हातले ताली बज्दैन
एक हात पुरुष हो अर्कोहात नारी हो
केही छैन फरक बराबरी हो ।
अवसर देउ छोरीलाई हामीले पनि गर्छौँ काम
पुरुष सरह राख्न सक्छौँ हामीले पनि नाम
व्यवहारमा हुँदैन कहिल्यै साकार

प्रजातन्त्र पछि वा हिजो आज महिला दिदी बहिनीहरूमा केही चेतना भरिदै गएको छ । उनीहरू आफ्ना दुःख पीडालाई एकातिर पन्छाएर पनि महिलाले पनि अधिकार खोज्नु पर्दछ । यो पुरुष प्रधान समाजमा महिलाको पनि बाहुल्यता हुनुपर्दछ भन्ने आबाजहरू तिज गीतका माध्ययमबाट उठाउन थालेका छन् । छोरीले पनि छोरा सरह अधिकार पाउनुपर्छ, छोरीलाई दाइजो होइन शिक्षाको खाँचो छ भन्ने जस्ता बुलन्द आबाजहरू तिज गीतका माध्ययमबाट उठ्न थालेका पाइन्छ ।

# परिच्छेद - पाँच

## तिज गीतहरूको सङ्कलन र विश्लेषण

### ५.१ तिज गीतको पृष्ठभूमि

तिज नेपाली महिलाहरूले अधिराज्यभरि नै मनाउने ठुलो चाड हो । यो चाड भाद्रशुक्ल तृतीयाको दिन पर्छ । तिजमा महिलाहरूले दरखाने, व्रत वस्ने, पूजा आजा गर्ने चलन छ । तृतीयाको दिन अबिवाहित महिलाहरू सुयोग्य वर प्राप्तिका लागि र विवाहित महिलाहरू पति वा परिवारको कल्याणका लागि निराहार व्रत वस्दछन् र शिव पार्वतीको पूजाआजा गर्दछन् । तिज वा हरितालिकाको प्रसङ्ग पार्वतीले महादेवलाई पतिका रूपमा प्राप्त गर्ने सन्दर्भसँग गाँसिएको छ । तिजको अवसरमा गाइने तिज गीतलाई भदौरे गीत पनि भनिन्छ । तिज गीतको पृष्ठभूमिलाई केलाउँदा पार्वतीले साथीहरूसँग वनमा गई महादेव पति पाउनका निम्ति कठोर तपस्या गरेर बसिन् र उनको तपस्यावाट महादेव प्रसन्न भई पार्वतीलाई महादेव पति पाउने वर दिएर जानुभयो भनिन्छ । यसै वखत पार्वती सहित उनका जया, अजया, बिजया साथीहरू मिलेर नाचगान भजन गर्न थाले । यसै समय देखि नै तिज गीतको सुरुवात् भएको देखिन्छ । यसरी पार्वतीको खुसीयालीमा सुरुभएको गीत यसको विकासको कममा चेली बेटीको पीडा, आँसु,उत्पिडन र सुस्केरा नारीमाथि भएका दुर्व्यवार तथा हृदयका घाउहरूलाई शान्त पार्न माइतीको आँगनमा साथी सङ्गीहरू सँगै गाउने गीतलाई तिज गीत भन्न थालियो । साथै हिजोआज नारी

जागरणका चेतना स्वर, देशको वर्तमान परिस्थिति बिविध विषय वस्तुलाई तिज गीतका माध्यमबाट व्यक्त गर्न थालिएको छ । वर्ष दिनमा एक पटक माइतीमा गएर आफ्ना साथीसङ्गीहरूसँग मनका दुःख सुःख साट्ने  समाजमा भएका बिसङ्गति र कु-संस्कारहरूका विरुद्ध चेलीबेटीहरूले बुलन्द आबाज उठाउने गरेको पाइन्छ ।

भदौ महिनाको शुक्ल पक्षमा पर्ने हरितालिका तिजपर्वमा महिलाहरूले विभिन्न किसिमका गीतहरू गाउने गर्दछन् । यसरी परापूर्वकालदेखि हालसम्म आइपुग्दा तिज गीतमा थुप्रै भिन्नताहरू पाइन्छ । समय र परिस्थिति अनुसार तिजमा गीत भाका, स्वरलय र गीतका परिष्कार हुँदै गएको पाइन्छ तापनि हाम्रो लोक सस्कृतिलाई बचाई राख्नका लागि हाम्रा हजुर आमा वा हजुरआमाका पनि हजुर आमाहरूले गाउने तिजको लोक भाकालाई संरक्षण गरेर जानु पर्ने आवश्यकता रहेको छ । सामाजिक कु-सस्कार र राष्ट्रिय अन्योल र अस्थिरताका कारण हरेक जात वर्गका महिला पुरुष उतिकै प्रताडित भइरहेको हालको अवस्थामा महिलाहरू व्यक्तिगत पिरव्यथा र घरायसी हेला, दुर्व्यवहार भन्दा राष्ट्रिय समसामयिक समस्या उजागर गरी सबैलाई राष्ट्र र राष्ट्रियताप्रति गम्भीर हुन आहवान् गरिरहेका छन् । कल्पना र यथार्थको समागम अनि सुमधुर स्वर र करुण भावको सम्मिश्रणले तिजका गति जोसुकैका लागि श्रवणीय बन्न पुगेको छ । महिला पुरुष बरावरको विश्वव्यापी मान्यतावाट नेपाल मात्र अलग रहन नसक्ने वर्तमान समयमा मनोरञ्जनसँगै सन्चेतना बोकेका तिज गीतमा सासू बुहारीका मनमुटाव, नन्द आमाजूको करकर तथा आफ्नै पतिको बानी व्यवहारको पोल खोल्नु भन्दा राष्ट्र उन्नति र समाज परिवर्तनका गहन विषयले प्राथमिकता पाउन थालेका छन् । शान्ति, संविधान र राष्ट्रिय समृद्धिको वकालत गर्दै हिजोआज तिज गीतहरू गाइन थालिएको छ ।

तिज पर्व धार्मिक परम्पराको निरन्तरता मात्र नभई गीति सिर्जना उमार्ने र सामाजिक सांस्कृतिक तथा राजनैतिक चेतना फिजार्ने अवसर सिमित बनेको छ । तिजे गीतका मर्म मूल्य र मनोरञ्जनले तिज पर्व निकै आकर्षक र पिल्सिएका अधिकांश महिलाको जीवन भोगाई राष्ट्रिय चासो बन्न नसकेकोमा महिलाहरू वढी चिन्तित छन् । दाइजो नल्याएको  नाउँमा महिलाले भोगि रहेका सांस्कृतिक हिंसा कम दर्दनाक छैन । अर्काको घर जाने जात भनेर महिलालाई जन्म देखि चितासम्म त्यतिकै विभेद र शोषण गरिरहने हो भने सामाजिक सु-व्यवस्थाका लागि विवाह पछि महिलाले अर्काको घर जाने

प्रचलनमै परिवर्तन ल्याउन महिलाले उठाएका भयानक क्रान्ति वर्तमान राज्यले थेग्न नपर्ला भन्न सकिदैन ।[1]

तिजपर्वमा गाइने गीतहरूको आफ्नै सामाजिक तथा सांस्कृतिक महत्व रहेको पाइन्छ । प्रत्येक गीतहरूले नेपाली मनस्थिति अथवा नेपाली महिलाहरूको भावना बोकेको छ, जसबाट युगचेतनाको आभास पाउन सकिन्छ । जसरी साहित्यलाई समाजको ऐना भनिन्छ । त्यसैगरी तिजका गीतहरूले पनि समाजकै प्रतिनिधत्व गरेर समाजरुपि ऐनाको रूपमा धारणा गरेका हुन्छन् । प्रत्येक समयमा गीतहरूको अध्ययन गर्ने हो भने भिन्न समयका भिन्न भिन्न धारणहरू व्यक्त भएको पाइन्छ । हुन त तिज पर्वको प्राचीन गीतहरूको सङ्गालो अथात् ती गीतहरू सङकलन गराएर सुरक्षित राख्ने प्रकाशनमा ल्याउने गरिएको छैन । पुराना गीतहरूको लय धारणहरू अब बाँकी केवल हाम्रो गाउँघरमा हजुर आमाका स्मरणमा मात्र रहेका छन् । आफ्नो समयसम्मको लय गीत धारणहरू भन्न सम्झनु हुन्छ, तर हजुर आमाको पनि आमाको समयमा गाइने गीतहरूको जानाकारी यहाँहरूवाटै लिनुपर्ने भएको छ र उहाँहरूको जिब्रोलाई आधार मान्नु पर्ने हुन्छ । यसरी श्रृति परम्परामा बाँचेका तिज गीतहरूलाई विश्लेषण गर्ने हो भने विभिन्न समयका गीतका भावहरू पनि भिन्न रूपमा पाउन सकिन्छ ।

## ५.२ तिज गीतको विश्लेषणका आधारहरू

तिज गीत लोक साहित्यको लोक गीतभित्रको पर्वगीतभित्र पर्दछ । तिज गीत सङ्कलन लोक समाजमा नै गएर गर्न सकिने हुँदा हाम्रो समाजमा रहेका विकृति विसङ्गति विशेष गरि महिलाहरूको पीडा उत्पीडन आदिवाट निस्कने आबाज नै तिज गीतका रूपमा बाहिर आउने गर्दछन् । यस गोरखा नगर पालिका भित्र प्रचलित तिज गीतको सङ्कलन गरि त्यसको विश्लेषण लोकगीतका तत्वका आधारमा गरिएको छ ।[2]

---

१. सहदेव भट्ट, ***हाम्रो संस्कृति तिज स्मारिका,*** (काठमाडौं : गोरखा पर्यटन महिला विभाग, २०६६) पृ. ।

२. मोतीलाल पराजुली र जीवेन्द्र देव गिरी, ***नेपाली लोक साहित्यको रूपरेखा,*** (काठमाडौं : साझा प्रकाशन, २०६८), पृष्ठ ३० ।

लोकगीतका तत्वहरूः- कुनै संरचना निर्माणमा नभई नहुने कुरालाई तत्व भनिन्छ । तत्वलाई उपकरण, अङ्ग, घटक विभिन्न नामवाट चिनाउन सकिन्छ । यिनीहरू यस प्रकार छन्:

### ५.२.१ विषय वस्तु

विषय वस्तुलाई कथ्य पनि भन्ने गरिएको छ । लोकगीत कुनै न कुनै विषयसँग सम्बन्धित हुन्छ । त्यो विषय सामजिक, धार्मिक, पौराणिक, ऐतिहासिक, मनोवैज्ञानिक आदि जे पनि हुनसक्छ । यस नगर पालिकामा प्रचलित तिज गीतहरू विभिन्न विषय वस्तुमा समेटिएर विसङ्गति, आर्थिक असमानता, राजनैतिक चिन्ता, लैङ्गिक विभेद जस्ता आदि सन्दर्भहरूलाई विषय वस्तु बनाएर गीतका माध्यमबाट प्रस्तुत गरेका छन् । हाम्रा समाजमा रहेका विविध विषयका विभेदहरूको अन्त्य हुनुपर्ने कुराहरू समेत विषय वस्तुका रूपमा  यी सङ्कलित तिज गीतहरूमा आएका छन् ।

### ५.२.२ रसभाव

भाव वा विचारलाई सिर्जनात्मक कृतिको विषय वस्तु, मूल कथ्य वा अर्न्तवस्तु पनि भनिन्छ । लोकगीतमा लोक भावना र लोक बिचारको अभिव्यक्ति गरिएको हुन्छ । यसमा लोक समुदायको व्यापक अनुभवमा आधारित दुःख-सुख, हर्ष-बिस्मात, प्रेम-पीडा, उज्यालो-अँध्यारो, आँसु-हाँसो, विजय-पराजय, उन्नति-अवन्नति, मिलन-वियोग, बेथा-बेदना आदिको सरल, सहज, स्वाभाविक र प्रभावकारी उद्गार व्यक्त भएको हुन्छ । लोगगीतमा लोक व्यवहार, विश्वास र परम्पराले विशेष अभिव्यक्ति पाएको हुन्छ । यसमा प्रस्तुत विषयले लोक सभ्यता र लोक संस्कृतिको प्रभावकारी दिग्दर्शन प्रंस्तुत गरीएको हुन्छ । कुनै एक भाव वा विचारका अभावमा लोकगीतले मूर्त रूप नलिने हुँदा यसलाई अनिवार्य तत्व भनिन्छ । गोरखा नगर पालिका क्षेत्रभित्र प्रचलित तिज गीतहरूको सङ्कलन गरी विश्लेषण गर्दा सङ्कलित गीतहरूले नारीका उत्पीडन व्यथा समाजमा भएका लैङ्गिक विभेद धनी र गरिव विचको खाडल वा वर्गीय विभेद शिक्षाको कमीले वा चेतनाको कमीले गर्दा छोरीलाई हेर्ने दृष्टिकोण पराई घरमा भोग्नु पर्ने पीडाहरू आदि गीतका भाववाट प्रस्टिएका छन् । महिलाहरूले भोग्नु परेका अन्तर आत्माका पीडाहरू यी गीतहरूका माध्यमवाट पोख्ने जमर्को गरिएका छन् । अर्कोतर्फ समाजमा रहेका सामाजिक, राजनैतिक, आर्थिक र राष्ट्रियता सम्बन्धी कुराहरूमा गहन

चिन्तन मनन गरिएका कुराहरू यी गीतहरूका भाव विचारवाट प्रस्टाइएको छ । समाजमा गर्नु पर्ने परिवर्तन र समयले छोरीलाई दिनु पर्ने अबसर, बालवालिका बालअधिकार, आत्मनिर्भरताका विकल्पहरू वैदेशिक रोजगारमा नभई स्वदेसी रोजगारको लागि रोज्नुपर्ने विकल्पहरू स्वदेशी माटो सुहाउदो पेसामा रम्न सिक्नु हाम्रो बहुमूल्य संस्कार र सस्कृतिको जगेर्ना गर्नु पर्ने जस्ता कुराहरू यी गीतहरूले बोकेको पाइन्छ ।

### ५.२.३ सन्देश

लोकगीतको प्रयोजनलाई त्यसको उद्देश्य भनिन्छ । लोकगीतको सिर्जना निरुद्देश्य नगरिने हुँदा प्रत्येक लोकगीतको केही न केही उद्देश्य रहेको हुन्छ । उद्देश्य बिनाको लोकगीत निरर्थक रचना ठहरिने हुँदा एउटा तत्वका रूपमा यसको महत्वपूर्ण स्थान रहेको छ । नेपालीका अधिकांश लोकगीतहरू उपदेश दिने उद्देश्यले रचिएका छन् । यसको प्रयोजन शिक्षा दिने, ज्ञान बढाउने, मनोरन्जन प्रदान गर्ने रहेको पाइन्छ । लोकगीतमा सामाजिक जीवनको वास्तविक भोगाइ अभिव्यक्त भएको पाइन्छ । नेपाली लोकगीत यिनै तीन मध्ये कुनै एक उद्देश्य पुरा गर्ने खालको हुन्छ । सङ्कलिततिज गीतका विभिन्न उद्देश्यहरू रहेका छन् । समाजलाई परिवर्तन गर्न चाहनु, समाजमा रहेका विसङ्गति लैङ्गिक विभेद वर्गीय विभेद, जातीय विभेद र राजनैतिक विभेदको समेत अन्त्य गर्ने सन्देश दिनु यी सङ्कलित तिज गीतहरूको प्रमुख उद्देश्य रहेको पाइएको छ । समाजमा छोरा र छोरी बिचमा गर्न असमानताका व्यवहारहरूलाई अन्त्य गरी छोरालाई सरह अवसर छोरीलाई पनि दिनुपर्छ । छोरीलाई अर्काको घरमा जाने जात भनेर हेला गर्ने होइन, आफ्नो खुट्टामा उभिन दिनु पर्दछ भनेर समाजलाई सन्देश दिने काम यी गीतहरूका माध्यमवाट गरिएको छ । अर्को तर्फ धनी र गरिब बीचको पर्खाल भत्काइनु पर्दछ, वर्गीय बिभेदको आधारमा कोही माथि र कोही तल हुनुहुन्न भनेर धनी र गरिव बीचको दुरी अन्त्य गर्नु पर्ने कुराहरू यी तिज गीतका उद्देश्य वनेका छन् । राजनैतिक कारणवाट देश झन् संकटग्रस्त अवस्थामा गुज्रिएको हुँदा राजनीतिज्ञहरूलाई समेत फराकिलो विचार धारा लिएर अघि बढ्न, वैदेशिक रोजगारमा होइन स्वदेशमा नै रोजगार रोज्नका लागि सन्देश दिनु पनि यी गीतहरूका उद्देश्य रहेको पाइन्छ । हाम्रो आफ्नो संस्कार संस्कृतिलाई वचाउनु सरल जीवन विताउन सिकाउनु र संपूर्ण जनसमुदायहरूलाई राष्ट्रप्रेमको भावना जगाउनु समेत यी गीतहरूका उद्देश्य रहेका

छन् । यसमा जनसामन्यको भाषा प्रयुक्त भए पनि यो प्रभावकारी र आकर्षक हुन्छ । लोकगीतको भाषामा लाक्षणिकता र व्यञ्जनात्मकता पाइए पनि सरलता, बोधगम्यता र मधुरता यसका खास विशेषता हुन् । भाषा लोकगीतको अपरिहार्य माध्यम र भावलाई साकार पार्ने साधन भएकोले यसलाई लोकगीतको अनिवार्य तत्व मानिन्छ ।

### ५.२.४ भाषा

साहित्य एवं लोक साहित्यको माध्यम भाषा लोकगीतको पनि माध्यम हो । लोकगीतमा लोकभाषाको प्रयोग गरिन्छ । त्यसैले यसमा झर्रा शब्द, स्थानीय शब्द र सरल शब्दहरूको बढी प्रयोग हुन्छ । भावानुकूल सरल, सहज शब्दावलीको प्रयोग यसको विशेषता हो । यसको भाषा अलङ्कृत तथा बढी काव्यात्मक नभई सादा प्रकारको हुन्छ । यसमा अनुप्रास, रूपक, उपमा आदि अलङ्कारहरूको स्वाभाविक प्रयोग भए पनि तीनको बोझिलो र जटिल प्रयोग हुँदैन । यसको भाषामा छन्दले भन्दा लय, गेयता र सङ्गीतात्मकताले प्रधानता पाउछ । तिज गीत सामान्य परिवेशमा अनपढ र अशिक्षित समुदायबाट पनि गाइने गीत भएको हुँदा यसमा सामान्य र सरल भाषा बढी पाइएको छ । कुनै कुनै गीतमा व्यङ्ग्य पनि गरिएको पाइन्छ । तिज गीतमा प्रस्तुत हुने शैली रेखीय रूपमा अगाडि बढेको पाइएको छ ।

लोकगीतको अभिव्यक्ति गर्ने ढङ्गलाई शैली भनिन्छ । यसमा अधिकांशत लोकशैलीको प्रयोग भएको हुन्छ । लोकशैली प्राकृतिक र सरल हुन्छ । यसमा शैलीगत कृतिमता नभई सादापन रहन्छ । लोकको सहजतालाई लोकगीतबाट भित्र हुने र आफ्नो पहिचान देखाउन सक्ने हुन्छ । यसमा उच्च र मध्यम शैलीको प्रयोग नभई साधारण शैलीको प्रयोग गरिन्छ । यो साधारण शैली लोक जीवन र लोक अभिव्यक्तिकै लोकप्रिय शैली बनेको देखिन्छ । लोकगीत सरल र सहज शैलीमा बाधा रहित ढङ्गले अविरल बगिरहन्छ । यसमा मुख्यत भावपूर्ण शैलीका प्रयोग गरिन्छ ।

### ५.२.५ लय वा भाका

लय लोकगीतको प्राण हो । भावात्मक गहिराइमा पुगेर रागात्मक अनुभूति दिलाउन लयले महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । यसमा प्रवलय, मन्दलय र विलम्वित लय गरी तीन किसिमका लय पाइन्छन् । लयले लोकगीतको नीजीरूप प्रदान गरेर स्वर सङ्गीतको मोहनी लगाइदिन्छ ।

### ५.२.६ प्रस्तुति

लोकगीतलाई प्रस्तुत गर्ने विभिन्न तरिकाहरू हुन्छन् । अभिव्यक्तिको क्रममा एकल, दोहोरी र संवादात्मक कथन पद्धतिलाई लोकगीतमा अपनाइन्छ । तिज गीत पनि लोकगीत भित्र पर्ने हुँदा यसमा पनि एकल गायन, दोहोरी र संवादात्मक कथन पद्धतिलाई अङ्गालिएको छ ।

### ५.२.७ चरण

चरण भनेको पाउ हो । गीतको पहिलो चरणलाई फेद र पछिल्लो चरणलाई टुप्पो भनिन्छ ।

## ५.३ गो.न.पा. क्षेत्रभित्रका सङ्कलित तिज गीतहरू र विश्लेषण

### ५.३.१ पिर, वेदना बोकेका गीतहरू

कहिलै सुख हुनि भएन यो अभागी छोरीलाई
फुकाउँदैछु वेदनाको पोको बरिलाई ।

अंश पनि छोरालाई, उसैलाई बस्ने घर
किन बुवा छोरीलाई हसियाको भर ।

छोरालाई झोला बोकी स्कुल पढ्न पढाउ नि
गोबर सोर्न छोरीलाई किन खटाउ नि ।

एउटा हातमा आँसु लिन्छु अर्को हातमा भातको गाँस
किन लाउँछौ छोरीलाई सधैँ दाउरा घाँस ।

अरू देशको छोरीले पाए देशै चलाउँछन्

हाम्लाई भने जुठा भाडा माभ्न लगाउँछन् ।

भाइलाई भने भ्रोला भरी कापी र कलम
मेरो भने घाउमा लाउने छैन मलम ।

कामै कामले शरीर थाक्छ रुदै जान्छु मेलामा
दाउरा घाँस गर्नु पऱ्यो पढ्ने बेलामा ।

भात पकाउनु पर्छ हेर ढिकीमा धान कुटेर
घरको धन्दा सक्नु पर्छ राती उठेर ।
ढिकी भ्रातो गर्दा गर्दै ठेला उठ्यो हातमा
निन्द्रा पाको छैन मैले मध्य रातमा

भाले बास्न नपाउँदै पुग्नुपर्छ बारीमा
कति साह्रै खोटी रहिछ मेरो करिमा ।

सपनीमा देख्छु सधैं किताव हातमा लिएको
खुशी हुदै गुरूले शिक्षा दिएको ।

जहिले पनि पुरुषको तडक र भडक
किन हुन्छ छोराछोरी बिचमा फरक ।

(स्रोतः वि.सं. २०६७ तिज प्रतियोगीता, गो.न.पा.)

**(१) विषय वस्तु**

यस गीतमा सामाजिक विषय वस्तुहरू समेटिएका छन् । हाम्रो जस्तो पुरुष प्रधान समाजमा छोरीलाई हेर्ने दृष्टिकोण वा छोरीप्रति समाज वा घर परिवारले गर्ने व्यवहारलाई यहाँ विषय वस्तुको रूपमा औंल्याइएको छ । हाम्रा समाजमा हुने गरेको छोरा र छोरी बिचको असमनतालाई गीतको माध्यम बाट झल्काइएको हुँदा यस गीत सामाजिक विषय वस्तुमा आधारित छ ।

**(२) भाव वा विचार**

मथिको गीतमा छोरीका पीडा व्यथा र उनीहरूले भोग्नु परेका कष्टहरूलाई खुलस्त रूपमा प्रस्तुत गरिएको छ । छोरा र छोरीमा समाजले मात्र नभई आफ्नै जन्मदिने बावु आमाले समेत ठुलो भेदभाव गर्ने गरेका कुराहरू यस गीतका माध्यमबाट प्रस्तुत गरिएका छन् । एउटै कोखबाट जन्मिएका सन्तानमा पनि धेरै भेदभाव हुने गरेका यथार्थहरू गीतका माध्यमबाट पोखिएका छन् । छोरालाई पढ्न पठाउने र छोरीलाई ढिकी जाँतो, मेलापात र दाउरा घाँसमा दिन काट्नु पर्ने वाध्यताहरू हाम्रो समाजमा अझै पनि छ । यसलाई अन्त्य गर्नु पर्छ भन्ने भाव यस गीतमा झल्किएको पाइन्छ ।

**(३) उद्देश्य**

यस गीतको उद्देश्य समाजलाई परिवर्तन गर्नु रहेको छ । समाजमा भएका कुविचारहरूलाई अन्त्य गर्नु पर्दछ भन्ने यसको मूल उद्देश्य हो । जबसम्म हाम्रो व्यक्तिगत मानसिकता वा समाजको मानसिकतामा छोरा र छोरीलाई हेर्ने दृष्टिकोण फरक हुन्छ तब सम्म हाम्रो समाजलाई परिवर्तन गर्न सकिन्न । समाज परिवर्तन गर्नका

लागि सर्व प्रथम हाम्रो हाम्रो सोचाइमा परिवर्तन गर्नु पर्दछ भन्ने यस गीतको उद्देश्य रहेको छ ।

(४) **भाषा**

यस गीमा साहित्यिक भाषा नभई सामान्य र सरल जनसाधारणले वोल्ने भाषाको प्रयोग गरिएको छ । छोरा र छोरी बीचको विभेदलाई सरल भाषाको माध्यमवाट प्रस्तुत गरिएको छ । साथै स्थानिय भाषाको प्रयोग गरिएको पाइन्छ ।

जस्तै,

सपनीमा देख्छु सधै कलम हातमा लिएको ।
खुसी  हुँदै गुरूले शिक्षा दिएको ॥

यस गीतमा सरल भाकाको माध्यमबाट मार्मिक भावना व्यक्त गरिएको छ ।

(५) **लय वा भाका**

तिज गीत विभिन्न लय र भाकामा गाइन्छ । यस गीतको लय वा भाका सरल किसिमको वा जोसुकैले पनि सजिलै सँग गाउन सक्ने खालको छ । यसमा छरितो भाका प्रयोग भएको हुँदा यसलाई जो कोही सजिलै सँग गाउन सक्छन् ।

(६) **चरण**

लोकगीतको विषय वस्तुलाई अगाडि बढाई रहने प्रक्रिया चरण हो  । तिज गीत पनि यसै चरणको माध्यमबाट अगाडि बढीरहेको हुन्छ । यस गीतमा बाह्र वटा चरणहरूलाई लिइएको छ । प्रत्येक फेद र टुप्पोको शब्द चयनले चरणलाई मिलाएको छ ।

**७. कथन पद्धति**

यस गीतमा सर्म्पूण दिदी बहिनीहरू मिली सामुहिक रूपमा गाउने कथन पद्धतिलाई अङ्गालेको पाइन्छ ।

## ५.३.२ गरिब र धनीबिचको असमानताका गीतहरू

ओठमा छैन हाँसो खुसी दलमा छैन चइन
दुःख पाउने चेलीले सुन बइन

के को रहर हुन्छ र गरिबलाई तिजको

बलिनधारा आँसुले चोली भिज्याको

विरामी हुँदा पनि सिटामोल पाछैन
पाँच दिन भै सक्यो खाना खाछैन ।

हुने खानेहरूले गर्छन् कुरा तगडा
गरिबीको कारणले घरमा झगडा ।

सन्तानलाई लुगा छैन कति दुःख परेको
छिन छिनैमा कति मेरो आँसु झरेको

थोरै पैसा लिइ जाँदा सामान केही पाँइदैन
झगडाको बिऊ घरमा अरू चाहिदैन ।

उपचार गर्न नपाई रोगी भई मरेको
त्यही भएर चेली विदेश जान परेको

कसैले त परिवारको मुखै देख्न पाएनन्
उतै मृत्यु भए बरा फर्कि आएनन् ।

बजार भाउ चर्किएर माथि माथि गाको छ
दिन-दिन जनता कङ्गाल भाको छ ।

यति कुरा भने मैले यथार्थ हो भएको
गरिबीको कारणले ज्यान गएको ।

खान लाउन नपाएर गरिबको गयो ज्यान
गरिबको पक्षमा नि लेख संविधान ।

(स्रोत: वि.सं. २०६७ तिज प्रतियोगीता, गो.न.पा.७)

(१) **विषय वस्तु**

यस तिज गीतमा गरिबलाई नै विषय वस्तु वनाएर गीतको रचना गरिएको छ । गाँस, वास र कपासको आवश्यकता पुरा गर्न सक्ने निम्न वर्गका नेपालीहरूको दिनचर्यालाई यस गीतले दर्साएको छ । गरिब भएकै कारण अकालमा ज्यान समेत गएको, घरमा सधैँ अभावको कारणवाट कलभ्कगडा हुने र आफ्नो समस्या समाधान गर्नका लागि वाध्य भएर बिदेसिनु पर्ने र विदेशमा नै ज्यान गएर कतिले घर समेत फर्कन नपाएको कुराहरू यस गीतमा विषय वस्तु वनाइएको छ । समाजमा रहेको गरिबी यस गीतको मुख्य विषय वस्तु हो ।

(२) **भाव वा विचार**

यस गीतमा समाजमा धनी र गरिब बीचको असमानता, गरिबलाई हेर्ने सकारात्मक सोच नभएकाले धनी र गरिब बिचको खाडल भ्कन भ्कन ठुलो हुदै गएको कुरालाई लिएको पाइन्छ । गरिबलाई चाड पर्व आउनु र नआउनुमा कुनै फरक नपर्नु, विदेशमा गएर समेत आफ्ना अभावहरू पुरा हुन नसक्ने हुँदा सरकारले नै गरिब जनताका बारेमा नयाँ सोचका साथ अगाडि बढ्नु पर्ने वा जनतालाई रोजगारको व्यवस्था गर्न सक्नु पर्ने र गरिब र धनी बीचको विभेद अन्त्य गर्नुपर्ने जस्ता भावहरू यस गीतका माध्यमबाट भ्कल्काइएका छन् ।

(३) **उद्देश्य**

यस गीतको उद्देश्य सरकाले गरिब जनताका भावनालाई कदर गर्दै उनीहरूका आधारभूत आवश्यकता गाँस, वास र कपासको ग्यारेन्टी लिन सक्नुपर्ने चेताबनी दिनु नै रहेको छ । गरिब जनताप्रति पनि ध्यान केन्द्रित गरी गरिबहरूको दुःख मर्म छुने किसिमको कानुनी व्यवस्था होस् भन्ने रहेको हुँदा समाजमा रहेका आर्थिक असमनतालाई अन्त्य गर्नु पर्ने यस गीतको मूल उद्देश्य रहेको छ ।

(४) **भाषा**

यस गीतमा सरल र ग्रामीण समुदायले बुभ्कने किसिमको भाषाको प्रयोग गरिएको छ । गरिबका जन जीवन भोग्नु परेका पीडालाई सरल र सामान्य भाषाको माध्यमबाट व्यक्त गरिएको छ ।

(५) **लय वा भाका**

यस गीतमा लय सामान्य किसिमको छ । पुरानो किसिमको तिज गीतको भाका यस गीतमा प्रयोग गरिएको छ । बुढापाका र सामान्य मान्छे पनि यस गीतको लय र भाका बुफ्न वा पछ्याउन सक्छन् ।

(६) **चरण**

यहाँ एघार वटा गीतहरू छन् र हरेक गीतमा दुई चरण छन् । सम्पूर्ण गीतले एउटै विषय वस्तुलाई अगाडि बढाएको पाइन्छ । त्यसैले यहाँका गीतका दुबै चरणहरू वा फेद टुप्पा परस्पर सम्बन्धित छन् ।

(७) **कथन पद्धति**

यस गीतमा सामूहिक कथन पद्धतिलाई अङ्गालेर गीतलाई अगाडि बढाइएको छ ।

## ५.३.३ घरव्यवहार र माइतीप्रति गरिएका गुनासा/वेदनाहरू

कहाबाट सुरु गरौ मैले तिजको वेदना
फैलेको छैन नारीको लागि जन चेतना ।
यही मेरो माइतीघर ....................
यो पापी तिज किन होला नि फर्किदै आइराको
खुसीले होइन पीडाले मात्रै यो मनमा छाइराको
प्यारो छ माइतीघर ....................... ।

सबैका चेली तिज आयो भन्दै गाका छन् माइतीघर
म चेलीलाई चै शधै त्यही घरको डरैडर
प्यारो छ माइतीघर ......................... ।
दिनु भो बावा एक चोटि आउँदा त्यो मुखले बोलेर
समस्या पर्दा कोही छैन बोल्नि हृदय खोलेर
प्यारो छ माइतीघर ................।

सासू र बुहारी हो नि त हामी यो घरको सदस्य

सासू जतिले बुझिदिनुस् अब बुहारीको समस्या

प्यारो छ माइतीघर ................. । (स्रोतः वि.सं. २०६८ तिज प्रतियोगीताबाट)

(१) **विषय वस्तु**

यस गीतमा पनि छोरीका पीडाहरूनै व्यक्त भएका छन् । वावा-आमाले छोरीलाई पराइका घरमा जिम्मा लगाएर जिम्बेवारी वाट पार पाउन चाहन्छन् तर वास्तवमा छोरीलाई अर्काको घरमा जिम्मा लगाउँदैमा उनीहरूको छोरीप्रतिको उत्तरदायित्व सकिएको हुँदैन, त्यसैले छोरीलाई पराइलाई दिनु भन्दा पहिला केटा कस्तो छ तथा घर परिवार कस्ता छन् सबै बुझेर मात्र दिनु पर्ने हुन्छ । यदि त्यसो गर्न नसकेमा छोरीले जीवनभर पीडा वोकेर बस्नु पर्ने कुरा यस गीतमा विषय वस्तुका रूपमा आएको छ ।

(२) **भाव वा विचार**

यस गीतले समाजमा रहेका छोरी-बुहारी प्रति हेर्ने दृष्टिकोणमा फरक हुनु पर्ने भाव व्यक्त गरेको छ । बावु आमाले छोरी हो भन्दैमा त्यसै अर्काको घरमा दिएर पढाउनु हुदैन छोरीका इच्छा र चाहानाको पनि कदर गर्न सक्नु पर्दछ । पराइ घरमा अर्काको छोरी हो भन्दैमा उसका भावनाहरू सँग खेलबाड गर्नु हुन्न । बुहारीका इच्छा र चाहानाहरू पनि बुझ्न सक्नु पर्दछ भन्ने विचार प्रस्तुत भएको छ ।

(३) **उद्देश्य**

यस गीतको मूल उद्देश्य समाजलाई परिवर्तन गर्नु नै हो । हाम्रो समाजले छोरी र बुहारी प्रति हेर्ने नकरात्मक द्रष्टिकोणलाई परिवर्तन गरी सकारात्मक सोच राख्न सक्नु पर्दछ भन्ने यस गीतको उद्देश्य रहेको पाइन्छ ।

(४) **भाषा शैली**

यस गीतमा सरल भाषा प्रयोग भएको छ । ग्रामीण समुदायका दिदी बहिनीहरूबाट गाइएका गीत हुनाले यस गीतमा सामान्य बोलचालको भाषामा प्रयोग हुने भाषा बढी प्रयोग भएको पाइएको छ । साथै सरल शैलीको प्रस्तुत भएको पाइएको छ ।

जस्तैः

सबैका चेली तिज आयो भन्दै गाका छन् माइती घर ।

म चेलीलाई चै सधैं त्यही घरको डरै डर ॥

प्यारो छ माइती घर ………………… ॥।

(५) **लय वा भाका**

यस गीतको लय रेखीय रूपमा आगडि बढेको नभई अलि भीत्र किसिमको छ । आफ्नो मनका भावनाहरूलाई जसरी भए पनि मिलाए व्यक्त गर्न खोजेको हुदाँ लय वा भाका अलि भिन्न छ ।

(६) **चरण**

यस गीतमा पाँच वटा गीतहरू छन् र हरेक गीतलाई तीन चरणमा विभाजन गरेर गाइएको छ । गीतमा चेलीवेटीहरूको पिडाहरूलाई विभाजन गरिएको छ । पहिलो र दोस्रो चरणमा गीतको फेद टुप्पा परस्पर सम्बन्धित छन् भने तेस्रो चरणलाई गीतको बोलको रूपमा लिइएको छ ।

(७) **कथन पद्धति**

यस गीतमा छोरी बुहारीका वेथा पीर वा कथनहरूलाई सामुहिक रूपमा व्यक्त गरेको पाइन्छ ।

## ५.३.४ नारी वेदना सम्बन्धी गाइएका गीतहरू

जताततै हरियाली धानको बाला लरिलै
सुन्नु होला नारीको दुःख  बरिलै ।
प्रत्येक घरको चुलाचौका हामीलाई थुन्ने जेल हुन् ।
गहनाको नाम गरेको हाम्रो नेल हुन् ।
छोडि दिउ चुलाचौका फालिदिउँ हाम्रो गहना
ढुक्कसँग सकिन्छ अघि बढ्न ।
नबसौं है दिदी-बहिनी शधै चुला चौकामा
हाम्ले हिरा फोर्नैपर्छ आको मौकामा ।
महिलाहिंसा हटाउन संविधानमा लेख्नुछ ।
भाषण मात्र सिमित होइन व्यवहार देख्नुछ ।

अरू माथि पर्ने मर्का आफैलाई झैं सोचर
संविधानमा लेखाउनु छ बाजी ठोकेर ।
उठ मेरा माइजु फूपु उठ भाउजु बुहारी
संविधान लेख्नु पर्छ सबलाई गुहारी ।
कति नारी बसेका छन पुरूषको डरमा
कति नारी दुखी छन घर घरमा ।
सबै नारी एक भई उठाउ है आबाज
पाउने छैनन् कसैले नि खेल्न कवाज ।
छोरा छोरी फरक देख्ने  यो पापी नजर
गाउँघरमा अझै पनि छन् नि हजार ।
यो चलनले नेपालमा विकास हुन गएन
अन्याय र अत्याचारको सीमा रहेन ।
उठौँ हामी जुटौं हामी एक ढिक्का भएर
नारीको उद्धार गरौं नारी भएर ।
यो देशको गाउँ ठाउँमा भएन नि चेतना
नारीले नै बुझ्दैनन् नारी वेदना ।
अधिकार खोज्नुपर्छ हामी महिला डटेर
पाइदैन अधिकार पछि हटेर ।

रूखवाट चरी झऱ्यो डाली नुगाउदै बरिलै
फेरी आयो पापी तिज यो मन रूवाउँदै बरिलै  ।
कहिल्यै पनि पाउने छैन एउटा शब्द बोल्न बरिलै
पर्ने भयो स्वामी ज्यूको अब पोल खोल्न बरिलै ।
दिएउ बाबा छोरीलाई खुशराजी बनी बरिलै,
छोरीलाई हुने भयो के खाम के लाम भनि बरिलै ।
पढाइ भाको भए नि बाबा अरिकाको भरले बरिलै
आखिरीमा शधै मैले बस्नुपर्छ डरले बरिलैाई ।
आजै छोरी नदिने भो भन्नु भयो आमाले बरिलै

क्याम्पस पढ्ने केटा आछ दिन्छु भने बाले बरिलै ।
घरवाट कलेज भनी ब्याग बोकेर गाछ बरिलै
कलेजबाट आउँदा खेरि कोही निचन्ने भाछ बरिलै ।

बाले भन्छन् ज्वाइको बानी राम्रो छनी नानि बरिलै
ज्वाइको बानि राम्रो रहिछ गाजा रक्सी खाने बरिलै (स्रोत: वि.सं. २०६८ तिज प्रतियोगीता)

(१) **विषय वस्तु**

यस गीतमा महिलाहरूका पीडालाई विषय वस्तु वनाइएको छ । महिलाहरूलाई समाजले हेर्ने दृष्टिकोणमा परिवर्तन नभएसम्म वा समाजलाई परिवर्तन गर्न नसकेसम्म महिलाहरूले आफ्नो हक, अधिकार प्राप्त गर्न सक्दैनन् । महिलाले हटेर होइन डटेर अधिकारको निम्ति लाग्नुपर्ने र महिला अधिकारको बारेमा कानुनमा नै लेखाउनुपर्ने कुराहरू समेत प्रस्तुत गरिएको छ । महिलाको मर्कालाई महिलाले समेत नबुझ्ने हुँदा सासूले बुहारी माथि र नन्द, अमाजूले भाउजू बुहारी माथि अन्याय अत्याचार गरिरहेको कुरा समेत झल्काइएको छ ।

(२) **भाव वा विचार**

यस गीतको मुख्य भाव महिलाहरू समाजले गर्ने शोषण दमनको अन्त्य गर्नुपर्दछ भन्ने हो । समाजले महिलालाई फरक रूपमा हेर्ने गरेको पाइन्छ । छोरा र छोरी बीचको भेदभाव महिलाले समाजमा के गर्न सक्छन् र भनेर हेप्ने प्रवृति आदिको अन्त्य गर्न सबै महिलाहरू एक ढिक्का भएर लाग्नु पर्ने । सबैभन्दा पहिले महिलाले आफू महिला भएर महिला माथि गर्ने हिंसाको अन्त्य गर्नुपर्ने जस्तै सासूले बुहारी माथि गर्ने व्यवहारमा सुधार गर्नुपर्ने, नन्द, आमाजूले, भाउजू बुहारीमा गर्ने व्यवहार सबैमा सुधार गरेर मात्र महिलाहरू एक भएर आफ्नो अधिकार प्राप्त गर्न सकिने कुरा यस गीतबाट प्रष्ट पारिएको छ ।

(३) **उद्देश्य**

यस गीतको उद्देश्य समाजलाई परिवर्तन गर्नु नै हो । रूढीवादी संस्कारले सिकाएका कुराहरूलाई बिस्तारै परिवर्तन गरेर जानुपर्ने कुरा यस गीतको उद्देश्य बनेको छ ।

समाजलाई परिवर्तन गर्न सर्वप्रथम हामी समाजमा बस्ने मानिसहरूको मानसिकता परिवर्तन हुनु पर्छ भन्ने कुराहरू यस गीतको माध्यमवाट झल्काएर समाजलाई सकारात्मक दिशातिर धकल्न यस गीतको माध्यमवाट प्रयत्न गरिएको छ । महिलाहरूलाई वा समाजमा छोरीलाई हेर्ने दृष्टिकोणमा शधैको लागि परिवर्तन गर्नुपर्ने सुझाब समेत यस गीतले दिएको पाइन्छ ।

(४) **भाषा**

यस गीतमा सामन्य बोलचालको भाषामा प्रयोग हुने भाषाको प्रयोग भएको छ । सामान्य जन मानसले बुझ्ने भाषामा गीतलाई सरल शैलीमा प्रस्तुत गरिएको छ । नारीहरूका मनभित्रका पीडाहरूलाई सरल र सहज रूपमा प्रस्तुत गर्न खोजिएको पाइन्छ ।

जस्तैः

आजै छोरी नदिने भो भन्नु भयो बरिलै ।

क्याम्पस पढ्ने केटा आछ दिन्छु भने बाले बरिलै ॥

आछ भने बाले जस्ता सामान्य वोलचालको भाषा प्रयोग भएको छ ।

(५) **लय वा भाका**

यस गीतमा पुरानै लय वा भाकाको प्रयोग भएको छ । गीत सरल किसिमको छ । सबैले सजिलै गाउन र वुझ्न समेत सक्ने लयको प्रयोग भएको छ ।

(६) **चरण**

प्रत्येक गीतमा अठार अक्षरहरू रहेका छन् । गीतको प्रत्येक चरणमा तीन ठाँउमा रोकिएर गीत गाइएको छ । यस गीतमा एक्काइस वटा गीतहरू रहेका छन् । प्रत्येक गीतमा दुई वटा चरणहरू छन् ।

जस्तै,

रूखबाट चरी झऱ्यो डाली नुगाउँदै बरिलै ।

(७) **कथन पद्धति**

यस गीतमा महिलाहरू माथि हुने गरेको भेद भाव समाजमा रहेका कुसंस्कार आदिलाई सामुहिक रूपमा व्यक्त गरिएको छ ।

## ५.३.५ बालअधिकार सम्बन्धी गीत

यही आज संविधानमा हाम्रो कुरा लेख्छ र
बाल अधिकार हनन भयो कस्ले देख्छ र ।
सडकमा हिँडेका छन् आमा बिना टुहुरा
तिन्लाई पनि बुझाउनु पर्छ यी कुरा ।
तिन्लाई पनि रहर होला स्कुल पढन जानलाई
तिन्लाई पनि अधिकार छ लाउन खानलाई ।
अभिभावक गुमाएर घर छोडी गएका
सडकमै बस्न पर्ने बाध्य भएका ।
आन्दोलनमा कतिले त अभिभावक गुमाए
ती नाबालकहरूले अहिले के पाए ।
सडकमा बस्न पनि चेलीलाई त हुन्छ डर
आफ्नै दाजु भाइको पनि पर्नु हुन्न भर ।
साँझपख घरबाहिर हिँड्न पनि भाछैन
अपराध गर्नेलाई नि कानुन लाग्दैन ।
बाउ आमालाई रहर हुनि छोरी भन्दा छोराको
इज्जत गाको थाछैन कुल घरको ।
नेताहरूका छोराछोरी महङ्गो स्कुल
सरकारी पढ्न पनि हामीलाई मुस्किल ।
टिउसन पढ्न जान पनि हामीलाई त हुन्छ डर
पढाउने शिक्षकको नि छैन हामीलाई भर ।
स्कुल पढ्न जाँदा पनि अपहरण भाको छ
यो मनमा डर र त्रास बढ्दै गाको छ ।
कति आमा बाबुले धनको मुख हेरेर
आफ्नै छोरी जानि जानि बेच्छन् लगेर ।
अपहरण गर्छन् लान्छन् घरबाटै तानेर
फोन गर्छन् कति लाख दिन्छस् भनेर ।

हाम्रो नेपाल बिग्रिएको हाम्रै नेता अन्सार
पैसामा नै अडेको रै छ संसार ।  (स्रोतः सरस्वती वाल समूह)

**(१) विषय वस्तु**

यस गीतको विषय वस्तु बाल अधिकार रहेको छ । बालकहरू बालअधिकार बाट बन्चित भएर रहनु परेको कुरा यस गीतको माध्यमबाट व्यक्त भएको छ । देशको विभिन्न आन्दोलनमा अभिभावक गुमाएर टुहुरा भएका बालबालिका सडकपेटीमा अलपत्र परेर रहेका कुरालाई विषय बस्तु बनाएर गीतको माध्यमबाट व्यक्त गरिएको छ । आन्दोलनको क्रममा आफ्नो ज्यानको बाजी लगाएर लडेका वा मरेका सहिदको छोराछोरीलाई राज्यले केही गर्न नसकेको कुरालाई घुमाउरो पारामा व्यक्त गरिएको छ ।

**(२) भाव वा विचार**

यस गीतको भाव बालबालिकाहरूलाई अधिकारवाट बन्चित गर्नु हुँदैन । वाल वालिकाले पढ्न पाउने, खेल्न पाउने र सहज रूपमा बाच्न पाउने अधिकार राज्य पक्षले हनन गरिरहेको कुरा यहाँ दर्साइएको छ । आमा बुबा वा अभिभावक गुमाएका वाल वालिकाहरू सडक पेटीमा रहन वाध्य भएका छन् । त्यसमा पनि वालिकाहरू माथि हुने दुर्रव्यवहार र उनीहरूले भोग्नु पर्ने शारीरिक र मानसिक यातना समेतलाई यस गीतले समेटेको छ । ठूलावडाहरूको छोरा छोरी महङ्गो स्कूलमा पढ्न र गरिबका छोरा छोरी सरकारी स्कुल समेत पढ्न नपाउने बिडम्वना रहेको कुरा समेत यस गीतको भावमा व्यक्त भएको छ ।

**(३) उद्देश्य**

बाल बालिकाहरू बाल अधिकारवाट बन्चित हुन नपरोस भन्ने कुरा यस गीतको मूल उद्देश्य रहेको छ । समाजमा रहेको असमनता अन्त्य गर्नुपर्ने कुरामा यस गीतले जोड दिएको पाइन्छ । देशको लागि वलिदान बन्ने सहिदका सन्तानको स्थिति बेहाल बन्न भएन सहिदको बाल बच्चा प्रति सरकारको ध्यान जान सकोस् भन्ने सन्देश समेत यस

गीतले दिएको छ । अर्कोतिर आफ्नो घर आगनमा समेत वालिकाहरू असुरक्षित हुन पुगेका कुरालाई सबैले ध्यान दिनुपर्ने आवश्यकता रहेको छ ।

(४) **भाषा शैली**

यस गीतमा सामान्य सरल भाषाको प्रयोग भएको छ । गीत प्रस्तुतिको शैली पनि सहज र सरल किसिमको छ । बाल बालिकाहरूले भोग्नु परेका पीडालाई सहज र सरल शैलीमा यस गीतमा प्रस्तुत गरिएको छ । गीतमा तत्सम र तद्भव शब्दहरूको समेत प्रयोग गरिएको पाइन्छ ।

(५) **लय वा भाका**

यस गीतमा हाम्रो गाँउ घरमा प्रचलनमा रहेको लय र भाकालाई पछ्याइएको छ । सामुहिक रूपमा सरल र सहज तरिकाले आफ्ना पीडाहरूलाई व्यक्त गरेका छन् । यस गीतमा कुनै बनावटी वा नक्कल नभई बाल बालिकाले भोगेको यथार्थलाई झल्काइएको छ ।

(६) **चरण**

यस गीतमा चौध वटा गीतहरू रहेका छन् । प्रत्येक गीतमा फेद र टेप्पा गरी दुई चरण रहेका छन् । त्यसैले यस गीतमा अठ्इस वटा चरणहरू रहेका छन् ।

(७) **कथन पद्धति**

यस गीतमा सडकमा जीवन विताउन बाध्य आफ्ना अभिभावक गुमाएका वाल वालिकाहरूका पीडालाई सामुहिक रूपमा प्रस्तुत गरिएको छ ।

## ५.३.६ देशको अवस्था प्रति चिन्ता गरेर गाइएका गीतहरू

भन्न मन लाग्यो हाम्लाई यो देशको कुरा
सुन्नुस सबै जनाले नि बरिलै ............... ।
हिजोभन्दा आज मन बिग्रदै गाछ, सबको अल्छी पनाले नि बरिलै ........... ।

जता जान्छु त्यतै विकृति भेटिन्छ भयो मन जलन नि बरिलै
गरिब दिन दुःखी माथि अत्याचार भइरहने कस्तो आयो

चलन नि बरिलै ...........

गाउँमा जान्छु गाउँतिरै महिला हिंसा अत्याचार
कति विधि भारैछ नि बरिलै ................
गाँजा रक्सी चुरोट खाँदै बरालिन्छन् दाजुभाइ
कस्तो चलन आरैछनि बरिलै .............

कतिपय जनता भोक मरिमा पऱ्याछन् मिलाई देउन राहत नि बरिलै .............
बस्ने ठाउँ छैन कता सडकमा लड्याछन्
यी सबै जाउन कहाँ तनि बरिलै ..............................

विदेश गाका दाजुभाइ घर पनि आउँदैनन्
परे होलान् फन्दामा नि बरिलै .................
दुखेसो पोख्दा हप्की दप्की गर्छन घर फकाईदेउ
भन्दामा नि वरि लै.......................... ।
गरी खान सकेनौ नि स्वदेशमा बसेर महङ्गी बढदो छ नि बरिलै ............
आजभन्दा भोलि जनसङ्ख्या बढ्दैछ, अवसर घट्दो छ नि बरिलै .............
ठुला ठालु कुर्चिमा छन् जनता परे मारमा, गर्नु पर्छ अरे मान नि बरिलै .......... ।
बैठक मात्रै बस्छन् शधै आफ्नै पेट भर्छन्, कैले बन्ला संविधान नि बरिलै ......... ।
सम्पूर्ण जनताको दुःख पिडा समेटी संविधान लेखियोस नि बरिलै ............. ।
आजको दिनमा जे जस्तो भए नि भोली खुसी देख्योस है नि बरिलै ............ ।

हत्या हिंसा अन्याय देशमा भाको विकृति, नहोस भन्ने भावना नि बरिलै .......... ।
हिन्दु नारीहरूको यो महान् तिजको यहि छ शुभकामना नि बरिलै ............. ।

(स्रोतः २०६८ तिज प्रतियोगीताबाट)

## (१) विषय वस्तु

यस गीतमा देशको समसामयिक अवस्थाप्रति चिन्ता गरिएको छ । देशमा युवाहरू बेरोजगार बनेर विदेसीनु परेको कुरा कुलतमा फसेर कतिले जीवन बरबाद पारेको कुरा कति जनताहरू भोकमरीमा परेका जस्ता कुराहरूलाई यस गीतमा विषय वस्तुका रूपमा लिइएको छ । महिलाहरू माथि हुने गरेका हत्या हिंसा अत्याचार एकातिर छ अर्कोतिर युवा शक्तिले विदेशमा ज्यान समेत गुमाउनु परेको अवस्था र देशको महङ्गीले गरिबलाई हात मुख जोर्न परेको समस्याहरूलाई गीतको बोलले व्यक्त गरेको छ । देश हाक्ने नेताहरूले सधै भरि कुर्चीको लडाइमा आफूहरूलाई सिमित बनाएको कुरा एकातिर देखाएको छ भने अर्को तर्फ सम्पूर्ण जनताको भावनालाई समेटेर सम्पूर्ण नेपालीहरूको मुहार मुस्कान छर्ने संविधान छिटो बनाउन शुभ कामना समेत गीतको माध्यमबाट व्यक्त गरेका छन् ।

(२) **भाव वा विचार**

देशको आर्थिक, राजनैतिक र सामाजिक अवस्थाप्रति ज्यादै चिन्ता गरेको भाव यस गीतबाट प्रस्ट हुन आउँछ । आर्थिक अवस्थाको कारणबाट देशका युवाशक्ति विदेसिनु परेको छ भने अर्को तर्फ सामाजिक कु-संस्कारको शिकार महिला दिदी बहिनीहरू हुनु परेको छ ।

देशमा दिन प्रतिदिन जनसङ्ख्या बढ्दो छ र अबसर घट्दो छ । नेताहरूलाई देशको समसामयिक अवस्थाप्रति भन्दा आफ्नो व्यक्तिगत स्वार्थका कारण कुर्चीको मात्र मोह छ । बढ्दो जनसङ्ख्या र घट्दो अवसरका कारण दैनिक गुजाराका लागि पनि ज्यादै चुनौती बढेको कुरा यस गीतले बोलेको छ । त्यसैले दिदी बहिनीहरूले तिज गतीको माध्यमबाट राम्रो संविधान बनोस् र यो देशले मुहार फेर्न सकोस् कुनै पनि नेपालीको अकालमा ज्यान नजाओस् भन्ने शुभ कामना समेत गीतको माध्यमबाट दिएका छन् ।

(३) **उद्देश्य**

यस गीतको उद्देश्य समाजमा वा देशमा नै विशेष गरी कु-संस्कार र व्यक्तिगत स्वार्थको अन्त्य गर्नु नै रहेको छ । गीतको माध्यमबाट जनताले भोग्नु परेका पीर मर्का व्यथाहरू र देशका जिम्मेवार व्यक्तित्वहरूले राष्ट्र, राष्ट्रियता र आम जनताको भावनामा कुठाराघात गरेको तिता सत्यहरूलाई, ओकेलेर देशलाई सकारात्मक दिशातर्फ लानु पर्ने

सन्देश समेत दिएका छन् । स्वदेशमा नै रोजगार दिन सक्नु पर्ने कुर्चीको मात्र मोह नगरी राष्ट्र र राष्ट्रियताका लागि काम गर्नु पर्ने सुझाब समेत गीतले दिएको छ ।

(४) **भाषा शैली**

यस गीतमा शिष्ट र सामान्य भाषाको प्रयोग भएको छ । गाँउका दिदी बहिनीहरूले समाज र देशको अवस्थाप्रति चिन्ता गरेर सरल शैलीमा आफ्ना कुराहरू राख्नु भएको छ । सबैले बुझ्ने किसिमका सरल भाषाको प्रयोग यस गीतमा भएको छ । गीतमा तत्सम र तदभव जस्ता शब्दहरूले पनि ठाँउ ओगेटेको पाइन्छ ।

(५) **लय र भाका**

यस गीतलाई सरल लयमा घुमाउरो वा लामो स्वरमा गाइएको छ । आफ्ना मनमा गुम्सेको पिडा देशको, अवस्था र नेताको स्वार्थ प्रति घुमाउरो परामा नै व्यङ्ग्य गरिएको समेत पाइन्छ ।

(६) **चरण**

यस गीतलाई नौ वटा गीतमा टुक्राएर गाइएको छ । प्रत्येक गीतका दुई दुई गरी अठार वटा चरणहरू रहेका छन् ।

(७) **कथन पद्धति**

यस गीतमा देशको समसामायिक अवस्थाप्रति चिन्ता गरेर गाइएको छ । देशकै अवस्था प्रति गम्भीर भएर आफ्ना गीतका माध्यमबाट आफ्ना मनका भावनाहरू पोखेका छन् ।

## ५.३.७ वातावरण सम्बन्धी गीतहरू

स्वागत गर्छौं स्वागत गर्छौं सबैलाई स्वागत गर्छौं
वातावरण स्वच्छ पार्ने अभियान चाल्छौं
खाली भो खाली भो के खाली हुन्थ्यो बरै ।

हरियो यो वन हजुर नेपालको धन
मासियो नि कठै बरा जीवजन्तु र वन ।

वातावरण प्रदुषणले ओजन तह घट्यो
के गरेर बाच्ने अब रोगहरू वढ्यो ।

अव्यवस्थित बसोबासलाई न्युनीकरण गरौं ।
पहिरो जान रोक्न हजुर वृक्षरोपण गरौं ।

जैविक मल प्रयोग गरी रासायनिक मल घटाऊ
एउटा रूख काटाउ भने तीन चार रूख रोपाऊ ।

आजकल धेरै मात्रा पानी दूषित भाछ
आऊ हैजा भाइरस ज्वरो जसलाई पनि लाग्छ ।
ठुला ठुला कुरा सुन्दा हाम्लाई दिक्क लाछ
घट्यो वन अहिले हजुर एक चौथाइ भाछ ।

ओजन तह पातलिया छ पलास्टिक बाल्दा
भबिष्यमा खतरा हुन्छ यस्तो कदम चाल्दा ।

(स्रोतः २०६८ मा सम्पन्न भएको तिज प्रतियोगीतामाबाट)

**(१) विषय वस्तु**

यस वातावरण सम्बन्धी गीतमा आफ्नो वरपरको वातावरणलाई वस्तु बनाएर तिज गीत गाइएको छ । वातावरण स्वच्छ राख्न बोट बिरूवाको महत्वपूर्ण भूमिका हुन्छ । त्यसैले बोट बिरूवा लगाएर हरियाली बनाउन पर्छ । बातावरण स्वच्छ र सफा भए रोगबाट बच्न सकिन्छ । स्वच्छ पानी पिउन पाइन्छ । ओजनतह घट्न पाउँदैन र जीव जन्तुहरूको बिनाश हुदैन । त्यसैले बोट बिरूवा लगाउनु पर्छ र जथाभावी रूखहरू काट्नु जस्ता कुराहरूलाई विषय वस्तुका रूपमा लिइएको छ ।

**(२) भाव वा विचार**

यस गीतको मुख्य भाव वातावरणलाई स्वच्छ राख्न हामीले खेल्नु पर्ने भूमिका नै रहेको छ । वातावरणले मानिसको जीवनमा प्रत्यक्ष र अप्रत्यक्ष असर पारिरहेको हुन्छ । त्यसैले वातावरणलाई स्वच्छ राख्न हामीले अग्रणी भूमिका खेल्नु पर्दछ । आफ्नो वरपर वा नाङ्गा पाखाहरूमा बोट बिरूवा सारेर हरियाली बनाउनु पर्छ । जथाभावी फोहर मैला फाल्न हुन्न, प्लाष्टिकहरू सुरक्षित तबरबाट राख्नु पर्छ, जथाभाबी बाल्न हुदैन । विभिन्न किसिमका प्रदूषणले गर्दा ओजन तह घटेको छ भने मान्छेहरूमा अनावश्यक रोग बढेको छ । बाढीपैरोबाट बचाउन सकिन्छ । बोट बिरूवा हुर्काएर वस्तुभाउ पालेर जैविक मल प्रयोग गरी खेती गर्न पर्दछ ।

**(३) उद्देश्य**

यस गीतको मूल उद्देश्य वातावरण स्वच्छ राख्न पहल गर्ने तथा भावी बोट बिरूवा नकाट्ने खाली ठाउँमा बोट बिरुवा रोप्न लगाउने, कृत्रिमताभन्दा प्राकृतिक वस्तुहरूमा ध्यान दिने र समाजलाई सकारात्मक दिशातिर डोऱ्याउन उत्प्रेरित गर्ने यसको मूल उद्देश्य रहेको छ ।

**(४) भाषाशैली**

यस गीतमा सामान्य सरल भाषाको प्रयोग भएको छ । गीतको शैली सरल र सहज किसिमको छ । गीतमा कठै बरा जस्ता स्थानीय भाषाको समेत प्रयोग गरिएको पाइन्छ ।

**(५) लय वा भाका**

यस गीतको लय र भाका अलि जटिल किसिमको छ । आजका युवा पुस्ताले गाउने किसिमको गीत भएकोले वुढापाकाहरूले गाउन अलि गाह्रो हुने लय र भाका यसमा प्रयोग भएको छ ।

**(६) चरण**

यस गीतमा आठ वटा गीतहरू रहेका छन् । सोह्र चरणमा गीतलाई विभाजन गरिएको छ । पहिलो गीत जसरी अगाडि बढेको छ दास्रो गीत पनि त्यसरी नै अगाडि वढेको पाइएको हुँदा चरणका फेद र टुप्पो मिलेको पाइन्छ ।

**(७) कथन पद्धति**

यस गीतमा वातावरण सम्वन्धि कथनहरूलाई गीतका माध्यमवाट गाइएका छन् । यस गीतका कथनहरूलाई सामुहिक रूपमा गाइएको छ ।

### ५.३.८ कृषि पेसालाई महत्व दिएर गाइएका गीत

पहिले पहिले तिजको गीतमा महिलाहरू आफ्ना पिर व्यथाहरू पोख्ने गर्दथे भने हिजो आज देशको बारेमा चेतनाका स्वरहरू हरेक समसामयिक विषय वस्तुमा आधारित रहेर तिजका गीत गाउने गरेको पाइन्छ । यस गीतमा महिलाहरूले वातावरण सम्बन्धी जनचेतना फैलाउने गीतहरू गाएका छन् । हरियो वन राष्ट्रको धन हो यसलाई जोगाउनु पर्दछ वन जोगाउन सक्यौँ भने बातावरण स्वच्छ रहन्छ बाढी पहिरोबाट बच्न सकिन्छ । त्यसैले रूख बिरूवा जोगाउने बानि बसाल्नु पर्दछ । वातावरणलाई स्वच्छ राख्नु हाम्रो कर्तव्य हो भन्ने कुराहरू यस गीतबाट पाइन्छ ।

नयाँ तिज आयो नयाँ सन्देश लिएर
सुन्नुहोस् सबैले ध्यान दिएर ।
नेपाल र नेपालीका पिरव्यथा पोख्दछौँ
यो तिजमा हाम्ले एउटा सन्देश छर्देछौँ ।
विदेशीका दास वन्ने हाम्रो देशको युवाले
धिर्कादै छन् हामीलाई बाझो जग्गाले ।

सहरीया कारणले गाउँ विनाश हुँदैछन्
झर्ना खोला पँधेरी रुदै बग्दैछन् ।
छोराछोरी पढेलेखे अमेरिका लम्कन्छन्,
डलरका धाकले त्यसै चम्कन्छन् ।

कृषि प्रधान देशमा कृषि शिक्षा छैन ।
किसानहरूलाई सम्मान गर्ने बनाऊ कानुन ।
गाउँ छोडी सुख खोज्न सहर तिर जानाले
हाम्रो आयु घट्दै छ कृत्रिम खानाले ।

विकासको मूल फुटाऔँ गाउँमा सबै मिलेर

जग्गा उर्वरा बनाउँ पशु पालेर ।
उन्नत जातका गाई बाखा हाम्रो गोठ खोरमा
अब हामी बाच्न सिकौं आफ्नै भरमा ।

मिहिनेतको ढोका खोली विकासतिर लम्कौंन
जनता र सरकार मिली हात समाऊँन ।
गाउँमा पनि ल्याइदिनूस् कृषि सडक  सुबिधा
किसानलाई नर्पादिनुस् कुनै दुबिधा ।

सरकारले हाम्रो बिन्ति यति कुरा सुन्नुहोस्
पशुपालन शिक्षणमा ध्यान दिनुहोस् ।
यही देशमा लोभ्याउनुस् विदेश जाने मनलाई
सदुपयोग गराइदिनुस युबा जोसलाई ।
उत्पादनलाई बेच्ने बजार व्यवस्थापन गर्नुहोस्
किसानलाई पशुपालन उत्साहित पार्नहोस् ।
ऋृण दिनुस तालिम दिनुस सर्वसुलभ गरेर
कृषि पेसा सम्भव छैन सहर बसेर ।

हाम्रो ठुलो अनुरोध शिक्षित वर्गहरूलाई
गाउँ फर्क अभियान लाउनुस् बरिलै ।
खेर गाका जमिनमा घाँसको रूख रोप्नाले
फाइदा हुन्छ हामीलाई पशु पाल्नाले ।

बातारण हरियाली अक्सिजन बढ्दछ ।
आर्थिक बाटो पनि माथि बढदछ ।
उर्वरा बनी हास्छ जग्गा गाईको मल हाल्नाले
छोराछोरी स्वास्थ्य हुन्छन् पशु पाल्नाले ।

दुध घिउ माछा मासु स्वास्थ्य जीवन चाहिन्छ

फलफुल हराभरा गाउँमा पाइन्छ ।
वनजङ्गल हरियाली कृषि प्रधान देशमा
सरकारको ध्यान पुगोस् कृषि पेसामा ।
यही देशमा काम गरे सुन पनि फल्छ है
युवा बाहिरगाको देखी मुटु जल्छ है ।
काम गर यही देशमा रोजगार पनि पाइन्छ
युवा बाहिर नजाने कानुन चाहिन्छ ।
कृषि रोजगार सम्बन्धी गीत

(स्रोतः गोमा ढकाल)

**(१) विषय वस्तु**

यस गीतमा कृषि पेसालाई महत्व दिएर कृषि क्षेत्रमा सवैको ध्यान जानुपर्ने कुरालाई विषय वस्तुको रूपमा लिइएको छ । नेपाल कृषि प्रधान देश हो । ९०% जनताहरू कृषिमा आधारित छन् तापनि कृषि क्षेत्रमा उचित व्यवस्थापन गर्न नसक्दा किसानहरूको मनोबल गिर्दै गएको देखिन्छ । देशका युवा शक्तिहरू कामको खोजीमा विदेश पलायन भइ रहेका छन् । त्यसैले सरकारले युवा शक्तिलाई कृषि क्षेत्रमा प्रोत्साहन गरी कृषि उत्पादनका लागि लगाउनु पर्ने देखिन्छ । उन्नत मल बिउको व्यवस्थापन गरी किसानबाट उत्पादित उपभोग्य बस्तुहरूको उचित बजार व्यवस्थापन समेत गर्नुपर्ने कुरालाई विषय वस्तुका रूपमा लिइएको छ ।

**(२) भाव वा विचार**

यस गीतको मुख्य भाव हाम्रो देश कृषि प्रधान देश हो । हामी ९०% नेपालीहरू यहि पेसामा आधारित छौं तैपनि हामीले कृषि पेसा प्रति हेलाको दृष्टिकोणबाट हेर्ने हाम्रो सोचाइ छ । युवाशक्तिहरू आफ्नो देशमा नै काम गर्न नलागी बिदेसीने प्रवृति वढ्दो छ भने अर्कोतर्फ सरकारले आफ्नो देशको युवाशक्ति रोजगार दिन सकिरहेको छैन । कृषिमा उन्नत मल बिऊ प्रयोग गराई खेती गराऊनुका साथै पशुपालनमा समेत ध्यान दिने हो भने एकातिर जग्गा जमिन उर्वर बनी बढी उब्जनी हुन्छ भने अर्को तर्फ दुध दही, घिउ, मासु खाएर स्वास्थ्य जीवन जिउन सकिन्छ । सरकारले कृषि पेसामा ध्यान दिन सक्ने हो भने युवा शक्ति विदेसिनु पर्दैन । यही माटोमा सुन पनि फल्न सक्छ वा बहुमुल्य चीजहरू उत्पादन गर्न सकिन्छ भन्ने भाव यस गीतबाट प्रष्ट पारिएको छ ।

(३) **उद्देश्य**

यस गीतको मुख्य उद्देश्य देशका युवा शक्तिहरू विदेशिनु नपरोस् बाँझो बसेका जग्गा जमिनमा उचित व्यवस्थापन गरेर देशको मुहार मात्र नभई हाम्रो जीवन स्तर समेत उकास्न सकुम् भन्ने नै हो । यस गीतको माध्यमबाट देशका युवा शक्ति नबिदेसिन र सरकारलाई युवाशक्ति परिचालन साथै कृषि पेसालाई आधुनिक रूपमा अगाडि वढाउने सन्देश दिनु पनि यस गीत उद्देश्य रहेको छ ।

(४) **भाषा शैली**

यस गीतमा सरल, सहज, भाषाको प्रयोग गरिएको छ । साधारण गाँउका अनपढ दिदी बहिनीले पनि सजिलै बुझ्न सक्ने भाषाको प्रयोग भएको छ जस्तैः

तरकारी लाउन जाउ कृषि तालिम लिएर ।
सुन्नुहोला दिदी बहिनी ध्यान दिएर ॥

गीतमा सैली मिठास पूर्ण रूपमा प्रयोग भएको छ । त्यसैले यस गतिको भाषा शैली मिलेको पाइन्छ ।

(५) **लय वा भाका**

यस गीत मिठासपूर्ण रूपमा अगाडि बढेको छ । रेखीय रूपमा सरर अगाडि बढ्दै गएको भाका वा लय यसमा प्रयोग भएको छ । सबैले गाउन र सजिलै बुझ्न सक्ने भाकाको प्रयोग भएको छ ।

(६) **चरण**

यस गीतलाई चौबिस चरणमा विभाजन गरिएको छ । प्रत्यक चरणमा सुरुको गीतको लय भाव र पछिल्लो गीतको लय भाव मिलेको देखिन्छ ।

(७) **कथन पद्धति**

यस गीत सामुदायीक रूपमा गाइएको छ । बेरोजगार युवा शक्ति र उपयोग हुन नसकेका बाझो जग्गालाई मिलाउन सके युवाशक्ति बिदेशिन नपर्ने तथ्यलाई यहाँ कथनका रूपमा लिइएको छ ।

## ५.३.९ तरकारी बाली सम्बन्धी गीत

आउ दिदी बहिनी देशको विकास गर्नलाई अघि बढ्नलाई
अघि बढ दिदी बहिनी पछि हट्न हुँदैन
एउटा हातले ताली पनि कहिल्यै बज्दैन ।

तरकारी लाउन जाऊँ कृषि तालिम लिएर
सुन्नुहोला दिदी बहिनी ध्यान दिएर ।

रातो रिबन बाटौ है यो कालो केशमा
कृषि गर्न सिकौ है हाम्रो देशमा ।

अरूको भर होइन अब आफ्नै भर परन
उन्नत जातको बिउ ल्याई खेती गरन ।

तरकारी लाउनलाई जान्नै पर्ने भएछ
बेमौँसमी खेती गर्दा फाइदा रहेछ ।

बेमौसमी खेती गर्दा भाऊ पायौ बजारको
गोलभेडा मात्र बेच्यौ पचास हजारको ।

पुरूषले हेपेर महिला तल झरेका
हाम्ले खेती गरेदेखि दङ्ग परेका ।

भनौँ भने महिलालाई कति आछ सुविधा
यो कुरालाई बुझिराख जान्छौँ देउ बिदा ।

(स्रोतः सर्मिला वस्नेत)

## (१) विषय वस्तु

यस गीतको विषय वस्तु पनि कृषिलाई बनाइएको छ । कृषिमा विभिन्न किसिमको प्रवृति अपनाएर तरकारी खेती गर्न सकेमा जीवन स्तर उठ्न सक्ने कुरालाई विषय

वस्तुको रूपमा लिइएको छ । उन्नत जातको बिऊ विजनबाट तरकारी खेती गरी आम्दानी गर्न सकिने र त्यसको लागि पुरुषको मुख ताक्न नपर्ने महिलाहरूले मात्र पनि गर्न सक्ने कुरालाई यहाँ लिइएको छ ।

(२) **भाव वा विचार**

यस गीतको मुख्य भाव आत्मनिर्भर बन्न सक्नुपर्छ भन्ने नै रहेको छ । कृषि पेसा अर्न्तगत बेमौसमी तरकारी खेती गर्न सकेमा मनग्य आम्दानी हुने र महिलाले मात्र पनि गर्न सक्ने हुँदा पर निर्भर रहनुपर्ने कुरा समेत यस गीतबाट प्रस्ट पारिएको छ । थोरै लगानी गरेर आफ्नो घरमा बसेर नै प्रशस्त आम्दानी लिन सकिने हुँदा कसैको मुख ताक्नु नपर्ने र सजिलो पेसा भएकोले सबैले यसमा ध्यान पुऱ्याउनु पर्ने कुरा गीतको माध्यमबाट प्रस्ट पारिएको छ ।

(३) **उद्देश्य**

महिला दिदी बहिनीहरूले आफ्नो खुट्टामा उभिएर हिड्न सक्नु पर्छ । जीविको पार्जनको लागि अरूको मुख ताक्न नभई आत्मानिर्भर बन्न सक्नु पर्ने सन्देश दिनु यस गीतको मूल उद्देश्य रहेको छ ।

(४) **भाषाशैली**

यस गीतमा सरल र सहज भाषा शैलीको प्रयोग भएको छ । भाषा सवैले सजिलै वुझ्न सक्छन् भने शैली पनि सरल छ । सवैले सजिलै वुझ्न सक्ने भाषाको प्रयोग यस गीतमा गरिएको छ ।

(५) **लय/भाका**

यस गीतमा सबैले सजिलै भन्न सक्ने र सजिलै सँग बुझ्न सक्ने लयको प्रयोग भएको छ । एउटाले थाल्न साथ सबैले एकैसाथ छोप्न सक्ने भाका यसमा प्रयोग भएको छ । भाषामा आधुनिकता नभई पुरानो भाषा शैली प्रयोग भएको पाइन्छ ।

(६) **चरण**

यस गीतलाई आठ चरणमा बाडिएको छ । रेखीयरूपमा गीतहरूलाई अगाडि बढाइएको छ ।

(७) **कथन पद्धति**

यस गीतमा परनिर्भर नभई आत्म निर्भर वनेर बाच्न सके महिलालाई कसैले हेप्न नसक्ने कथनलाई सामुहिक रूपमा महिलाहरूले नै व्यक्त गरेका छन् ।

## ५.३.१० संस्कार संस्कृति सम्बन्धी गीत

वर्ष दिनमा तिज पर्व फर्कि आइराछ
यो तिजले यो मनमा खुशी छाइराछ ।
मान्नु पर्छ सबैले रीति र संस्कार
नगरौँ है तिजलाई कहिल्यै तिरस्कार ।
आजको दिन चेलीहरू माइततिर धाको छ
धोको फुकाई दिदी बहिनी गीत गाको छ ।
दिदी बहिनी सबैसँग खुशी मन गाँसेर
दर खाइ नाचौ है सबै हाँसेर ।
माइतीको आँगनीमा छमछम नाचौँ है
बाडुली कम्मर भाचौँ है ।
हेर चेली हाम्रो  मन कति खुसी भाको छ
दिदी बहिनी भेट्ने दिन फेरि आको छ ।

(१) **विषय वस्तु**

यस गीतमा तिज पर्वलाई विषय वस्तुको रूपमा लिइएको छ । वर्ष दिन आउने महिलाहरूको महान् पर्व तिजले सबैमा खुसी  ल्याउने कुरालाई यहाँ लिइएको छ । यस्तो महान् पर्व तिजमा सबै दिदी बहिनी मिलेर दरखाने, नाच्ने र रमाउने पर्व तिजलाई हामीले तिरस्कार गर्नु हुँदैन । तिज पर्व मनाउनु परापूर्व कालदेखिको हाम्रो संस्कार र संस्कृति हो । यसलाई हामी सबैले बचाइ राख्नु पर्दछ भन्ने कुरालाई लिइएको छ ।

(२) **भाव वा विचार**

यस गीतको मुख्य भाव हिन्दु नारीहरूको महान् चाड तिज पर्वलाई हामीले तिरस्कार गर्नु हुँदैन । हामीले आफ्नो हैसियत अनुसार यस पर्वलाई मनाउन सक्नु पर्दछ । वर्ष दिन

सम्म घरमा जोतिएर रहदा यही तिज पर्वको नामबाट वर्ष दिनमा दिदी बहिनी भेट घाट गरेर रमाइलो गर्ने र मिठो खाने चाड भएकोले यस्ता चाडपर्वहरूलाई वा हामीले मान्दै आएका रीति रिवाजहरूलाई भुल्न हुँदैन भन्ने भाव यस गीतको माध्यमवाट व्यक्त गरिएको छ ।

(३) **उद्देश्य**

यस गीतको मुख्य उद्देश्य संस्कार र संस्कृतिलाई जोगाउनु पर्दछ भन्ने रहेको छ । आधुनिकताको नाममा विभिन्न किसिमका बिसङ्गतिहरूले हामीले मान्दै आएका रीतिरिवाज, संस्कारलाई तोड्न त होइन भन्ने चिन्ता समेत व्यक्त गरिएको छ । हामीले आफ्नो संस्कार, संस्कृतिलाई भुल्न हुँदैन बाचई राख्नु पर्दछ भन्ने सन्देश यस गीतको माध्यमबाट दिइएको छ ।

(४) **भाषाशैली**

यस गीतमा सरल र सहज भाषाको प्रयोग गरिएको छ । शैली पनि त्यस्तै प्रकारको छ । आफ्नो खुसीहरूलाई गीतका माध्यमवाट सहज तरिकाले व्यक्त गरेका छन् ।

(५) **लय/भाका**

लय, भाका पुरानै किसिमको छ हिजो आजका दिदी बहिनी देखि पहिलेका आमा, हजुर आमाले समेतले गाउन सक्ने भाकाको प्रयोग यसमा गरिएको छ ।

(६) **चरण**

यस गीतमा छ वटा गीतहरू रहेका छन् । ६ वटा गीतलाई बाह्र चरणमा विभाजन गरिएका छन् । गीत रेखीयरूपमा अगाडि बढेको पाइन्छ ।

(७) **कथन पद्धति**

यस गीतमा तिज पर्वको महिमा र भुल्न नहुने रीति रिवाजको बारेमा चर्चा गरेका छन् । गीतलाई सामूहिक रूपमा अगाडि बढाइएको छ ।

## ५.३.११ जनचेतना सम्बन्धी गीत

यो सालको रमझम तिजैको यो बेलामा
शुभकामना बाडौ अब यही मेलामा बरै ।
सुन्नुहोला दिदी बहिनी सुन्नुहोला दाजुभाइ
हाम्रा मनका कुरा खोल्छौ हजुर सबैलाई बरै ।
अघि बढौ दिदी बहिनी हामी कम्मर कसेर
यही चालले पछि हटी हुन्न बसेर-बरै ।
सबै दिदी बहिनीले मनमा कुरा यो लिनु
पढ्ने लेख्ने काममा हाम्लाई बाधा नदिनु बरै ।
अवसर पाए छोरी चेली सक्छन् डाक्टर बन्नलाई
दुखी गरिब बिरामीको सेवा गर्नलाई बरै ।
पाऱ्यौ हाम्लाई अबला कसले सोसेर बरै ।
कुलतमा नफसौं कोइ आत्मा साक्षी राखेर

कर्म गरी अघि बढौ इश्वर भाकेर-बरै ।
मिहिनेतले कर्म गरौं हामी सफल हुनेछौँ
इज्जत र प्रतिष्ठाका शिखर छुने छौँ-बरै ।
उद्देश्य त एउटै छ उही चन्द्र छुनलाई
बुझ चेली पर्दैन् भो सधैँ रुनलाई बरै ।
बावा आमा सबजनाले मनमा कुरा यो लिनु
छोरा छोरी समान हुन् भनी सम्झनु बरै ।
असल शिक्षा खोज्छौँ हामी राम्रो मान्छे बन्नलाई
समाज र देशबिकासको जग खन्नलाई बरै ।
सक्षम बन्न असल बन्न खादैनौ नि हाम्ले हार
गायौँ नाच्यौँ विदा माग्छौँ सबलाई नमस्कार बरै ।

(स्रोत: मनिसा श्रेष्ठ)

### (१) विषय वस्तु

यस गीतको विषय वस्तु जन चेतना सम्बन्धी रहेको छ । महिलाहरू आफै उठ्नु पर्ने आवश्यकता भएको विषय वस्तुलाई समेत यसमा समेटिएको छ । जबसम्म महिलामा चेतनाको कमी हुन्छ तबसम्म समाजले महिलालाई शोषण गरिरहन्छ । त्यसकारण महिला शक्ति जागरूक हुनु पर्ने आजको आवश्यकतालाई विषय वस्तुको रूपमा लिइएको छ । महिलाहरू महान् उद्देश्य लिएर अघि बढ्नु पर्दछ । त्यसो भएमा छोराले गर्ने काम छोरीले पनि सजिलै गर्न सक्छन् । यदि समाजले नै लैङ्गिक बिभेद नगरी छोरा सरह छोरीलाई अवसर दिने हो भने छोरीहरू पनि हरेक क्षेत्रमा अघि बढ्न सक्छन् भन्ने कुराहरूलाई यस गीतमा विषय वस्तुको रूपमा लिइएको छ ।

### (२) भाव वा विचार

यस गीतको मुख्य भाव समाजमा रहेको छोरा र छोरी बीचको भेदभावलाई अन्त्य गर्नु पर्ने रहेको छ । समाज सुधारका स्वरहरू यस गीतका माध्यमवाट व्यक्त गरिएका छन् । दिदी बहिनीहरूले इज्जत र प्रतिष्ठाका लागि काम गर्न कहिल्यै पछि हट्नु हुन्न भन्ने आवाजहरू गीतका माध्यमबाट बुलन्द भएका छन् । समाजले छोरीलाई हेर्ने दृष्टिकोणमा

यथाशीघ्र सुधार गर्नु पर्ने र छोरालाई सरह अवसर छोरीलाई पनि दिएमा छोरीले हरेक क्षेत्रमा अघि बढ्न सक्छन् भन्ने भावहरू गीतका माध्यमबाट घन्किएका छन् ।

(३) **उद्देश्य**

यस गीतको मूल उद्देश्य समाज परिवर्तन गर्नु नै रहेको छ । समाजमा हुने लैङ्गिक विभेदको अन्त्य गरी छोरा र छोरीलाई समान अवसर दिन सके छोरीलाई पनि छोरा सरह अघि बढेर काम गर्न सक्छन् भन्ने कुरा यस गीतबाट प्रस्ट पारिएको छ । त्यसैले यस गीतको उद्देश्य समाजलाई परिवर्तन गरी सकारात्मक सोचतिर धकेल्ने नै रहेको छ ।

(४) **भाषाशैली**

यस गीतको भाषा सरल सर्वसाधारणले वुभ्‍ने किसिमको छ । समान्य बोलचालको भाषामा प्रयोग हुने भाषाको प्रयोग गरिएको छ । गीत को शैली सहज किसिमको र सबैले बुभ्‍न सक्ने किसिमको छ । सरल र सहज तरिकाबाट नारीमाथि भएको विभेदलाई अन्त्य गरी समाजलाई सकारात्मक तिर ढाल्ने काम यस गीतको माध्यमबाट भएको छ ।

(५) **लय वा भाका**

गीतको आर्कषण लयबाट नै हुन्छ । लयले नै गीतलाई राम्रो र नराम्रो बनाउँछ । यस गीतमा प्रयोग भएका लय वा भाका सामान्य खालको छ र यसले लय हालेर गाउँदा गीतलाई ओभ्‍रिलो बनाएको छ ।

(६) **चरण**

यस गीतमा एघार वटा गीतहरू रहेका छन् । गीत रेखीयरूपमा नै अगाडि बढिरहेको छ । यस गीतको सुरु र अन्त्य एउटै चरणमा पाइन्छ ।

(७) **कथन पद्धति**

यस गीतमा समाजमा रहेको असमनतालाई अन्त्य गरी समाजलाई परिवर्तन गर्नुपर्ने सोचका साथ गीतलाई अगाडि बढाइएको पाइन्छ । गीत सामूहिक रूपमा नै गाइएको

छ । महिलाहरूले भोगेका पीडा र समाजमा भएको असमनता लाई अन्त्य गर्नुपर्ने कुराहरू गीतको माध्यमबाट पोखिएका छन् ।

### ५.३.१२ समसामयिक परिस्थतिस“ग सम्बन्धित गीत

व्रत बस्यौ महादेवको पुजा गऱ्यौ आएर
रमाइलो छ रेडियो गोरखा गीत गाएर ।
गाउँछौ गीत रेडियोमा लगाउदैनौं कोइलाई दोष
यो तिजमा बरु हाम्रो व्रत पुरा होस् ।
हिन्दु हामी नारी हौं पुजा थरी-थरीका
तिजमा एउटै महादेव देसै भरिका ।
हे शिव महादेव हाम्लाई शरण लेउन त
संस्कृति जोगाउनलाई आशिष देउन त ।
संस्कृति मानेर तिम्रै शरण पढेछौ
विकृति नफैलीओस् पुकार गर्दछौ ।
सन्तोषको कामना छ हाम्रो जीवन भरिलाई
बिलासिता चाहना नहोस् बरिलै ।
हामीले नि बुझ्न पर्छ धेरै कुरा हुन त
काँ सकिन्छ भुईमा बसी चन्द्र छुन त ।
जमाना र युगले गर्नुसम्म गर्छ नि
पारिवारिक स्थिती वुझ्नपर्छ नि ।
भगवानलाई चढाउने त फुल अक्षता पाती हो
आडम्बरी नबनौ है सङ्गी साथी हो ।
सबैको भावना मिलोस् हामी सँग नै
फेरिओस् सामाजिक नयाँ रङ्ग नै ।
कसैलाई नि गाह्रो नहोस् चाडपर्व मनाउन
सक्छौ भने भगवान् समान बनाउन् ।

(स्रोतः तिज प्रतियोगीतामा जनजागृति महिला समुह २०६८)

**(१) विषय वस्तु**

यस गीतमा हामीले आफ्नोपन वा हाम्रो संस्कार संस्कृतिलाई जोगानु पर्छ भन्ने कुरालाई विषय वस्तु बनाइएको छ । हामीले हाम्रो संस्कार अनुसार तिज पर्व मनाउँछौं । भगवान् शिवको पुजा गरेर तिजमा व्रत बस्छौं । हिन्दु नारीहरूले भगवान् शिवको आराधाना आ-

आफ्नो तरीकाबाट गर्ने गरेको कुरा र भगवानसँग आफ्नो व्यक्तिगत इच्छा चाहना भन्दा पनि समसामयिक विषय वस्तुलाई लिएर पुकार गरेको कुरा यस गीतमा पोखिएको छ । राम्रो काम गर्न र नराम्रो कुसंस्कार हटाउन भगवान् शिवसङ्ग प्रार्थना समेत गरिएको छ । यसरी समाजलाई सकारात्मक दिशातिर लैजानु पर्ने कुरा यस गीतमा विषय वस्तुको रूपमा लिइएको छ ।

(२) **भाव वा विचार**

यस गीतको मुख्य भाव हामीले सरल जीवन जिउनु पर्छ र उच्च विचार राख्नु पर्छ भन्ने नै रहेको छ । वर्ष दिनको एक पटक तिज पर्व आउँछ । महिलाहरूले यस पर्वमा भगवान शिवको आराधाना गरी व्रत बस्ने गर्दछन् । यसरी भगवानमा आस्था राख्नु सकारात्मक पाटो हो भने हाम्रो संस्कृतिलाई बाचर्य राख्न चाडपर्व मान्ने निउँमा आफ्नो हैसियत भन्दा माथि उठेर खर्च गर्ने बानी राम्रो होइन । अर्काको सिको गरेर ऋण काढी, काढी खर्च गर्ने बानीले संस्कार र संस्कृतिमा नै आँच आउन सक्छ भन्ने सन्देश यस गीतले दिएको छ । हामी चाड पर्व मान्ने निउँमा संस्कृतिलाई बचाउनु भन्दा पनि विकृतितिर समाज ढल्केकोले यस गीतको माध्यमबाट महिलाहरूले समाजलाई सकारात्मक दिशातिर लग्न मार्गनिर्देश गरेका छन् ।

(३) **उद्देश्य**

यस गीतको उद्देश्य समाजलाई सकारात्मक सोचमा अगाडि बढाउने नै रहेको छ । हामी नेपालीहरू आफ्नो संस्कार र संस्कृतिमा रमाउँछौं तर संस्कृतिलाई जोगाउने निउँमा बिकृति भित्रिएको थाहा पाउँदैनौ । आफ्नो हैसियतलाई बिर्सिएर अगाडि बढ्न खोज्दा हामीले ठुलो सङ्कट बेहोर्न पर्ने हुन्छ । त्यसैले आफ्नो हैसियत अनुसार अगाडि बढ्नको लागि यस गीतले सन्देश दिएको छ । हामी नेपाली धर्ममा विश्वास गर्दछौं । हाम्रा पुर्खाहरूले मान्दै आएका चाडपर्वहरू मनाउनु वा संस्कृतिलाई जोगाउनु पनि हाम्रो धर्म हो । तर संस्कृतिलाई आफ्नै रूपबाट जोगाउन सिकौं नकि अर्काको नक्कल गरेर होइन् । त्यसैले दिदी बहिनीहरूले तिज गीतको मार्फत हामीलाई त्यही कुराको सन्देश दिएका छन् ।

(४) **भाषाशैली**

यस गीतले सरल रूपमा आफ्ना भावनाहरू पोखेको छ। भाषा शैली सरल र सहज छ। सबैले बुझ्न सक्ने सरल भाषामा सहज शैलीबाट गीतलाई व्यक्त गरिएको छ । सरल रूपमा प्रस्तुत गरिएको यो गीतले अर्काको सिको गर्दा भोग्नु पर्ने परिणामलाई गीतको माध्यमबाट सर्वसाधरणलाई सचेत गराएको छ । गीतमा तत्सम, तत्भव, आगन्तुक र अनुकरणात्मक शब्दहरूको समेत प्रयोग भएको पाइन्छ।

(५) **लय वा भाका**

यस गीतको लय, भाका सरल र मिठास भरिएको छ। दिदी वहिनीहरू एकै साथ गाउँदा यसको भाकाले पनि सबैलाई आर्कषित तुल्याएको छ । सर्वसाधारणले पनि टिप्न सक्ने भाकाको प्रयोग भएको छ।

(६) **चरण**

यस गीतलाइ एघार बुँदामा विभाजन गरिएको छ । गीत सहज रूपमा अगाडि बढ्दै गएको छ । गतिलाई रेखीयरूपमा नै अगाडि बढाइरहेको पाइन्छ । यसमा बाइस वटा चरणहरू रहेका छन् ।

(७) **कथन पद्धति**

यस गीतमा संस्कार संस्कृति र धर्मसँग सम्बन्धित कथनहरू कथिएका छन् । गीतलाई सामूहिक रूपमा नै सरल र सहज तरीकाबाट अगाडि बढाइएको छ।

## ५.३.१३ महिला हक अधिकार सम्बन्धी गीत

**"शान्ति संविधान र महिला अधिकार"**

उपस्थित मान्यजनलाई कोटि हाम्रो नमस्कार
पुरूष समान महिलाले खोज्यौं अधिकार।
छोड्दैनौं एकजुट भई खोज्यौं अब हाम्रो अधिकार।

महिला माथि थिचोमिचो धेरै भाछ दमन
हुँदैन दिदी बहिनी अब सहन।
छोड्दैनौं एकजुट भई खाज्यौं अब हाम्रो अधिकार।

महिला हक खोज्नु एउटै आबाज उठेको
महिलाभित्र धेरै छन् मर्का लुकेको ।
छोड्दैनौं एकजुट भई खोज्यौं अब हाम्रो अधिकार ।

अधि बढौं महिला हो चुलो चौको छोडेर
विकासको दियो बालौं एकजुट भएर ।
छोड्दैनौं एकजुट भई खोज्यौ अब हाम्रो अधिकार ।

यो देशको जिम्मेवारी हाम्रो काँधमा आको छ
३५% होइन ५०% दाबी हाम्रो रको छ ।
छोड्दैनौं एकजुट भई खोज्यौं अब हाम्रो अधिकार ।

महिला शिक्षित हुनुपर्छ अधिकार लिनलाई
गाह्रो छैन एकजुट भए सफल हुनलाई ।
छोड्दैनौं एकजुट भई खोज्यौं अब हाम्रो अधिकार ।

हिमाल जस्तो उच्च शिर लिई अधि बढ्नेछौं
महिला हकहित अधिकार ल्याई छाड्नेछौं ।
छोड्दैनौं एकजुट भई खोज्यौं अब हाम्रो अधिकार ।
नबनौं महिला हो पुरुषको खेलौना
महिला हामी अधि सरौं शान्ति फैलाउन ।
कामना शान्ति ल्याउने हाम्रो चाहना ।

लोकतान्त्रिक व्यवस्थामा मिलाउँदै महिला हात
छोड्न हुन्न खोज्यौं अब हाम्रो अधिकार ।
छोड्दैनौं एकजुट भई खोज्छौं अब हाम्रो अधिकार ।

छोड्नुपर्छ चेली हो सुन चाँदीका गहना

संस्कृति र सम्यताको गरौँ जगेर्ना ।
छोड्दैनौं एकजुट भई खोज्छौँ अब हाम्रो अधिकार ।

लोकतान्त्रिक संविधान नेपालीको चाहाना
पुरा गर नेतागण शुभ कामना ।
कामना लोकतान्त्रिक संविधान हाम्रो चाहाना ।
शान्तिदूत गौतम बुद्ध यो देशको गहना
सुख , शान्ति समृद्धि हाम्रो चाहाना ।
कामना शान्ति ल्याउने हाम्रो चाहाना ।

(स्रोतः गृहलक्ष्मी महिला समुह, तीज गीत प्रतियोगिताबाट २०६८)

(१) **विषय वस्तु**

यस गीतमा महिला हक अधिकार सम्बन्धी विषय वस्तुलाई लिएर गीतको माध्यमबाट व्यक्त गरिएको छ । महिलाहरूले आफ्नो हक अधिकारको लागि जस्तो सुकै परिस्थितिको पनि सामना गरेर अघि बढ्न सक्नु पर्छ । पुरूषको खेलौना बनेर होइन । सधैँ चुलोचौका मात्र गरेर रहने होइन अधिकारको निम्ति अघि बढ्न सक्नु पर्दछ । महिलाहरू हरेक क्षेत्रमा पुरूष सरह काम गर्न सक्छन् भनेर देखाउनु पर्छ संस्कृति सभ्यता जगेर्ना गर्न र गौतम बुद्ध ले झैँ शान्ति फैलाउन पनि सक्नु पर्दछ भन्ने कुरालाई यस गीतमा समेटिएको छ ।

(२) **भाव वा विचार**

यस गीतको मूल भाव महिलाहरूले पुरुषहरू सरह अधिकार पाउनु पर्दछ वा पुरूष सरह अधिकार लडेर पनि लिन सक्नु पर्दछ भन्ने रहेको छ । महिलाहरू एकजुट भएर अघि बढेमा पुरूष सरह अधिकार लिन सकिने वा हरेक क्षेत्रमा अधिकार पाएमा महिलाले पनि पुरूष सरह काम गर्न सकिन्छ भन्ने कुरा गीतका माध्यमबाट व्यक्त गरिएको छ । शान्तिका दूत गौतम बुद्धले शान्ति फैलाएको देशमा दिगो शान्तिको कामना पनि गरिएको छ । दिदी, बहिनीहरूले बाहिरी सौन्दर्य वा आवरण सुन चाँदीका गहनामा जोड दिनु हुन्न भन्ने कुराहरूलाई पनि गीतका माध्यमबाट पोखिएका छन् । जसरी

सगरमाथाले विश्वमा आफूलाई चिनाएको छ त्यसैगरी हामीले आफूलाई चिनाउन सक्नु पर्दछ भन्ने कुराहरू पनि गीतका माध्यमबाट नै पोखिएका छन् ।

(३) **उद्देश्य**

यस गीतको उद्देश्य समाजलाई परिवर्तन गर्नु नै रहेको छ । समाजमा महिला माथि हुने गरेका अन्याय अत्यचार बिरुद्ध आबाज उठाउन सक्नु पर्दछ । महिलाहरू सधैँ घर धन्दा चुलो चौकामा मात्र सिमित नभई हरेक विकासका काममा सरिक हुन सक्नु पर्दछ । अब महिलाले आफूलाई सुनचादीका गहनामा रमाउने होइन, देश विकासका काममा लाग्न सक्नु पर्दछ र सभ्यता र संस्कृतिको जर्गेना गर्न अघि बढ्नु पर्दछ भनेर सन्देश दिनु यस गीतको उद्देश्य रहेको छ ।

(४) **भाषाशैली**

यस गीतमा सरल सहज भाषाशैलीको प्रयोग गरिएको छ । यसमा कुनै पनि क्लिष्ट भाषाको प्रयोग भएको छैन । महिलाहरूले गाएको गीत भएकाले सरल सबैले बुझ्ने भाषाको प्रयोग भएको छ । गीतलाई प्रस्तुत गर्ने शैली पनि सरल रहेको छ ।

(५) **लय भाका**

यस गीतको लय भाका सरल छ । सर्व साधारण महिलाहरूले गाउन सक्ने वा एउटाले गीतको थालनी गरेपछि सजिलै अरूले छोप्न सक्ने भाकाका गीत गाइएको छ ।

(६) **चरण**

यस गीतलाई बाह्र बुदामा विभाजन गरेर गाइएको छ । पहिला दुई टुक्का फेद र टुप्पोलाई लगातार भनेर पछि तेस्रो टुक्का भन्न गएको पाइएको छ । त्यसैले यो गीत रेखीयरूपमा नभई गीतको बोल अनुसार गाइएको पाइन्छ ।

(७) **कथन पद्धति**

यस गीतमा महिला हक अधिकार र सम्बन्धी कथनहरू कथिएका छन् । महिलाहरूले आफ्ना हक अधिकार प्राप्त गर्नलाई पछि पर्न हुँदैन भन्ने तथ्यलाई गीतका माध्यमबाट सरल र सहज रूपमा सामुहिक गायनबाट अगाडि बढाइएको छ ।

## ५.३.१४ राष्ट्रिय तथा देश भक्तिका गीतहरू

हे २०६८ सालको तिजको रहर
ए हजुर हाम्रो सबैलाई नमस्कार ।
हे दिदी बहिनी हे दाजु भाइ
रमाइलो गरौ तिज दर खाई ।
हे साथी सङ्गी तिजको मेला
रमाइलो गरौँ सबैले यो मेला ।
मरेर लानु के छ र हामीलाई
रमाइलो गरौँ भनौ है सबैलाई

शात्तिको देश हाम्रो यो नेपाल
संविधान पनि नबन्ने के हो चाल ।
संविधान बन्ने दिन पनि आएन
जनताको मन खुसीले छाएन ।

अब त देशमा केही होला भनेर
बस्दैछन् जनता दिन महिना गनेर ।
गोरखाली वीर जन्मेको ठाउँ
अब त बन्ला सहर र गाउँ गाउँ ।

संविधान बन्ने आशामा पनि
नाचिदेऊ गाइदेऊ जिन्दगी के छ नि
२०६८ सालको तिजको चमत्कार
यो गीतको अन्त्य भो सबैलाई नमस्कार

(स्रोतः विनिता श्रेष्ठ र रञ्जना दवाडी)

**(१) विषय वस्तु**

यो गीतको विषय वस्तु राष्ट्रियता रहेको छ । तिजका गीतको माध्यमबाट राष्ट्र प्रेमका भावहरू दिदी बहिनीहरूले पोखेका छन् । विश्वसामु शान्ति मुलुक भनेर चिनिएको नेपाल आज अशान्ति बन्न पुगेको छ । संविधान बन्न नसक्दा जनताले धेरै दुःख पाएका छन् । जनता अब त बन्ला संविधान भनेर आशा गर्दछन् । तर संविधान कहिल्यै बन्न

सक्दैन, त्यसैले यस गीतमा देशको अवस्था प्रति चिन्ता व्यक्त गर्दै राष्ट्रप्रेमका भावनाहरू गतिका माध्यमबाट ओकलिएका छन् ।

(२) **भाव वा विचार**

यस गीतको मूलभाव राष्ट्रप्रतिको प्रेम वा राष्ट्रप्रेम नै हो । यस गीतले राष्ट्र र राष्ट्रियताप्रति गहिरो चिन्ता व्यक्त गरेको छ । देशको मूल कानुन संविधान नहुँदा जनताले धेरै दुःख भोग्नु परेकोले संविधान चाडै बनाउन शुभ कामना समेत तिज गीतको माध्यमवाट दिइएको पाइन्छ । साथै आफू जन्मेको गाँउ सहरको विकासको लागि चिन्ता गर्नुका साथै गोर्खाली वीरहरूको वीर गाथा पनि गीतबाट नै गाएका छन् । जन्मेर समाजमा समाजको लागि केही गर्न सक्नु पर्दछ र हाम्रो संस्कार, संस्कृतिमा रमाउन सक्नु पर्दछ भन्ने भाव पनि गीतको माध्यमवाट व्यक्त भएको छ ।

(३) **उद्देश्य**

यस गीतको मुख्य उद्देश्य संविधान समयमा बन्न सकोस र नेपाली जनताले दुःख भोग्न नपरोस् भन्ने नै हो । देशमा संविधान नहुँदा जनताहरूले ज्यादै दुःख पाएका हुँदा यस्तो अन्योल स्थितिको अन्त्यका लागि तिज गीत मार्फत नेताहरूलाई देशको लागि काम गर्न पुकार गरिएको छ ।

(४) **भाषाशैली**

यस गीतको भाषा शैली सरल र सहज किसिमको छ । सानो छोटो गीतवाट आफ्ना मनका भावनाहरूलाई सबैले वुझ्ने किसिमवाट व्यक्त गरेका छन् ।

(५) **लय/भाका**

यस गीतको लय भाका सबैले सजिलै सँग बुझ्न सक्ने र गीत प्रस्तुतिको माध्यम सबैले पछ्याउन सक्ने किसिमको छ । भाका नयाँ, नौलो छ तैपनि सबैलाई आकर्षण गर्ने खालको छ ।

(६) **चरण**

यस गीतलाई दश बुदामा विभाजन गरिएको छ । एकै किसिमबाट गीत रोमाञ्चक तरिकाले अगाडि बढ्दै गएको छ । गीतमा बिसवटा चरणहरू रहेका छन् । पहिलो गीतको फेद र पछिल्लो टुप्पाको परस्पर सम्बन्धित छन् ।

(७) **कथन पद्धति**

देशका समसामयिक विषय वस्तुलाई यस गीतमा कथनका रूपमा लिइएको छ । राष्ट्र र राष्ट्रियता प्रति यस गीतमा चिन्ता गरेको पाइन्छ । गीतमा गाइएका कथनहरूलाई सामुयिक रूपमा अगाडि बढाइएको पाइन्छ ।

## ५.३.१५ राष्ट्रियता तथा राष्ट्रप्रेमका गीतहरू

रातो सारी सरको काँधमा सङ्गिनी माझमा
छम्म छम्म नाच्छु आज म ।

आयौँ हामी स्टेजमा गाउँछौ गीत सरासर
आयोजक र दर्शकलाई हाम्रो नमस्कार ।
रातो सारी ........................ ।

संविधानले डाँडो काट्यो बुढो भयो फुल्यो केश
फुक्लिएको ढिकी जस्तो भयो हाम्रो देश ।
रातो सारी ........................।

लोकतन्त्र आएपछि देशमा महङ्गी बढ्यो झन्
नेता गर्छन् मनपरि जनता चुपै छन् ।
रातो सारी ........................ ।
बजार भाउ घटाउने गर्छन् नेता भाषण
भोलि पल्टै अझ महँगो हुन्छ रासन ।
रातो सारी ........................ ।

लाठो पाउँछन् सहिद छोरा सम्झिएर रुनेले
रातो पास्पोट समेत पाउँछन् पैसा हुनेले ।
रातो सारी ........................ ।

कति छर्छौ  जनताका यी आँखामा बालुवा
नेता तिमीहरूलाई कति पालुम् त ।
रातो सारी ........................ ।
सीमा क्षेत्र हेर्दाखेरि आउँछ मुटु खाएर
नेता बस्छन् कूर्चिमा फूर्ती लाएर ।
रातो सारी ........................ ।

चुनाब जिती गएपछि फर्केनन् जिल्लामा ।
धावा बोल्दछन् विदेशीले किल्ला किल्लामा ।
रातो सारी ........................ ।

कर्मचारी जनता नेता हातेमालो गरेर
बचाऊ हाम्रो देशलाई अघि सारेर ।
रातो सारी ........................ ।

बेदना र दु :ख पोख्यौं तिजको गीत गाई
यतिकैमा बिदा हुन्छौं हामी आजलाई ।
रातो सारी ........................ ।

(स्रोतः महिला विकास समूह, गो.न.पा. ६)

**(१) विषय वस्तु**

यस गीतको विषय वस्तु पनि राष्ट्र प्रेम नै रहेको छ । देशको दर्दनाक परिस्थितिको बारेमा यस गीतले बोलेको छ । जनताले देशको संविधानको आस गर्दा गर्दै निराश बनेका छन् । संविधान बन्छ भन्दा धेरै वसन्तहरू बितिसके तैपनि संविधान बन्दैन । एउटा फुक्लिएर मिल्काइएको ढिकी जस्तो अवस्थामा देश पुगि सकेको छ तैपनि नेताहरूलाई सद्बुद्धि आएको छैन । लोक तन्त्र आए पनि देशको अवस्थामा कुनै परिवर्तन आएको छैन । महङ्गी बढ्दो छ । जनयुद्धमा आफ्नो मान्छे गुमाएका सहिदका आफन्तले छोराछोरी सम्भिmएर रोईरहेका छन् । देशको सीमा क्षेत्र मिचिएको छ । यसको

चिन्ता कसैलाई छैन भन्ने जस्ता विषय वस्तुमा गीतको माध्यमबाट चिन्ता व्यक्त गरिएको छ ।

(२) **भाव वा विचार**

यस गीतको मुख्य भाव नेताहरूले देशलाई मायाँ गर्नु पऱ्यो भन्ने रहेको छ । यहाँ देश चलाउँछु भन्ने नेता कुर्चीमा पुगेपछि रातो पास्पोट समेत बेच्न पुग्दछन् । संविधान बनाउने जिम्मा लिएका नेताहरू कुर्चीमा मात्र अल्मल्लिन पुग्दछन् । जनतालाई विभिन्न आश्वासन देखाएर चुनाव जिती गए पछि जिल्ला फर्कदैनन् । देशको लागि कति सहिद बने आखिर सहिदका आमा बुवाले छोरा छोरी सम्भिmएर रूने अधिकार सम्म पाएनन् । अब यो देशलाई बचाउने हो भने हामी जनताहरू एक भएर उठ्नुपर्ने समय भयो भन्ने कुरा यस गीतको भाबवाट पोखिएको छ ।

(३) **उद्देश्य**

यस गीतको उद्देश्य यो देशलाई दुर्घटनाबाट बचाउन सक्नु पर्दछ भन्ने रहेको छ । गीतको बोलबाट सर्व साधरण जनता देश बचाउनको लागि एकजुट भएर लाग्नु पर्ने कुरा यस गीतले देखाएको छ । लोकतन्त्र आएपछि जनतालाई सुःख सुविधा हुन्छ भनेर जनता मारेर लोकतन्त्र ल्याए तर देशमा महङ्गी भ्रष्टचार बढ्दै गयो जनताले केही पाएनन् । जति पाए नेताले नै पाए । त्यसैले जनता मूर्ख बनेर चुप लागेर बस्न हुन्न अब उठ्नु पर्छ भन्ने सन्देश यस गीतले दिएको छ ।

(४) **भाषाशैली**

यस गीतमा सरल भाषाको प्रयोग गरिएको छ । दिदी बहिनीहरूद्वारा गाइएका गीत हुनाले सबैले सजिलैसँग बुझ्न सक्ने भाषाको प्रयोग भएको छ । गीत प्रस्तुतिको शैली पनि ज्यादै राम्रो छ । भाषा र शैलीको कारणबाट गीत सुन्दा आनन्द आउने किसिमको छ । गीत रेखीयशैलीमा अगाडि बढेको छ ।

(५) **लय/भाका**

यस गीतको लय भाका ज्यादै राम्रो छ । सुन्नेलाई सुन्दा खेरिमा आनन्द आउने किसिमको भाका प्रयोग भएको छ । सबैले स्वरमा स्वर खापेर गाउदा लय ज्यादै मिलेको देखिन्छ ।

(६) **चरण**

यस गीतलाई दुई चरणमा विभाजन गरेर गाइएको छ । एउटा चरणमा जनताले भोगेको पीर मर्का र देशको अवस्थाको बारेमा गाइन्छ भने त्यसलाई समापन गर्ने काम अर्को छुट्टै गीतलाई ल्याएर गरिएको छ ।

(७) **कथन पद्धति**

यस गीतका कथनहरू देशको बारेमा नै कथिएका छन् । देशको बारेमा विभिन्न चिन्ताहरूलाई कथेर गीतको माध्यमबाट पोखिएका छन् । गीतलाई सामूहिक गायन पद्धति अपनाएर गाइएको छ ।

## ५.३.१६ शान्ति र संविधान संम्वन्धी गीत

शान्ति र संविधान नेपालीको ठुलो बलिदान
लौन दिदी बहिनी हो कस्तो गीत गाउने हो,
यो देशमा संविधान कहिले बन्ने हो ।
शान्ति र संविधान नेपालीको ठुलो बलिदान ।
यस पालीको तिजमा शिवजीलाई पुज्ने हो,
शान्तिको दियो बाली अघि बढ्ने हो ।
शान्ति र संविधान नेपालीको ठुलो बलिदान ।
धरापको मुलुक यो देशलाई नबनाऊ,
संविधान लेखेर शान्ति लेराऊ ।
शान्ति र संविधान ........................
गरिब अनाथ असहाय यो देशमा बास छ,
शान्ति आउँछ भनेर जनता आशमा छ ।
शान्ति र संविधान ........................ ।
महँगीको मुलुक यो देशलाई नबनाऊ,
अशान्तिलाई हटाई शान्ति बनाऊ ।
शान्ति र संविधान ........................
लोकतन्त्र आएनि गणतन्त्र आए नि,

महँगीको समस्या चाहि उस्तै भयोनि ।
शान्ति र संविधान – – – – – –
देश खोको भैसक्यो दलहरूको पाराले,
खबरदारी गर्नुपर्छ जनता साराले ।
शान्ति र संविधान ……………………
महिला मुक्ति ल्याउनलाई सङ्घर्षमा जुटेको
आदिवासी, जनजाती दलित पनि छैन छुटेको ।
शान्ति र संविधान ……………………

(स्रोतः राममायाँ श्रेष्ठ)

**(१) विषय वस्तु**

यस गीतको विषय वस्तु शान्ति र संविधानलाई बनाइएको छ । आम नेपाली जनताको चाहना नै अहिले दिगो शान्ति र नेपाली जनताले चाहेको संविधान रहेको छ । त्यसैले दिदी बहिनीहरूले तिजको गीतमा पनि आफ्ना व्यक्तिगत पिर व्यथा भन्दा पनि राष्ट्रको पीर व्यथालाई महान् चाड तिजमा गीतको माध्यमबाट पोखेका छन् । नेपाली जनताले देशमा शान्तिसँग बाच्न चाहेका छन् । देशमा संविधान नबन्दा तिज पर्वमा शिव भगवान्सँग पनि संविधान कै बारेमा पुकार गरेका छन् । यो देशमा शान्तिको दीप बल्न सकोस् भन्ने आम जनताको चाहनालाई गीतको माध्यमबाट प्रस्तुत गरिएको छ । जनताले जनताकै शासन रोजेता पनि यसले मुलुकमा कुनै परिवर्तन गर्न नसकेको कुरा एकातिर छ भने नेताहरूले देशलाई खोको बनाएको पीडा अर्कोतिर पोखिएको छ ।

**(२) भाव वा विचार**

यस गीतका मूल भाव देशमा छिटोभन्दा छिटो संविधान बन्न सकोस् र सम्पूर्ण नेपालीहरू शान्तिको दीप बालेर बस्न सकुन भन्ने रहेको छ । देशमा संविधान नबन्दा देश धरापमा परेको हुँदा देशलाई अराजक परिस्थितिबाट बचाउन सारा जनताले खबरदारी लाउनु पर्ने कुरा समेत गीतको भाबबाट प्रस्ट पारिएको छ । जनताले लोकतन्त्र र गणतन्त्रसँग धेरै आशा गरे तर जो आए पनि आफ्नै कुर्चीको मात्र माँया गर्ने र देशलाई धरापमा पार्ने नेता मात्र भए देशलाई राजनैतिक दलहरूले खोको नै पारेर सके, त्यसैले महिला मुक्तिको लागि र देशमा शान्ति र संविधानको लागि हामी जनता एक भएर जुट्न पर्दछ भन्ने भावहरू यस गीतबाट पोखिएको छ ।

(३) **उद्देश्य**

यस गीतको मुख्य उद्देश्य नेताहरूलाई खबरदारी गर्नु र देशमा दिगो शान्ति र जनताको संविधान ल्याउनलाई पहल गर्नु नै हो । जनताहरूले देशको बारेमा यति धेरै चिन्ता गरेका छन् तर नेताहरू कानमा तेल हालेर आनन्दले सुतिरहेका छन् भन्ने व्यङ्ग्य पनि यस गीतले गरेको छ । देशका लागि सहिद बनेका सपुतका सपनाहरूमा नेताहरूले कुल्चिएर हिडेका छन् । देशलाई भित्रभित्रै खोक्रो बनाई सके देशमा महङ्गीले आकाश छोइ सक्यो । त्यसैले आम नेपाली जनता एक भएर त्यस्ता नेतालाई खबरदारी गर्नुपर्दछ । एक भएर त्यस्ता नेताहरूलाई खबरदारी गर्न सक्नु पर्दछ ।

(४) **भाषाशैली**

यस गीतमा सामान्य बोलचालको भाषामा प्रयोग हुने भाषा प्रयोग भएको हुँदा सरल भाषा पाइन्छ । गीत प्रस्तुतिका शैली पनि सामान्य र सहज किसिमको छ ।

(५) **लय/भाका**

यस गीतको लय जो सुकैले पनि एक सुने पछी सजिलैसँग गाउन सक्ने किसिमको छ । लयले स्रोताहरूलाई तताउने वा रनक भर्ने किसिमको छ ।

(६) **चरण**

यस गीतलाई दुई चरणमा गाइएको छ । गीतको टुक्का नै शान्ति र संविधान नेपालीको ठुलो वलिदान भनेर बनाइएको छ । एक चरणमा आफैले कथेका गीतहरू भनि सके पछि दोस्रो चरणमा यो टुक्का भन्ने गरिएको छ ।

(७) **कथन पद्धति**

यस गीतमा शान्ति र संविधानकै बारेका कथनहरू कथिएका छन् । देशको समसामयिक अवस्थाको बारेमा चिन्ता व्यक्त गरी दिदी बहिनीहरूले मार्मिक ढङ्गवाट सामुहिक रूपमा गाएको पाइन्छ ।

## ५.३.१७ मातृभूमिको माया"मा गाइएको गीत

नेपालै प्यारो छ ।

यो मातृ भुमि स्वर्ग जस्तो छ ।
नेपालै प्यारो छ ।
		नेपाली भई जन्मिदा यो मन खुशीले गर्जेको ।
		कम दुःख गरी होइन नि यो देश पुर्खाहरूले आर्जेको ।
यो देशको संविधान
झन बन्ला भन्यो म्याद थप्दै जान्छन्
यो देशको संविधान ।
		बन्दा त मन्त्री खाथ्यौ नि सफथ केही गर्छु भनेर
		बुझेनौँ आखिर जनताको मर्म आदर्श बनेर ।
भाषण मै सिमित
यो देशको मुहार फेर्ने छौँ भन्थ्यौ
भाषण मै सिमित ।
		कति छन् यहाँ विधुवा नारी कति छन् टुहुरा
		पाकाछौ सत्ता खाकखछौ भत्ता बिर्सेनि सब कुरा ।
धेरै छन् बेरोजगार
छैन नि रोजगार उद्योग धन्दा
धेरै छन् बेराजेगार ।
		आन्दोलन गर्दा अपाङ्ग भए उपचार पाछैनन् ।
		दुःखी र गरिब जनताको भाग सम्बोधन भा छैनन् ।

के हुन्थ्यो खै पुरा
सत्ताको लागि गरेको कुरा
के हुन्थ्यो खै पुरा।
		पदमा जुनचाहिँ पुगेता पनि तलबै बढाउँछन्
		त्यही खर्च पुरा गर्नलाई यता बजारभाउ बढाउँछन् ।
रुने त गरिबै
हुनेलाई सबै पुगेकै हुन्छ
रुने त गरीबै ।
		खै अझै भर छैन

आसैमा बित्यो तीन बर्ष तीन महिना
खै अझै भर छैन ।

कति त यहाँ सभासद् भाछन् दलाली गोठाला ।
सुन्नुभो हजुर यो देशको अहिले सुडानी घोटला ।

केही छैन लैजानु
एक पेट खानु इज्जतले बाच्नु ।
केही छैन लैजानु ।

म पदमा पुगे ती चिल्ला गाडी चढ्दिन भन्थ्यौँ नि ।
अधिकार आफ्नो हातमा आयो मन किन मान्थ्यो नि ।

कुर्सी कै तानातान
एउटालाई फाल्छन् अर्को दाउ हेर्छन
कुर्सी तानातान

रैनछ देशको नेतामा पनि गोप्यता लुकेको
बजेट भाषण हुनु अगाबै बजारमा पुगेको ।
संसदमा के भाको
आपसमा मतभेद भएर हो कि
संसदमा के भाको ।
जेसुकै भए विगतका कुरा सम्झना नलाऊ
जनताको मनमा लागेको घाउलाई मलम लगाऊ ।
कम्ती आस थिएन
हाम्रो देश नेपाल सुइजरल्याण्ड बन्ने
कम्ती आस थिएन ।
घरभित्र सिमित बन्दैनन् नारी बद्लियो जमाना
चाहिन्छ हाम्लाई संविधानमा अधिकार
खै खाका कोरेको
दु:खी र गरिब जनताको माग थियो
खै खाका कोरेको
नपरोस् रुन धर्तीमातालाई यो देशको पिरले

नेपाली भई खुसीले बाच्न पाउन है सबैले ।

(स्रोत: पम्फा कुँवर)

(१) **विषय वस्तु**

यस गीतको विषय वस्तु नै नेपाली मातृभूमि र नेपाली आमाको बारेमा रहेको छ । नेपाली भूमिमा नेपाली भएर जन्मन पाउँदा आफूलाई गर्व भएको कुरा एकातिर छ भने अर्को तिर पुर्खाको त्याग र बलिदानवाट आर्जेको मुलुक भएको हुँदा यस मुलुकको अस्तित्व बचाउन सबैले ध्यान दिनु पर्ने कुरामा जोड दिएको पाइन्छ । देशको राजनैतिक, सामाजिक, आर्थिक आदि विषय वस्तुमा केन्द्रित बनेर यस् गीत रचना गरिएको छ भने अर्कोतर्फ महिला हक अधिकारको कुरा पनि यस गीतले उठान गरेको छ । जन आन्दोलनमा थुप्रै राष्ट्रप्रेमी नेपालीहरू घाइते हुन पुगे तर तिनले औषधी उपचार समेत नपाई जीवनमा अपाङ्ग बन्नु परेको कुरा सत्तामा जो गए पनि गरिब जनताका मर्मलाई नबुझेको कुरा समेतलाई यस गीतको माध्यमवाट व्यङ्ग्य गरिएको छ ।

(२) **भाव वा विचार**

यस गीतको भावमा यो मातृभूमिप्रतिको मायाँ, पुर्खाले धेरै दुःख गरेर नेपाल राज्यको स्थापना गरेका र हामीलाई विश्वसामु नेपालीको पहिचान दिलाएको कुरा हामीले कदापि भुल्न हुन्न । नेपाली भई जन्मे पछि नेपाल आमाको मुहार हसाउन सक्नु पदर्छ । नेपालीले आफ्नो अस्तित्व रक्षाका लागि नेपाल भूमिमा इमान्दार पुर्बक काम गर्नु पर्दछ । आज देशमा युवा शक्तिहरू धेरै बेरोजगार छन् । त्यसको वस्ता सत्ताको कुर्चीमा बस्नेहरूलाई छैन । जन आन्दोलनका क्रममा कति नारी बिधुवा बने कति बालवालिका टुहुरा बने त्यसको वास्ता कसैले गरेनन् । चुनाबको बेलामा जनतालाई झुटो आस्वासन दिनेहरू सत्तामा पुगे पछि कुर्सी कै लडाइमा व्यस्त रहन पुगे । संविधान बनाउन गएका सभासदहरू रातो पासपोर्ट बेच्ने र दलाली गर्ने जस्ता काममा नै व्यस्त रहे । जनताको घाउमा मलम लगाउँछौं र यो देशलाई सुजरल्याण्ड वनाउँछौं भन्नेहरूले पनि देशमा केही पनि गर्न सकेनन् । दुःखी, गरिब जनताको मागको सम्बोधन हुन सकेन । यो मातृभूमिले सधै रुन परेको छ । त्यसैले यो धर्ती मातालाई बचाउन सपुत सन्तानको खाँचो रहेको कुरा समेत यस गीतको भाववाट प्रस्ट हुन आउँछ ।

(३) **उद्देश्य**

यस गीतको खास उद्देश्य जनता र नेता सबै इमान्दार बन्न सक्नु पर्दछ । पुर्खाको ठुलो त्याग र बलिदान बन्न सक्नु पर्दछ । पुर्खाको ठूलो त्याग र वलिदानवाट आर्जेको देश नेपाल र हामी नेपालीको अस्तित्व रक्षाका लागि हामीले केही गर्न सकेनौं र खाली कुर्सी कै लडाईमा रमाइ रह्यौं भने आफ्नो अस्तित्व सँदाका लागि समाप्त पनि हुन सक्छ । त्यसैले दिदी बहिनीहरूले सत्ता चलाउने नेताहरूलाई घच्घच्याउने काम यस गीतको माध्यमवाट गरेका छन् । सत्तामा नहुँदाका बाचा कबुलहरू सत्तामा पुगे पछि पुरा गर्न नसक्दा नेताहरूलाई सद्बुद्धि आओस् भन्ने यस गीतबाट ध्यान आकर्षण गराउने काम भएको छ । यस गीतको उद्देश्य पनि जसरी नेपाली भएर जन्मदा यो मन खुसीले गद्गद् बन्दछ । त्यस्तै गरी नेपाल आमालाई गद्गद् बनाउन नेपाल आमाका सन्तती निस्वार्थ भएर लाग्नु पर्ने सचेत गराउनु नै रहेको छ ।

(४) **भाषाशैली**

यस गीतको भाषा उत्कृष्ट रहेको छ । गीत प्रस्तुति शैली मार्मिक रहेको छ । उत्कृष्ट भाषा शैलीमा गाइएको यो गीत ज्यादै मार्मिक ढङ्गबाट प्रस्तुत गरिएको छ । देशको बिसम परिस्थिति एकातिर छ भने नेताहरूको मोजमस्ती अर्कोतिर छ । जनता भोका र नाङ्गा छन् । देशको जिम्मेवार पदमा रहेका नेताहरू दलाली काम गरिरहेका छन् । देशले भोगेका वा जनताले भोगेका यथार्थ पीडाहरूलाई ज्यादै सहज तरिकाले गीतको माध्यमवाट प्रस्तुत गरिएको पाइन्छ ।

(५) **लय/भाका**

यस गीतको लय वा भाका ज्यादै मिठो छ । देशको यथार्थ परिस्थितिलाई गीतको माध्यमबाट ज्यादै मिठो लयमा प्रस्तुत गरिएको छ । गीतको लयले गर्दा गीत जति सुने पनि सुन्न मन लागिरहेन खालको छ । भाका नयाँ र आकर्षण गर्ने खालको छ ।

(६) **चरण**

यस गीतलाई तेइस वटा बुँदामा विभाजन गरेर गाइएको छ । पहिलो बुदामा तीन चरणहरू रहेका छन् । एउटा गीतको बुँदामा दुई वटा चरण रहेका छन् यसरी विभाजन गरिएका यस गीतका चरणहरूले गीतलाई अझ रोचक र आकर्षक बनाएको छ ।

जस्तै,

नेपलै प्यारो छ ।

यो मातृभूमि स्वर्ग जस्तो छ ।

नेपालै प्यारो छ ।

नेपाली भई जन्मिदा यो मन खुसी ले गर्जेको

कम दुःख गरी होइन नि यो देश पुर्खाहरूले आर्जेको ।

यसरी पहिलो चरणहरू गाइसकेपछि दास्रो चरणहरू भट्याइ गाइएको छ ।

(७) **कथन पद्धति**

यस गीतले देशको आर्थिक, सामाजिक, राजनैतिक विभिन्न विषय वस्तुहरूलाई लिएर कथनहरू कथिएका छन् । विभिन्न विषय वस्तुहरू राष्ट्र र राष्ट्रियताका बारेमा सम्बन्धित रहेर सामुहिक रूपमा गाइएको छ ।

## ५.३.१८ विद्यार्थी अनुशासन सम्वन्धी गीत

केही कुरा भन्छौँ हामी नसोध्नु है के हो र ?

आजकालका विद्यार्थीको बानी बेहोरा हे तर ............

पढ्न चाहीँ आउँछन् मन कता लाउँछन्

यसरी प्रगति के होला र खै

केटाः क्याम्पस ड्रेसको जुत्ता छोडी कक सुज लाइछौ नि

छोटो टाइट पाइन्ट लगाइ पढ्न आइछौ न हे तर ..........

मायाँको डोराले जिस्कायो मोराले

हाई मेरो लालुमाइ नभन्नु नि है ............

केटीः लामो लामो कपाल अनि कानमा मुन्द्रा लाएछौ

आउट ड्रेसमा हिरो बनी पढ्न आएछौ हे तर ............

चर्को छ हाँसो राखी नि चासो

हाई मेरा .................

केटाः   राम्रो काममा हैन सधै नराम्रो जुट्छौ
सरले भित्र पढाइ राख्दा बाहिर गफ चुट्छौ हे तर .....
अर्कै छ सुर लायो नि कुरा
हाई मेरा ................

केटीः   कसैले केहि भन्न हुन्न मुन्द्रेको ग्याङ् जुटाउँछौ
मोबाइलमा फोन आयो भने क्लासमै उठाउँछौ
हे तर बोल्ने मन थियो गरी नि    चियो
हाई मेरो ................

केटाः   मोबाइलमा फोन आएपछि मिठो मुस्कान बाडियो
जान हतार हन्छ अनि क्याम्पस छाडियो हे तर .........
आकोथ्यो फोन गाकोथ्यो बाहिर
हाई मेरो ....................

केटीः   एक दिन हैन दुइ दिन हैन सधै भागी जान्छा नि
क्यान्टीनमा बसी बसी चुरोट खान्छौ  नि हे तर
थाहा पाइछे कुरा भयो नि झुर
हाई मेरो ...................

केटाः   दुइ चार दिन क्लास हाप्दैमा नभन है पढ्दैन
आजकाल चुरोट नखाएन सानै बढदैन हे तर
केही हुन्न खादा बन्यो नि दादा
हाई मेरो .................

केटीः   बाइक चढनु पर्ने अरे क्याम्पससम्म जाँदा नि
बा आमाको धन सकेर के को दादा नि हे तर
रै छेनि ठिस गरिछे रिस
हाई मेरो ......................

केटाः   फी तिर्नलाई ल्याको पैसा किरिम किनि घस्छौ नि
तिमी पनि क्लास हापेर डेटिङ बस्छौ नि हे तर

रैछनि छुरा काट्यो नि कुरा
हाई मेरो ...........

केटीः केटी देख्न हुन्न आफै कर्के आँखा मर्काउँछौ
सम्झाई बुझाई गर्दा उल्टै सरलाई थर्काउँछौ
चटौला लाठीलाई सारै नि बाठी भै
हाई मेरो ............

हल्लि हिडेऊ काम बिगारेउ बोलेऊ होला झुटो
नहुनु थ्यो भयो आज लाछ पछुतो
राम्रो अर्ति दिदा खेरि ऊ बेलामा गरेऔ हाई
अहिले आएर पछुताउन पऱ्यो हामीलाई

(स्रोतः द्रव्यहाश वहुमुखी क्याम्पसको तिज गीत प्रतियोगिताबाट)

**(१) विषय वस्तु**

यस गीतमा विषय वस्तुको रूपमा क्याम्पस पढ्ने केटाकेटीहरूको अनुशासनलाई लिइएको छ । केटा केटीहरू क्याम्पसमा पढ्न आउछन् तर पढ्न भन्दा बाहिरी वातावरणमा रमाउने कक्षामा सरले पढाइ रहदा पनि केटाकेटी एक आपसमा जिस्केर बस्ने मोबाइल फोनमा ध्यान दिने, कक्षा कोठाबाट बाहिर निस्कने क्यान्टिनमा गएर चुरोट खाने जस्ता खराब प्रकृतिलाई औंल्याइएको छ । सरले अनुशासित बन्न प्रेरणा दिदा सरसँग नै बाझ्ने जस्ता कुराहरूलाई केटाकेटीले नै गीतका माध्यमवाट अघि बढ्न सचेत गराएको कुरालाई विषय वस्तुका रूपमा लिइएको छ ।

**(२) भाव वा विचार**

यस गीतको मुख्य भाव आजकलको समसामुहिक परिवेश र छाडापनको अन्त्य हुनु पर्दछ भन्ने नै हो । हिजोआज क्याम्पस पढ्ने केटाकेटीमा देखिएको छाडापनले शैक्षिक संस्थाहरूमा विकृति भित्राएको कुरालाई गीतका माध्यमबाट पोखिएका छन् र गीत कै माध्यमबाट सुध्रिएर जानुपर्ने कुरालाई पनि औँल्याइएको छ । समय छउन्जेल भबिष्य नसोच्ने र समय सकिए पछि र भबिष्य बरबाद भएपछि मात्र पछुताएर केही नहुने कुरा यस गीतमा आएको छ । आजकलका कलिला केटा केटीहरू मोबाइल फोनका

कारणवाट पनि धेरै बिग्रिएका छन् । स्रोत साधनको सही सदुपयोग गर्न नसक्दा पनि धेरै मानिसको भविष्य बरबाद हुने कुरा समेत यस गीतमा आएको पाइन्छ ।

(३) **उद्देश्य**

यस गीतको खास उद्देश्य हिजो आजका युवा पुस्तामा देखिएको बिसङ्गति र विकृतिको अन्त्य हुनुपर्दछ भन्ने नै हो । आजकल क्याम्पस पढ्ने केटाकेटीहरू पढाइभन्दा मोबाइल फोन र क्यान्टिनमा बढी रमाउने, क्याम्पस पढ्न आएर डेटिङ्गमा जाने, क्याम्पस पोशकमा भन्दा फेसनलाई जोड दिने, आमा बाबुको धन सकेर दादा बनेर हिड्ने जस्ता खराब प्रवृतिले एकातिर केटाकेटीको जीवन बरबाद हुन्छ भने अर्कोतर्फ अभिभावकको जीवन समेत बरबाद हुन पर्दछ । त्यति मात्रै नभएर समाज र कलेजको वातावरणमा समेत असर पर्ने भएको हुँदा केटाकेटीहरू सत् मार्गमा लाग्नु पर्दछ भन्ने यस गीतको उद्देश्य रहेको छ ।

(४) **भाषाशैली**

यस गीतको भाषा सरल छ । गीत प्रस्तुतिको शैली मिठासपूर्ण छ । मिठास पूर्ण शैलीमा सरल र सहज तरीकाबाट गीत प्रस्तुत गरिएको छ ।

(५) **लय/भाका**

यस गीतको लय र भाका नौलो किसिमको छ । केटा र केटीले एक आपसमा दोहोरीको रूपमा गीत गाएका छन् । समय अनुकूलको गीत भएको हुँदा पनि यस गीतको भाका सबैलाई मन पर्ने किसिमको छ ।

(६) **चरण**

यस गीतलाई बाह्र वटा चरणरूमा विभाजन गरी दुई चरणमा गाइएको छ । यो गीतको चरणरू एक आपसमा फेद र टुप्पा नमिलेता पनि गीत आकर्षक र सबैलाई मन पर्ने किसिमको छ ।

(७) **कथन पद्धति**

यस गीतमा वर्तमान समयको यथास्थिति वा आजकल कलेज पढ्ने केटाकेटीको आचरण व्यवहार र छाडापनलाई गीतका माध्यमबाट कथनहरू प्रस्तुत गरिएको छ । केटाकेटीहरूले दोहोरीको रूपमा एउटाले अर्कोलाई आक्षेप लगाएर गीत गाएका छन् ।

### ५.३.१९ समाजमा भएका विसङ्गति र समसामयिक परिस्थिति सम्बन्धी गीतहरू

भन्न मन लाग्यो हाम्लाई यो देशको कुरा
सुन्नुस् सबै जनाले नि बरिलै ।
हिजो भन्दा आज झन बिग्रदै गाछ
सबको अल्छि पनाले नि बरिलै ।

जता जान्छु उतै बिकृति भेटिन्छ
भयो मन जलन नि बरिलै ।
गरिब दिन दुःखी माथि अत्याचार भइरहने
कस्तो आयो चलन नि बरिलै ।

गाउँ जान्छु गाउँतिर महिला हिंसा अत्याचार
कतिविधि भा रै छ नि बरिलै ।
गाजा रक्सी चुरोट खादै बरालिन्छन् दाजुभाइ
कस्तो चलन आ रै छ नि बरिलै ।

कतिपय जनता भोकमरिमा पऱ्याछन्
मिलाइ देउन राहत नि बरिलै ।
बस्ने ठाउँ छैन कतै सडकमा लड्याछन्
यी सब् जाउन काहा त नि बरिलै ।

गरिखान सकेनौ नि स्वदेशमा बसेर
महङ्गी बढ्दो छ नि बरिलै ।
आजभन्दा भोलि जनसङ्ख्या बढ्दै छ
अवसर घट्दो छ नि बरिलै ।

ठुला ठालु कुर्सीमा छन् जनता परे मारमा
गर्न पर्छ अरे मान नि बरिलै ।

बैठक मात्र बस्छन् सधै आफ्नो पेट भर्छन
कैले बन्ला संविधान नि बरिलै ।

सम्पूर्ण जनताको दु:ख पिडा समेटी
संविधान लेख्योस् हैनि बरिलै ।
आजको दिनमा जे जस्तो भए नि
भोली खुसी देख्योस् है नि बरिलै ।

हत्या हिंसा अन्याय देशमाभाको विकृति
हटोस् भन्ने भावना नि बरिलै ।
हिन्दु नारीहरूको यो महान् तिजको
यही छ शुभकामना नि बरिलै ।

(स्रोत: करिश्मा के.सी.)

(१) **विषय वस्तु**

यस गतिको विषय वस्तुको रूपमा देशको समसामयिक गति विधिहरूलाई लिइएको छ । देशको अवस्थाले दिदी बहिनीहरूको मनमा ज्यादै ठुलो पिर परेको छ , समाजमा भएको विकृति, गरिब माथि भएको अत्याचार, गाँजा र रक्सीले बिग्रेका युवावर्ग भोकमरिमा परेका जनता देशको चुलिदै गएको महङ्गी आदि विषय वस्तुमा पिर गरेर तिज मार्फत गाएका छन् ।

(२) **भाव वा विचार**

यस गीतको मुख्य भाव देशमा भइ रहेको अन्याय अत्याचार, विकृतिको अन्त्य हुनु पर्दछ भन्ने नै रहेको छ । युवा शक्तिहरू बरालिएर हिड्ने देशमा दिन प्रतिदिन महङ्गीले आकाश छुने, देश चलाउन गएका नेताहरू आफ्नो पेट भर्दैमा ठिक्क, संविधान देशमा कहिलै नबन्ने आदि जस्ता कुराहरूले देशलाई उधोगति लागिरहेको कुरा यस गीतको भाववाट प्रस्ट हुन आउँछ । दिदी बहिनीहरूले तिज गीत पनि देशमा भएका विकृति र विसङ्गतिको अन्त्य होस् भन्ने शुभ कामना दिएका छन् ।

(३) **उद्देश्य**

यस गीतको उद्देश्य सबैले सही सत्य बाटोमा हिडुन भन्ने नै रहेको छ । देशमा सबैले आ-आफ्नो ठाँउबाट बाटो नबिगारी काम गर्नु पर्‍यो भन्ने चेतावनी समेत सबैलाई दिनु यस गीतको उद्देश्य रहेको छ ।

(४) **भाषा शैली**

यस गीतको भाषा सामान्य सरल रहेको छ । गीत प्रस्तुतिको शैली पनि सामान्य नै रहेको छ ।

(५) **लय/ भाका**

यस गीतको लय अलि फरक खालको छ । लय वा भाकालाई गति सँग सँगै लामो स्वरसँग अगाडि बढाइएको छ । भाका पुरानो वुढाबुढीहरूलाई मन पर्ने किसिमको छ ।

(६) **चरण**

गीतमा आठ वटा गीतहरू रहेका छन् भने सोह्र चरणमा गीतलाई विभाजन गरिएको छ । गीत पुराना किसिमका छन् ।

जस्तैः

जता जान्छु उतै बिकृति भेटिन्छ
भयो मन जलन नि बरिलै ।
गरिब दिन दुःखी माथि अत्याचार भइ रहने
कस्तो आयो चलन नि बरिलै ।

(७) **कथन पद्धति**

यस आजको समसामयिक परिस्थिति, देशको अवस्था, जनताको हालत, युवाहरूको बेरोजगारी अवस्था आदिलाई कथनका रूपमा लिइएको छ ।

## ५.३.२० राजनीति प्रति व्यङ्ग्य गरिएका गीतहरू

गणतन्त्र आयो भन्छन् पाको छैन केही सुर
नयाँ नेपाल नयाँ कुरा सुन्नुस् हजुर, हे शिव ।

परिराछौ जनता हामी नेताहरूको जालमा के
प्रगति भाको छ र नयाँ नेपालमा तर गयो राजतन्त्र ।
आछ गणतन्त्र यस्तै होला लालुमाई नयाँ नेपाल ।

नभनौत कसो-कसो भने पर्ला रडाको देशमा
आको लोकतन्त्र कता हरायो हे शिव हटि सक्यो ।
भनेका छन् भन्नलाई त क्रान्ति बम वारुद नै
नपड्कनि छ है असान्ती हे तर गयो राजतन्त्र ।

नयाँ नेपाल भन्छन् सबै हट्यो अरे जनयुद्ध
भाको छैन नेताहरूको अझै मन शुद्ध हे शिव ।
म एउटीले के भनौं र यत्रो ठुलो मासमा
नेताहरू झगडा गर्छन् एक आपसमा हे तर ...........

जनता हामी परिराछौं अझै किन फन्दामा
गणतन्त्र घोषणा भो जेठ पन्ध्रमा हे शिव ।
१९ दिन आन्दोलन भो दुःख गऱ्यौं मज्जाले
अहिले वास्ता गरिदेनन् ठुलावडाले हे तर ................

चुनाव भयो चैत २८ मा जित्यो एउटा पाटीले
हान्न छाड्या छैनन् अझै हाम्लाई लाठीले
हे शिव नयाँ शासन बनोस अब यहि २०६८ सालमा
झनै दुःख पायौ हाम्ले नयाँ नेपालमा हे तर ..................

राष्ट्रपति चुन्नेका छन् गर्नपर्छ अरे मान
कहिले बन्ने होला अब नयाँ संविधान हे शिव हात जोड्छौ
अव यो सिवायक अरू केहि छैन
अब आँखा चिर्मलिएर बस्नु भएन् हेर तर .......................

(स्रोतः तिज गीत प्रतियोगिता २०६८ बाट)

(१) **विषय वस्तु**

यस गीतको विषय वस्तु राजनीति परिवेशलाई बनाइएको छ । राजनैतिक अस्थिरताको कारणले जनताले धेरै दुःख पाएका कुराहरूलाई समेटेर तिज गीत मार्फत नेताहरूलाई सुनाउने काम भएको छ । देशमा राजतन्त्र, गणतन्त्र ने भए पनि आखिर जनताको मनमा शान्ति छैन, जनयुद्ध सकिएता पनि नेताहरू बिच कुर्चीको लडाइ यथावत् छ । देशमा जनताले चुनेको शासन व्यवस्था आए पनि जनतालाई केही राहतसम्म भएको छैन । देशले सकेन यिनै विषय वस्तुहरूमा चिन्ता गरेर यो गीत गाइएको छ ।

(२) **भाव वा विचार**

यस गीतको मुख्य भाव देशमा कुनै शासन प्रणाली परिवर्तन भएर जनताले सुःख पाउन हैन रहेछ, शासन पद्धतिमा रहने नेताहरूको बुद्धिमा नै परिवर्तन हुन पर्ने रहेछ भन्ने रहेको पाइन्छ । शासन प्रणाली जनताले ल्याए पनि देश चलाउनेको घैंटोमा घाम नलागेसम्म जनताले मात्र चाहेर देशमा परिवर्तन हुने वाला केही छैन । जनताको माझमा एउटा आर्दश छाट्ने र सत्तामा पुगे पछि अर्कै व्यवहार गर्ने द्वैध चरित्रका नेताहरूले गर्दा आज यो देश दिन प्रतिदिन सङ्कटमा फस्दै गएको कुरा यस गीतको भाववाट प्रस्ट हुन आउँछ ।

(३) **उद्देश्य**

यस गीतमा एकतिर दिदी बहिनीहरू देशको बारेमा पिर बोकेका छन् भने अर्कोतर्फ देश चलाउने नेताहरूलाई व्यङ्ग्य गर्नु यस गीतको उद्देश्य रहेको छ । देशमा गणतन्त्र आएपछि सबैले सुःख पाउँछन्, नयाँ नेपाल बन्दछ, देशको विकास हुन्छ भन्ने कुराहरू हुन्थे तर राजतन्त्र गएर गणतन्त्र आए पनि कही परिवर्तन जनताले पाउन नसकेको कुरा यस गीतमा भनिएको छ । जनताले १९ दिनसम्म आन्दोलनमा उभिएर आएको गणतन्त्रले जनतालाई केही उपलब्धी भएन, देशमा संविधान समेत बन्न सकेन, नेताहरूले आफूलाई मात्र हेरे देशलाई हेर्ने कोही भएनन् । त्यसैले नेताहरूलाई खवरदारी लगाउन सक्नु पर्दछ भन्ने यस गीतको उद्देश्य रहेको छ ।

(४) **भाषाशैली**

यस गीतको भाषा शैली सरल छ । गीतको भाव सजिलैसँग सबैले बुझ्न सक्ने किसिमको छ । गीत प्रस्तुतिको शैली पनि सरल र सहज छ ।

(५) **लय/भाका**

यस गीतको लय वा भाका अलि नौलो किसिमको छ । गीतको भाकालाई सबैले सजिलैसँग छोप्न अलिअफठ्यारो पर्ने खालको रहेकोले सबैले सजिलैसँग छोप्न गाह्रो पर्ने भाका यस गीतमा प्रयोग भएको छ ।

(६) **चरण**

यस गीतलाई बाह्र वटा बुँदामा टुक्राएर भनिएको छ । गीतका चरणहरू फेद र टुप्पाको कता कता मेल नखाए जस्तै देखिन्छ ।

जस्तै,

राष्ट्रपति चुनेकाछन् गर्नपर्छ अरेमान
कहिले बन्ने होला नयाँ संविधान, हे शिव हात जोड्छौ
अब यो सिबाय अरू केहि छैन
अव आँखा चिम्लिएर बस्नुभएन् हे तर ...............

(७) **कथन पद्धति**

यस गीतका कथनका रूपमा राजनैतिक परिस्थितिलाई लिइएको छ । देशको राजनीतिमा आएको परिवर्तनले देशमा परिवर्तन गर्न नसकेको कुरालाई कथनका रूपमा लिइएको छ । गीतलाई सामुहिक रूपमा गाइएको छ ।

## ५.३.२१ देशको अवस्थाप्रति चिन्ता गरेर गाइएको गीत

यो देशको कुरा सुन्नुस हजुर कोही छैन देश विकास गर्ने चाँहि केही छैन ।
आ-आफ्नो सुर चलाउँछन् छुरा कोही छैन राम्रो काम गर्ने चाँहि कोही छैन ।
यो गर्छु भन्छन् त्यो गर्छु भन्छन् कोही छैन गरी देखाउने चाँहि कोही छैन ।
काम चाहि गर्दैनन् आफ्नै पेट भर्छन कोही छैन घुस नखाने चाहि कोही छैन ।
नेपाली जनता विदेशी भेषमा कोही छैन संस्कृति जोगाउने कोही छैन ।
अझै अशान्ती भै राछ देशमा कोही छैन शान्ति ल्याउने चाहि कोही छैन ।
दिन दु:खी अब हाम्रो दिन गयो कोही छैन सहयोग गर्ने चाहि कोही छैन ।
कस्तो नेपाल खै कस्तो खै कस्तो भयो कोही छैन फर्केर हेर्ने चाही कोही छैन ।
अझै मिलेका छैनन् तीन पाटी कोही छैन आपसमा मिल्ने चाही कोही छैन ।

कैले पुग्ने खै यो देश माथि कोही छैन अगाडि बढ्ने चाहि कोही छैन ।
भनेको सुन्छु लोकतन्त्र आको कोही भइन लोकतन्त्र आए नि कोही भइन ।
सहिदको सपना खै पुरा भाको कोही छैन सहिदलाई सम्झने कोही छैन ।
बगाएका थिए रगतको खोलो कोही छैन अब त्याग गर्ने चाही कोही छैन ।
अझै के-के पो हुने हो भोलि कोही छैन भोलिका दिन हेर्ने कोही छैन ।

(स्रोतः सुनिता ढकाल)

**(१) विषय वस्तु**

यस गीतमा देशको वर्तमान परिस्थितिलाई विषय वस्तु बनाइएको छ । देशमा राम्रो काम गर्ने कोही नहुँदा देशको वारेमा सोच्ने भन्दा व्यक्तिगत फाइदालाई सोच्नेहरूको बहुल्यता दिन प्रतिदिन बढ्दो छ । आफ्नो देशको संस्कार संस्कृतिलाई भुल्ने प्रवृतिको विकास हुदैछ । देशमा सधै भरी अशान्ति छ । शान्ति ल्याउने कोही भएन । नेपाल हिजो कस्तो थियो आज झन् दिन प्रतिदिन खस्कदो अवस्थामा छ । ठुला पाटीहरू एक आपसमा सधैँ रडाको मात्र मच्चाउँछन् । लोकतन्त्रमा जनताले चाहे जस्तो शासन हुन्छ भन्थ्ये तर केही भएन । सहिदको सपनालाई पुरा गर्ने कोही भएन भनेर देशको अबस्थाप्रति चिन्ता गर्दै त्यसै विषय वस्तुमा गीत गाइएको छ ।

**(२) भाव वा विचार**

यस गीतको भावमा देशको चिन्ता व्यक्त गरिएको छ । देशको बारेमा कसैले चिन्ता नगर्दाको अवस्थामा दिदी बहिनीहरूले देशको चिन्ता गरेर गीत गाएका छन् । आज आफ्नो भाषा र संस्कृतिलाई बिर्सिएर नेपालीहरू बिदेशी संस्कृतिमा आफूलाई रमाउन थालेका कुरा शान्ति मुलुकको रूपमा विश्वसामु गौतम बुद्धको देशले चिनिएको नेपालमा आज सधै अशान्ति मात्र फैलिएको छ । देशका ठुला पाटी भन्नेहरू एक आपसमा कहिलै मिल्न सक्दैनन् । देशको लागि कतिका छोरा सहिद बने कति विधुवा बने कति टुहुरा तर सहिदको सम्मानमा काम गर्ने कोही हुन सकेन । लोकतन्त्र आए पनि वा गणतन्त्र आएपनि न त जनताले भने जस्तो शासन व्यबस्था हुनसक्यो न त देशले काचुली फेर्न नै सक्यो अझै भोलि के के हुन्छ भन्ने पिरलो सबैमा रहिरहेको भाव यस गीतबाट प्रस्ट हुन्छ ।

**(३) उद्देश्य**

यस गीतको उद्देश्य सबै नेपाली मिलेर देशलाई अघि बढाउनु पर्दछ । नेपालीले आफ्नै संस्कार र संस्कृतिमा रमाउन सक्नु पर्छ । हामी एक आपसमा सधै फुटेर होइन जुटेर अघि बढ्न सकेमा हामी सबैको भलो हुन्छ नत्र भाइ फुटे गबार लुटे भने जस्तो हाम्रो अस्तित्व समाप्त हुन पनि सक्छ । त्यसैले हामी एक भएर अगाडि बढ्न सक्नु पर्छ भन्ने सन्देश दिनु यसको उद्देश्य रहेको छ ।

(४) **भाषा शैली**

यस गीतको भाषा शैली सरल, सहज किसिमको छ । जनताका पीर मर्काहरूलाई गीतका माध्यमवाट सरल सबैले सजिलै बुझ्न सक्ने भाषामा व्यक्त गरिएको छ ।

(५) **चरण**

यस गीतमा चौध वटा चरणहरू रहेका छन् । गीतलाई फेद र टुप्पो गरि विभाजन गरी गाइएको छैन । गीतलाई एक पटकमा गाँउदा नै एउटा चरण पुरा भएको पाइन्छ ।

(६) **कथन पद्धति**

यस गीतमा देशको बारेमा चिन्ता गरेर देशकै अवस्थालाई गीतमा कथेर गाइएका छन् । यस गीतलाई सामुहिक रूपमा गाइएको छ ।

### ५.३.२२ कलिलो उमेरमा विवाह गरिदिदा ँको पीडा व्यक्त गरिएको गीत

सोह्र पुगी सत्र लाग्दा कन्यादान दिनुभो ।
यति कुरा बावाले पापै लिनु भो ।
कलिलो उमेरैमा व्यवहारमा फसि म ।
दु:ख र आपत्को भेलमा पसी म ।
दु : ख कष्ट अतिछ छैन यसको सिमाना
दाउरा घाँस र आँसुमा बित्यो जीवन ।
कति रहर थियो बावा पढी लेखि हिड्नलाई ।
गाह्रो पर्ने रहिछ बावा कर्म चिन्हलाई ।
मेहेनत गरि पढ छोरी सुखी हुन्छ भबिश्य ।
दु:ख तिमीलाई हुने छैन हेर अवश्य ।
भन्नुहुन्थ्यो बुवाले ठुलो सास फेरेर ।
आखिरीमा दिनु भयो दु:ख हेरेर ।
धेरै गरे सङ्घर्ष त एक बारको जीवनमा ।
यस्तै दु:ख पाम्ला भन्ने थेन यो मनमा ।
माइती घरमा गरिन काम पढाइ ठुलो ठानिदा ।
आज मलाई धोका भो काम नजान्दा ।
पराइलाई रिजाउनु रहिछ काम छोरीको ।
पढलेख गरेर के काम मोरीको ।
मनभित्रै रहे बावा म छोरीको सारा रहर ।
कति साह्रै अबुझ पऱ्यो बावा मेरो घर ।
रातदिन खटेर गोरु सरी जोतिदा ।
यति मन रुदैन बचन ठोकिदा ।

(स्रोतः सानुमैयाँ थापा)

(१) **विषय वस्तु**

यस गीतको विषय वस्तु कम उमेरमा विवाह गरि दिदाको पीडालाई लिइएको छ । छोरी भनेको पराइका घर जाने जात हुन् । यिनलाई पन्छाइ दिनाले बोझ कम हुन्छ भन्ने सोची छोरीलाई सानै उमेरमा बिवाह गरिदिने प्रचलन हाम्रो समाजमा हिजोको दिनमा थियो । छोरीका इच्छा र चाहाना विपरीत कम उमेरमा बिवाह गरि दिदा पराइका घरमा भोग्नु परेको दु:ख कष्टहरूलाई यस गीतमा विषय वस्तुको रूपमा लिइएको छ।

(२) **भाव वा विचा/**

यस गीतको मुख्य भाव बाबु आमाले आफूले जन्माएको सन्तान छोरा भए पनि र छोरी भए पनि दुबैलाई समान व्यवहार गर्न सक्नु पर्दछ । छोरी भनेर हेला गरी छोरीका भावनाहरूको कदर नगरी, छोरीका इच्छा र चाहानालाई कुल्चिएर, छोरीलाई बोझका रूपमा लिइ सानै उमेरमा विवाह गरिदिँदा छोरीको जीवन सधैं भरि दु:ख कष्टमा मात्र बित्ने र उसका चाहना अनुसार अघि बढ्न नपाउने कुरा यस गीतमा पोखिएको छ । पढेर ठुला मान्छे कन्ने सपना माथि आफ्नै आमा बुवावाट कुठराघात् हुँदा जीवनभर छोरीले कष्ट भोग्नु पर्ने एकतिर हुन्छ भने अर्कोतर्फ अर्काको भरमा बस्नु पर्दा पराइका तिखा वचन समेत खानु पर्ने कुरालाई यहाँ दर्शाइएको छ ।

(३) **उद्देश्य**

यस गीतको मुख्य उद्देश्य समाजमा रहेको रूढीबादी संस्कारको अन्त्य गर्नु रहेको छ । हाम्रो समाजले छोरा र छोरीलाई हेर्ने दृष्टिकोणमा समानता नभएसम्म समाजका धेरै छोरीहरूको अवस्था नाजुक रहने कुरा यस गीतबाट प्रस्ट हुन आउँछ । छोरीलाई वंश धान्ने सन्तान वा मरेपछि स्वर्ग तार्ने वंशको रूपमा लिइन्छ भने छोरीलाई बोझका रूपमा लिने परम्पराले गर्दा बाबु आमाले छोरीलाई सानैमा विवाह गरी दिएपछि आफू वोझबाट हलुका बन्ने सोचका साथ वालक कालमा विवाह गरी दिँदा छोरीहरूले आफ्नो भबिष्य निर्माण गर्न समेत नपाएका र अर्काको दासी बनेर बिताउन परेको हुँदा भोलीका दिनमा छोरीहरूले त्यस्तो अवस्था भोग्न नपरोस् भन्ने सन्देश समेत यस गीतले दिएको छ ।

(४) **भाषाशैली**

यस गीतमा सरल भाषाको प्रयोग गरिएको छ । वालक कालमा विवाह गरिदिंदा भोग्नु परेको पिडालाई गीतका माध्यमवाट सबैले बुझ्न सक्ने सरल सहज भाषाशैलीको प्रयोग गरि आफ्ना पीडाहरूलाई व्यक्त गरिएको छ ।

(५) **लय वा स्वर**

यस गीतको लय पुरानो सबैले बुझ्ने र गीतको भाकालाई सबैले छोप्न सक्ने किसिमको छ । गीत रेखीय शैलीमा सरर अगाडि बढ्दै गएको छ ।

(६) **चरण**

यस गीतमा एघार वटा गीतहरू रहेका छन् भने बाइस वटा चरणमा विभाजन गरिएको छ । गीतको फेद र टुप्पाको परस्पर सम्बन्ध रहेको छ ।

(७) **कथन पद्धति**

यस गीतमा वाल्यकालमा विवाह गरी दिएका पीडाहरूलाई कथनका रूपमा कथेर गीतका माध्यमबाट अगाडि बढाइएको छ । गीतलाई सामुहिक रूपमा गाइएको छ ।

# परिच्छेद - ६

## सारांश र निष्कर्ष

### ६.१ सारांश

लोक सहित्य लोक समाजको दपर्ण हो । समाजका बस्तीहरूमा सुख, दुःख सङ्गालेर बसेका अनपढ निरक्षर दुःखी, गरिब जनताको हृदयवाट मुखरित कोमल भावनाको सुसेली नै लोक साहित्य हो । गोरखा नगर पालिका लोकसहित्यिक सामग्रीले भरिपूर्ण भएको पाइन्छ । यस क्षेत्रमा लोकगीत, लोकगाथा, लोकनाटक, लोककथा, उखानटुक्का आदि विविध सामग्रीहरू प्रशस्त पाइन्छ । ती सामग्रीहरू मध्ये यस नगर पालिका क्षेत्र भित्र प्रचलित लोकगीत भित्रको तिज गीत सङ्कलन गरी ती सङ्कलितसामग्रीहरूलाई प्रस्तुत गर्ने क्रममा शोधपत्रमा ६ ओटा परिच्छेदहरूको व्यवस्था गरिएको छ । हरेक परिच्छेदमा आवश्यक विषय वस्तुलाई प्रस्तुत गरी विश्लेषण गरिएको छ ।

पहिलो परिच्छेद विषय परिचयको रूपमा रहेको छ । यस परिच्छेदमा समस्या कथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधकार्यको औचित्य र महत्व शोधकार्यको सीमाङ्कन शोधविधि, सामग्री सङ्कलन र शोधपत्रको रूपरेखा आदि शीर्षकरूको परिचय दिइएको छ । यो पहिलो परिच्छेद शोध परिचयको रूपमा रहेको छ ।
दोस्रो परिच्छेदमा गोरखा जिल्लाको परिचय र गोरखा नगर पालिका परिचय खण्डको रूपमा प्रस्तुत गरिएको छ । यस खण्डमा पृष्ठभूमि, भौगोलिक स्थिति, क्षेत्रफल र सिमाना, धरातलीय स्वरूप, हावापनी, नदीनाला, प्रसिद्ध ठाउँहरू सामाजिक जनजीवन, वनजङ्गल, तीर्थस्थलहरू, जानजाती, धर्म, पेसा, भाषा, शैक्षिक अवस्था आदिको बारेमा सङ्क्षिप्त उल्लेख गरिएको छ ।

यसै गरी यस शोधपत्रको तेस्रो परिच्छेदमा लोक साहित्य र तिज गीत, लोक साहित्य को परिभाषा, लोक साहित्यको विशेषता, लोक साहित्य को वर्गीकरण, लोक साहित्यको अध्ययन परम्परा, लोकगीतको वर्गीकरण र तिज गीतको चर्चा गरिएको छ ।

चौथो परिच्छेदमा तिज पर्वको उत्पति कसरी भयो र यो पर्व कहिलेबाट मनाउँदै आइएको छ ? यसको नामाकरण र तिज पर्वमा बस्ने व्रत र पूजा विधिको बारेमा वर्णन गरिएको छ ।

त्यसै गरि पाचौं परिच्छेदमा तिज गीतको सङ्कलन विश्लेषण, तिज गीतको पृष्ठभूमि, सङ्कलित तिज गीत विश्लेषणको आधारहरू, भावविचार, उद्देश्य, भाषा शैलीका आधारमा विभिन्न किसिमका गीतहरूलाई विश्लेषण गरिएको छ ।

त्यस्तै शोधपत्रको अन्तिम तथा छैटौ परिच्छेदमा उपसंहार खण्डको रूपमा रहेको छ । यस परिच्छेदमा सुरुदेखि अन्तिम परिच्छेदसम्म गरिएको क्रियाकलापको सङ्क्षिप्तमा उल्लेख गर्नुका साथै सारांश र निष्कर्ष प्रस्तुत गरिएको छ ।

## ६.२ निष्कर्ष

लोक साहित्य  लोक जनसमूहको बाचक शब्द हो जुन परिष्कार, सभ्यता, शिक्षा आदिमको कृत्रिमताले रहित आदिम मनोवृतिमा आधारित रहन्छ । यस अवस्थामा जति पनि निरक्षर समूह छन् तिनको आशा - निराशा, हर्ष - विषाद, जीवन - मरण, लाभ - हानि, सुख - दुःख, आँसु - हासो, निष्ट - अनिष्ट आदि सिङ्गो ध्वनि जुन साहित्यमा पाइन्छ, त्यही लोक साहित्य हो । लोकगीत लोक साहित्य को सबै भन्दा व्यापक र प्रिय अङ्ग हो । सामयिकताको प्रसङ्गमा होस वा आफ्नै भावुकतावश उद्गरिन होस्, स्वच्छ र सहज आत्मावाट प्रस्फुटित कुनै पनि लोकको लय लोकगीत हो । यो समाज प्रति समर्पित हुनासाथ बेनामी बन्न पुग्दछ र लोक सम्पक्तिको रूपमा दरिन्छ । यसमा हरेक प्राणीको हाँसो र आँसु अभाव, समस्या, वियोग आदि हार्दिक उद्देश्यहरू निश्छलताका साथ आफ्नै रूपमा उद्घोषित भएका हुन्छन् ।

लोकगीतको अध्ययन गर्ने क्रममा गोरखा जिल्ला गोरखामा प्रचलित तिज गीतको अध्ययन गर्दा तिज पर्वसँगै ऐतिहासिक सम्बन्ध राख्ने गीत भएको हुँदा पर्व र तिज गीतलाई साथ साथै अध्ययन गर्ने जमर्को गरिएको छ ।

तिजपर्व महिलाहरूको मात्र एक ऐतिहासिक पर्व हो । यो पर्व वर्षको एक दिन भाद्र शुक्ल तृतीयाको दिन पर्दछ । नेपाली चेलीहरू जति टाढा माइती भए पनि माइतजान हुरूक्क हुन्छन् र यस दिन सबै चेलीहरू आफ्ना आमावावा, दाजु - भाई, दिदि-बहिनी र

सङ्गी साथी आफू जन्मेको ठाउँमा भेटघाट हुने गर्दछन् । आफ्ना दुःख-सुःख, हर्ष-बिस्मात् आदिको आदान प्रदान गीतको माध्यमवाट गर्ने गर्दछन् यस तिजका दिन (सबै चेलीहरू) खास गरी बिवाहित चेलीहरू आफ्नो पतिको दीर्घायुको लागि घर-परिवारको सुख शान्तिको लागि निराहार बसी शिव पार्वतीको पूजा आराधन गरी जम्मा भएका सवै चेलीवेटीहरू नाच्ने, गाउने र रमाइलो गर्ने गर्दछन् । तिज पर्वमा गाइने गीतहरूको धार्मिक, नैतिक, सामाजिक आर्थिक, मनोरञ्जनात्मक एवं हास्यव्यग्यात्मक पक्षलाई समेत समेटेको हुन्छ । समयको परिवर्तनसँगै यस तिजपर्वमा गाइने तिज गीतहरूको चेलीहरूको वेदना मात्र नपोखेर समसामयिक घट्नाहरूलाई पनि समेटेको पाइन्छ ।

यी तिज गीतहरूले जन्मघर छोडेर पराइघर गएका चेलीहरूका आफूले भोगेका मनोदशाहरू व्यक्त गरेका छन् । सुरुका अवस्थामा नारीहरूको जीवन कस्तो अवस्थामा थियो र  अहिले कस्तो अवस्थामा छ भन्ने कुरा शुरुदेखि अहिलेका तिज गीतहरूबाट थाहा पाउन सकिन्छ । पुरुष प्रधान देश भएकोले र धर्मले नै महिलाहरूलाई साह्रै अपाङ्ग बनाइ एक नारकीय जीवन बिताउन वाध्य बनाएको थियो । यस्तो अवस्थामा बोल्ने अधिकार नपाइए पनि आफ्नो दुःख पीर, वेदना र असन्तोष पोख्ने माध्यम तिजको गीत थियो र त्यो दिन वर्षभरमा एक पटक भाद्र शुक्ल तृतीयाको दिनमा पर्दथ्यो । त्यसैले त्यो दिन महिलाहरू आफू माइत जान पाउने आफ्नो अधिकार सम्झन्थे ।

यो तिजपर्व महिलाहरूको मात्र भएकाले यसमा प्राय महिलाहरू नै भेला भई नाच्ने गाउने रमाइलो गर्ने गर्दछन् । अहिले आएर पुरूषहरूले पनि केही साथ दिएको पाइन्छ । यस गोरखा नगर पालिका क्षेत्र भित्र प्रचलित तिज गीतहरूले यसै समाजको भाव भूमि उतारेको छ । यसका अतिरिक्त यहाँका तिज गीतहरूमा चेलीहरूको विरह-व्यथा, मिलन, बिछोड, परिवारिक असन्तुष्टि, बुहारीलाई घरमा गरिने व्यवहार, सासूनन्द आमाजूहरूले गर्ने व्यवहार, नारीका बाध्यता, बिवशता, गृहस्थी जीवनका तीतामिठा अनुभूति आदिलाई व्यक्त गरिएका छन् । तिजका गीतहरूको अध्ययन गर्दै जाँदा बिभिन्न प्रकारका भाव व्यक्त भएका गीतहरू भेटाउन सकिन्छ । यस्ता गीतहरूमा भगवान्प्रति आस्था र श्रद्धा व्यक्त गरिएका, दिदीवहिनीहरू प्रति गाढा प्रेमका गीतहरू देशको राजनैतिक परिस्थतिले उब्जाएका सवालहरू आदि समय अनुसार विभिन्न भाव बोकेका गीतहरू पाइन्छ ।

तिजपर्व नेपाली महिलाहरूको एक पहिचान पनि हो । जुन पर्वले महिलाहरूलाई विभिन्न खालका गाह्रा अप्ठाहाराहरूसँग जुध्न प्रेरित गर्दछन । राष्ट्रिय स्तरमा एकदिन महिला दिवस मनाए झै महिलाहरूको सन्दर्भमा केही विचार छलफल तथा महिला सक्रियताका बारेमा भूमिका खेल्ने यो पर्वको उत्पती र विकासका पौराणिक अथवा अध्यात्मिक पक्ष्य समयको गतिसँगै परिवर्तित हुँदै आइरहेको यस पर्वको मूल उद्देश्य कुमारी केटीहरूले आफूलाई मनपरेको केटासँग विवाह गर्नका लागि अभिभावक माथि दबाव सिर्जना गरिएको सङ्घर्षको सफलतापछि शुरुवात भएको यो तिजपर्व केही रूपान्तरित हुँदै वर्तमान अवस्थामा यसले आफ्नो प्राप्त भइसकेका पतिको दीर्घायुको लागि समेत पूजाआजा गर्ने, व्रत बस्ने महिलाको एक महत्वपूर्ण वार्षिक पर्वको रूपमा स्थापित भएको छ ।

तिजपर्वको अर्को महत्वपूर्ण पक्ष तिजमा गाइने गीत हो । महिलाहरूले आफ्नो दयनीय स्थिति र उनीहरूमाथि गरिने अन्याय अत्याचारको बारेमा गीतहरूको माध्यमवाट उद्गार गरिएको सजीव चित्रणले उनीहरूमा लुकेर रहेको कलात्मक क्षमतालाई उजागर गरेको पाइन्छ । तिजपर्वमा गाइने गीतहरूको आफ्नै छुट्टै विशेषता रहेका लयहरू छन् र ऐतिहासिक पनि छन् । त्यसको सिर्जनाको श्रेय महिलाहरूलाई नै जानेछ । यी तिजमा गाइने गीतहरू आजसम्म सङ्कलन गर्ने प्रकाशन गर्ने र सङ्ग्रह गर्नेतर्फ कसैको ध्यान आकर्षित भएको छैन र हाम्रो यी सिर्जनाहरू लोप हुने गरेका छन् । त्यसैले यी सिर्जनाहरूको संरक्षण र सम्बर्द्धन गर्नु नितान्त आवश्यकता रहेको छ ।

हिजोआज समयको परिवर्तनसँगै केही परिवर्तन भएको छ, जसले गर्दा केही संघसंस्थाहरू र राजनीतिसँग प्रतिबद्ध भएका महिलाहरूद्वारा तिजपर्वको सन्दर्भमा विभिन्न ठाउँमा तिज गीत प्रतियोगिता गर्ने र सफल हुनेलाई पुरस्कार वितरण गर्ने जस्ता रचनात्मक कार्य पनि हुन थालेको पाइन्छ । जुन प्रशंसनीय नै छन् । जेहोस् यो तिजपर्व यस पर्वमा गाइने तिज गीतहरू आजसम्म महत्वपूर्ण छन् र कालान्तरमा पनि महत्वपूर्ण नै रहिरहनेछन भन्ने कुरामा विश्वस्त हुन सकिन्छ ।

प्रस्तुत शोधपत्र तिज गीतमा आधारित भएर तयार पारिएको भएपनि अध्ययनको उद्देश्य, समय, साधन स्रोत आदिको सीमाभित्र रहनु पर्दा तिजपर्व र तिज गीतका बारेमा उठन

सक्ने जिज्ञासाहरू समेट्न सकिएको छैन । यस अर्थमा यो पहिलो प्रयास नै हो । यो तिज गीतको पूर्ण अध्ययन पनि होइन । यहाँ त केवल गोरखा जिल्लाको नगर पालिका क्षेत्रभित्र प्रचलित जनजागृत मूलक गीतहरूलाई मात्र केन्द्रबिन्दु बनाइएको छ । सिङ्गो गोरखा जिल्ला कै तिज गीतहरूको अध्ययन गर्न बाँकी नै छ र यस अध्ययनबाट गोरखा जिल्लाको गोरखा नगर पालिका भित्र पुराना गीतहरू लोप हुदै  गएको पाइयो । महिलाहरूले आफ्ना दु:ख पीर वेदना भन्दा पनि जनजागरण मूलक, चेतना भर्ने किसिमका गीतहरू गाउन थालेकोबाट पहिलाहरूमा पनि चेतनाको विकास हुदै गएको पाइयो । आफ्नो व्यक्तिगत र पारिवारीक भन्दा पनि समाज र राष्ट्रको वारेमा बढी चिन्ता गरेर गाइएका गीतहरू नै बढी प्रचलन रहेका कुरालाई नकार्न सकिन्न । यस अध्ययनले पुराना पुस्ताको दु:ख पीडा सँग सम्वन्धीत गीतहरू भन्दा युवा पुस्तामा देखा परेका जनजागरण मूलक गीतहरू समेटेको छ ।

# सन्दर्भ ग्रन्थ सूची


अधिकारी, सागर प्रसाद, (२०५६), **मनकामना महिमा**, गोरखाः गोरखा प्रिन्टिङ्ग प्रेस ।

आदी, काशीराम र नरेन्द्र आदी (२०३१), **भएका कुरा**, काठमाडौंः साझा प्रकाशन ।

गिरी, जीवेन्द्र देव, (२०५७), **लोकसाहित्यको अवलोकन** काठमाडौंः एकता प्रकाशन ।

गोरखा, जिल्ला विकास समिति, (२०६५), **जिल्ला विकास नवयोजना,** गोरखा : गोरखा जिल्ला विकास समिति ।

गोरखा जिल्ला विकास समिति, (२०६६), **गोरखा जिल्ला पार्श्वचित्र**, गोरखाः सूचना तथा सञ्चार अभिलेख केन्द्र ।

गोरखा नगर पालिका, (२०६६ क), **गोरखा नगर पालिकाको सङक्षिप्त झलक**, गोरखा : गोरखा नगर पालिका ।

गोरखा नगर पालिका, (२०६६), **नगरपालिकाको पार्श्वचित्र तथा गरिबी मापन प्रोफाइल**, गोरखा : गारेखा नगर पालिका ।

गोरखा नगर पालिका (२०६६ ग), **गोरखा नगर पालिकाको घरधुरी सर्वेक्षण**, गोरखा : गोरखा नगर पालिका ।

जोशी, दीपक कुमार, (२०५७), **गोरखा परिचय स्मारिका**, गोरखाः गोरखा समाज केन्द्र ।

थापा, धर्मराज, (२०३०), **गण्डकीको सुसेली,** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

थापा, धर्मराज र सुवेदी हंसपुरे, (२०४१), **नेपाली लोकसाहित्यको विवेचना** काठमाडौं : त्रि.वि. पाठ्यक्रम र विकास केन्द्र ।

पौडेल, कृष्ण विलास, (२०५९), **नेपाली साहित्यको ऐतिहासिक परिचय र नेपाली समालोचना,** काठमाण्डौ : नवीन प्रकाशन ।

बन्धु, चूडामणि, (२०५८), **नेपाली लोक साहित्य,** काठमाण्डौ : एकता बुक्स ।

भट्ट, सहदेव, (२०६६), **हाम्रो संस्कृति तिज स्मारिका,** काठमाडौं : गोरखा पर्यटन महिला विभाग ।

**मनु स्मृति ५** - अध्याय, (२००३), नेपाली भाषा प्रकाशन ।

शर्मा, माधव, बाबु, **वार्षिक व्रत रत्नावली**, वाराणसी ।

शर्मा, मोहनराज र खगेन्द्र प्रसाद लुइटेल, (२०६३), **लोकवार्ताविज्ञान र लोकसाहित्य** काठमाण्डौ : विद्यार्थी पुस्तक भण्डार ।

शाक्य, चित्ररत्न, (२०४७), **गोरखा गौरव गोरखा**, काठमाण्डौ : प्रजातान्त्रिक समाज ।

सिंजाली, हरिकला, (२०६०), **गुल्मी जिल्ला क्षेत्र नं. २ मा प्रचलित तिज गीतहरूको अध्ययन तथा विश्लेषण,** त्रि.वि. नेपाली केन्द्रीय विभागमा प्रस्तुत अप्रकाशित स्नातकोत्तर शोधपत्र ।

# परिशिष्ट खण्ड

## परिशिष्ट (क)

### वर्तमान समयमा तिज पर्वप्रतिको जनधारणा

तिज को इतिहासमा परिश्रमी महिलाहरूको अन्तरकथा ब्यथा लुकेको छ । साथै महिलाहरूको सामाजिक स्थितिको क्रमिक विकासको इतिहास लुकेको छ। पुराना तिज का गीतहरूको सङ्कलन गरी अध्ययन गरेर हेर्ने हो भने महिलाहरू घरपरिवारप्रति कस्तो धारणा राख्दछन् ? उनीहरूप्रति घरपरिवारका सदस्यहरूले कस्तो सोच्छन् ? उनीहरूलाई कुन दर्जाका स्थान दिइएको छ हक र अधिकारको अवस्था कस्तो छ ? सानो उमेरमा विवाह भई बुहार्तन काट्दाका दिनचर्याहरू र लुगा गहनाप्रतिको रूचि, आशा, मोह आदि कुराहरू गीतको माध्यमबाट त्यस बेलाको सामाजिक अवस्था बुझ्न निकै सहयोग पुग्दछ।

पहाडका डाँडा पाखाहरूमा अझै पनि तिज को बेलामा गीतहरू गुन्जेको पाइन्छ । रङ्गी विरङ्गी कपडाहरूमा सिङ्गारिएर चेली बेटीहरूले मानौ डाँडा नै सिङ्गारीए जस्तो देखिन्छ। वर्षदिन जस्तो सुकै अप्ठ्यारो परे पनि एक सरो नयाँ कपडा फेरेको पाइन्छ तिज को दिनमा ।

आजकल बढदो शहरीकरण र उद्योग विकासले मानिसहरू कृषि पेसामा भन्दा अन्य पेशामा ने बढी संलग्न रहेको कारणले धेरै जस्तो सहरतिर नै बसाइ बढेको छ । त्यसैले केही

महिलाहरूले डोको नाम्लो बोक्न उकाली ओराली गर्ने समस्याहरू हटेका छन् भने छोराछोरी बराबरी भन्ने नाराले गर्दा छोरीहरू पनि शिक्षित भई कतिपय सामाजिक अन्याय अत्याचारको भण्डाफोर गर्दछन् । हिजोको पिढीले भोगेको कष्टहरूको तुलनामा आजका पिंढीले नगन्य रूपमा भोग्नु परेको छ । त्यसकारण महिलाहरू आफ्नो व्यत्तिगत दुःख कष्टको बारेमा मात्र केन्द्रित नरही अन्य देश विदेशका बारेमा हेर्ने सोच्ने र समाजलाई फराकिलो गरी हेर्ने दृष्टिकोणमा मानसिकतामा धेरै फरक परेको पाइन्छ । यसले गर्दा तिज को गीतको भावमा पनि धारणामा परिवर्तन ल्याउने खालको वातावरण देखा परेको देखिन्छ ।

हिजोको अवस्थामा तिज पर्व माइतीसँगको भावनात्मक सम्बन्धको साथै आफ्ना पिरमर्का सुन्ने सुनाउने, भेटघाट हुने आदिमै सीमित थियो भने वर्तमान कृषिक्षेत्रमा संलग्न महिलाहरू मात्र तिज मा उत्सुक देखिन्नन् । सरकारी कर्मचारी, शिक्षक र अन्य व्यवसायमा संलग्न महिलाहरूमा ग्रामीण किसान महिलाहरूमा जस्तो उत्सुकता देखिदैन किन भने यिनीहरूलाई एकातिर समयको अभाव हुन्छ भने अर्कोतर्फ ग्रामीण अशिक्षित महिलाहरूले झैं कष्ठ भोग्नु पनि परेको छैन । हुन त तिज पर्वले आफ्नै ठाउँ र चलन अनुसारको महत्व राखेको छ र यसका आफ्नै विशेष धार्मिक महत्व छदै छ आम रूपमा आफ्नो श्रीमान को दिर्घायुको लागि अनि घरपरिवारको सु-स्वास्थको लागि तथा देशको शान्तिको र आफ्नो सौभाग्यको कामना गरी रहने यो तिज  वर्तको महत्व जहा कहीका महिलाहरूको लागि अति महत्वपूर्ण रहेको छ । त्यसैले तिज को वर्त प्रतिको र तिज पर्वप्रतिको महिलाहरूको धारणा कस्तो छ ? र उहाँहरू के भन्नु हुन्छ केही भनाइहरू यसरी  राख्न सकिन्छ ।

गोरखा नगरपालिका वडा नं. ७ वस्ने वर्ष ७५ की जगत कुमारी कुँवरको भनाइमा तिज पर्वमा ब्रत वस्ने चलन “भगवानको पाला देखी चल्दै आएको परम्परा हो । यो वर्तवस्दा हामी महिलाहरूको अटल सौभाग्यको साथै घरपरिवारको सुख शान्तिको कामना यसमा गरिन्छ । तिज पर्वमा छोरी चेली दिदी बहिनी भेटघाट हुने हुँदा यसको धार्मिक मात्र नभई व्यवहारिक जीवनमा पनि अति महत्व रहेको छ । त्यस्तै गरी वडा न ६ वर्ष  २४ की रीता थापाको भनाइमा तिज  महिलाहरूको ठुलो चाड हो ।” आमा हजुर आमाको पाला देखि नै तिज मा ब्रत बस्ने प्रचलनले गर्दा हामी पनि श्रीमान्‌को लागि ब्रत बस्ने गर्दछौ र दिदी बहिनी मिलेर रमाइलो पनि गरिन्छ । त्यस्तै गरी वडा न ८ की ४० वर्षीय सुसिला घिमिरेको अनुसार हिन्दु नारीहरूका लागि तिजको ब्रत एक दम महत्वपूर्ण छ । सत्ययुगमा

पार्वतीले भगवान् शिवजीलाई स्वामीका रूपमा प्राप्त गर्नका लागि विभिन्न ब्रर्तहरू बसिन् तर उनले शिवजीको दर्शन पाउन सकिनन् र उनले भाद्र महिनाको अक्षय तृतीयाका दिन पानी पनि नखाई ब्रत बसेर शिवजीलाई प्राप्त गरिन्  भनिन्छ भने अर्कोतर्फ भगवान् श्रीकृष्णको न्वारानको दिन भएको हुँदा पनि तिज पर्वको बढी महत्व छ । तिजमा बस्न ब्रत पार्वतीले आफ्नो मनोकांक्षा पुरा गरे जस्तै हामीले पनि तिजमा वर्त वस्दा हाम्रो मनोकाक्षा पुरा हुन्छ भन्ने हाम्रो मान्यता छ । त्यस्तै गरी वडा न ८ वर्ष ३४ की पम्फा कुँवरको भनाइमा तिज  पर्वलाई सुधारेर लानु पर्छ तिजमा हुने गहना कपडाको होडबाजीले हाम्रो संस्कृतिमा आँच आउने त होइन भन्ने प्रश्नचिन्ह खडा भएको छ । तिजमा वर्षदिनमा एक पटक निराहार रूपमा ब्रत बस्नु श्रीमानको दीर्घायु र परिवारको सु-स्वास्थको लागि ब्रत बस्नु राम्रो हो । परम्परालाई  बचाइराख्नका लागि हामीले आफ्नो गक्ष अनुसार पर्व मान्नु पर्ने पनि आवश्यकता रहेको छ । अर्की वडा ९ वर्ष २५ की रूपा भट्टको भनाइमा हाम्रो संस्कृति र सस्कारलाई बचाई राख्नको लागि पनि तिजमा श्रीमान्को लागि  ब्रत बस्नु राम्रो हो । तर अघि पछि श्रीमान्सँग झगडा गर्ने सामाजिक मान्यतामा नबस्ने र अरूलाई देखाउनका लागि मात्र ब्रत बस्नु राम्रो होइन । श्रीमान् र श्रीमती आफ्नो घर परिवार बिचमा भावनात्मक सम्बन्ध हुनपर्दछ । यसरी फरक फरक उमेरका महिलाहरूसँग तिज पर्व र तिजको वर्तको वारेमा सोधपुछ गर्दा अत्याधीक मात्रामा ब्रतको पक्षमा मत जान्छ  र तिजमा हिजो आज बढ्दै गएको गहना र कपडाको होडबाझीमा नलागी हाम्रो परम्परालाई बाचाई राख्न गक्ष अनुसार तिज  पर्व मनाउनु पर्ने जन धारणा रहेको छ ।

तिज पर्व एक ऐतिहासिक महत्वको रूपमा रहेको छ । तापनि गाउने नाच्ने प्रचलन सहरतिर केही मात्रामा मात्र छ । हुनत सहरी क्षेत्रमा तिज पर्वमा गाउने नाच्ने र महिनौ अघि देखि दर खाने प्रचलन बढदै नगएको होइन ता पनि मौलिकता भने हराउदै गएको पाइन्छ । तिज पर्वलाई आधुनिक रुपमा मनाउँदै जाने र तिजमा गाइने गीतले पनि आधुनिकतातिर फडको मार्दे जादा ऐतिहासिक महत्व वोकेको तिज पर्व र तिज गीतको ऐतिहासिक, सस्कृतिक, धार्मिक र मौलिकतामा प्रश्नचिन्ह खडा भएको छ । वर्ष दिनको एक पटक माइतीमा गएर दुःख सुख साटेर दिदी बहिनीसँगै वसी मिठो मसिनो दरको रूपमा खाने र आफ्ना मनका बह, दुःख, कष्ट, वेदना, पीडालाई गीतको माध्यमवाट साटासाट गरेर मनाउने पर्व तिज , हिजोआज सहरी इलाकामा महिनौं दिन सम्म दर खाने प्रचलनले पर्वमा नै विकृति छाएको

छ । तिज पर्व मनाउने सन्दर्भमा सम्पन्न परिवार र निम्न परिवारमा आफ्ना-आफ्नै किसिमले मनाउने गरेको पाइन्छ ।

समयको परिवर्तन सँगै पर्वहरूमा परिवर्तन आउनु स्वभाविक नै हो । यसरी परिवर्तन हुँदै जाने हो भने हाम्रो मौलिकतामा आधारित नाच्ने, गाउने तिजको विशेष भाकाहरूलाई बिर्साइदिने त होइन एउटा प्रश्न चिन्ह खडा गराएको छ ।

## परिशिष्ट (ख)

गोरखा नगर पालिकामा प्रचलित तिज गीतहरूको सङ्कलन

प्रस्तुत परिशिष्ट भागमा गोरखा नगर पालिकामा प्रचलित तिज गीत सङ्कलनका क्रममा सोधिएका प्रश्नहरू समेटिएको छ ।

प्रश्नावली

तपाइको परिचय

क) नाम

ख) उमेर

ग) पेशा

घ) शिक्षा

ङ) टोल

च) वडा

प्रश्नहरू

क) तिज पर्व र तिज गीत प्रति तपाईको धारण कस्तो छ ?

ख) हाम्रो हजुर आमाहरूको पालामा गाइने, तिज गीत र हिजो आज गाइने तिज गीतमा के भिन्नता पाउनुहुन्छ ?

ग) तिज पर्व कहिलेवाट र किन मान्ने प्रचलन चल्यो ?

घ) साँस्कृतिक र धार्मिक महत्व बोकेको तिज पर्वले हिन्दु महिलाहरूमा कस्तो प्रेरण थपेको पाइन्छ ?

ङ) तिज पर्वमा गाइने तिज गीतले समाजलाई कस्तो सन्देश दिन थालेको छ ?

च) तपाईलाई तिज गीत गाउन मन लाग्छ ? कस्तो गीत गाउनु हुन्छ ?


छ) हिजोआज महिनौं सम्म तिज पर्व मनाउने प्रचलनले हाम्रो संस्कृतिको रक्षा गर्न सक्ला वा विकृति फैलाउला ?

ज) तिजमा तपाई व्रत किन वस्नुहुन्छ ?

## परिशिष्ट (ख)

**तिज पर्वको झलक**











## परिशिष्ट (ग)

गोरखा नगर पालिकामा प्रचलित जनजागरण मूलक तिज गीत अध्ययन शोध पत्र तयार पार्नको लागि निम्नानुसार व्यक्ति र समुहहरूको सहयोगबाट तिज गीतहरू सङ्कलन गरिएको छ ।

| क्र.सं. | गीतको शीर्षक | व्यक्ति वा समुहको नाम | ठेगना |
|---|---|---|---|
| १. | पीर बेदना बोकेको गीत | २०६६ तिज प्रतियोगिता | गो.न.पा. ७ |
| २. | गरिब र धनी बिचको असमनताको गीत | २०६६ तिज प्रतियोगिता | गो.न.पा. ७ |
| ३. | घर व्यवहार र माइती प्रति गरिएका गुनासा र बेदनाका गीत | २०६८ तिज प्रतियोगिता | गो.न.पा. ५ |
| ४. | नारी बेदना सम्बन्धी गाइएका गीत | २०६८ तिज प्रतियोगिता | गो.न.पा. ६ |
| ५. | बाल अधिकार सम्बन्धी गीत | सरस्वती बाल समूह | गो.न.पा. ६ |

| | | | |
|---|---|---|---|
| ६. | देशको अबस्था प्रति चिन्ता गरेर गाइएका गीत | २०६८ तिज प्रतियोगिता | गो.न.पा. ४ |
| ७. | वाताबरण सम्बन्धी गीत | २०६८ तिज प्रतियोगिता | गो.न.पा. ४ |
| ८. | कृषि पेसामा महत्व दिएर गाइएको गीत | गोमा ढकाल | गो.न.पा. ४ |
| ९. | तरकारी बाली सम्बन्धी गीत | सर्मिला बस्नेत | गो.न.पा. ५ |
| १०. | संस्कार संस्कृति सम्बन्धी गीत | २०६८ तिज गीत प्रतियोगिता | गो.न.पा. ३ |
| ११. | जन चेतना सम्बन्धी गीत | मनिसा श्रेष्ठ | गो.न.पा. १ |
| १२. | समसामयिक परिस्थितीसँग सम्बन्धीत गीत | जनजागृती महिला समुह | गो.न.पा.२ |
| १३. | महिला हक सम्बन्धी गीत | गृहलक्ष्मी महिला समुह | गो.न.पा. ९ |
| १४. | राष्ट्रिय तथा देश भक्तिका गीत | बीनिता श्रेष्ठ र रञ्जना दवाडी महिला बिकास समुह | गो.न.पा. ३ |
| १५. | राष्ट्रिय तथा राष्ट्र प्रेमका गीत | तिज गीत प्रतियोगिता २०६८, | गो.न.पा. २ |
| १६. | शान्ति र संबिधान सम्बन्धी गीत | राम माँया श्रेष्ठ | गो.न.पा. ४ |
| १७. | मातृ भूमिको मायाँका गाइएको गीत | पम्फा कुँवर | गो.न.पा. ८ |
| १८. | बिद्यार्थी अनुसासन सम्बन्धी गीत | द्रब्य शाह ब.क्याम्पस तिज गीत प्रतियोगिता बिद्यार्थीबाट | गो.न.पा. ८ |
| १९. | समाजमा भएका बिसङ्गति र समसामयिक परिस्थिती सम्बन्धी गीत | करिश्मा के.सी | गो.न.पा. ५ |
| २०. | राजनीति प्रति व्यङ्ग्य गरिएका गीत | तिजगीत प्रतियोगिता २०६८ | गो.न.पा. १० |
| २१. | देशको अवस्थाप्रति चिन्ता गरेर गाइएको गीत | सुनीता ढकाल | गो.न.पा. ८ |

| | | | |
|---|---|---|---|
| २२. | कलिलो उमेरमा बिबाह गरिदिदाको पीडा व्यक्त गरिएको गीत | सानुमैयाँ थापा | गो.न.पा. ८ |

# अध्ययन क्षेत्रको नक्सा

